काठमाडौं, नेपालगञ्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक

दैनिक

**आर्थिक**

फेवातालको ६५ मिटर मापदण्डबाहिरका जग्गा फुकुवा गर्ने तयारीमा सरकार जुटेको छ।

**समाचार**

देशभरिका एक हजार नौ सय ६१ परीक्षा केन्द्रमा एसइई उत्तरपुस्तिका परीक्षण सुरु भएको छ।



**बसिरको अलराउन्ड प्रदर्शनमा आर्मीलाई चौथो सफलता**

बसिर अहमदको अलराउन्ड प्रदर्शनमा त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा चौथो जित निकालेको छ।

वर्ष १७, अंक ३३४, पृष्ठ ८, शुक्रबार २० चैत २०८२, वैशाख कृष्णपक्ष प्रतिपदा, Friday, 3 April, 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

# निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापन दिन रोक

## अंकुश लगाउने निर्णय फिर्ता नभए प्रतिवादमा उत्रिने

**नागरिक संवाददाता**

*काठमाडौं, चैत १९*

निजी क्षेत्रबाट सञ्चालित सञ्चार माध्यमलाई धराशयी बनाउने सरकारी निर्णयप्रति सरोकारवाला पक्षले आपत्ति जनाएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले बुधबार मातहतका निकायलाई सरकारी सूचना/विज्ञापन सरकारी सञ्चार माध्यमबाट मात्र प्रकाशन र प्रसारण गर्न पत्राचार गरेपछि सरोकारवाला पक्षले आपत्ति जनाएका हुन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबै सरकारी निकाय, सचिवालय, आयोग तथा प्रदेश र स्थानीय तहलाई यस्तो निर्देशन दिएको छ। सरकारको यो निर्णयबाट विज्ञापन एजेन्सी तथा निजी सञ्चार माध्यम चिन्तित भएका छन् ।

प्रधानमन्त्री कार्यालयको तीन बुँदे परिपत्रमा सार्वजनिक खरिदलगायत सरकारी कोष प्रयोग हुने सार्वजनिक सूचना गोरखापत्र, नेपाल टेलिभिजन, रेडियो नेपाल जस्ता सरकारी स्वामित्वका सञ्चार माध्यमबाट मात्रै प्रकाशन तथा प्रसारण गर्न भनिएको छ । ती सामग्रीको भुक्तानी सिधै सम्बन्धित संस्थाको कोषमा जानुपर्ने र भुक्तानी गर्दा करको दर छुट आधिकारिक रूपमा स्वीकृत गरेको हुनुपर्ने पनि परिपपत्रमा उल्लेख छ। यो परिपत्रले निजी सञ्चार माध्यमहरूलाई धराशयी पार्ने चिन्ता सरोकारवालाले व्यक्त गरेका छन् । साथै यसले संघीयता कार्यान्वयनमा सरकारले हस्तक्षेप गर्न खोजेको देखिएको पनि उनीहरूले बताएका छन् ।

प्रधानमन्त्री कार्यालयको यो निर्णयअनुसार सरकारी निकायले विज्ञापन प्रसारण र प्रकाशनका लागि निजी सञ्चार माध्यम प्रयोग गर्न पाउने छैनन् र विज्ञापनको भुक्तानी पनि सिधै सरकारी सञ्चारगृहलाई गर्नुपर्नेछ ।



> सरकारको यो निर्णयबाट निजी सञ्चार माध्यम बन्द भई श्रमजीवी पत्रकारको रोजीरोटी खोसिने स्थिति एकातिर सिर्जना भएको छ भने अर्कोतिर प्रेस सेन्सरसिपको अवस्था सिर्जना भई आवाजविहीनको आवाज स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असर पर्ने महासंघको ठहर छ।
>
> **रामप्रसाद दाहाल**
> *महासचिव*
> *नेपाल पत्रकार महासंघ*

विज्ञापन एजेन्सीहरूले सरकारको यो कदमले लक्षित वर्गसम्म प्रभावकारी सन्देश पुग्न कठिन हुने, सिर्जनात्मक विज्ञापन प्रणालीमा असर पर्ने र निजी क्षेत्रका सञ्चार उद्योगमा अंकुश लगाउने भन्दै निर्णय सच्याउन माग गरेका छन् ।

नेपाल विज्ञापन संघका अध्यक्ष सुदीप थापाले सबै सरकारी निकायबाट प्रकाशन र प्रसारण गरिने विज्ञापनहरू सार्वजनिक खरिदको जस्तो नियमनकारी मात्र र समान प्रकृतिको नहुने बताएका छन् । उनले विज्ञप्तिमार्फत निर्णय सच्याउन आग्रह गर्दै विज्ञापन एजेन्सीहरूले विज्ञापनको लक्ष्य र विज्ञापनदाताको उद्देश्यबमोजिम लक्षित वर्गमा पहुँच र प्रभावबमोजिम उचित सञ्चार माध्यमको पहिचान र सिर्जनात्मक उत्पादन गरी प्रकाशन र प्रसारणको व्यवस्था गर्न पाउनुपर्ने बताएका छन् ।



> नेपालमा सरकारी सञ्चार गृह मात्र भएका बेलादेखि नै नेपाल विज्ञापन संघले सरकारी निकायहरूलाई विज्ञापन गर्न सहजीकरण गर्ने र विज्ञापन उपलब्ध गराउनेलगायत यो पेसा तथा व्यवसायलाई व्यवस्थित गर्दै आएकातर्फ ध्यानाकर्षण गराउँदै सरकारको यो कदम परिमार्जन हुने अपेक्षा गर्छौं।
>
> **सुदीप थापा**
> *अध्यक्ष*
> *नेपाल विज्ञापन संघ*

विज्ञापनदाता संस्था वा निकायको स्वामित्वका आधारमा मात्र कारोबार गर्ने माध्यम र व्यवस्था गर्ने हो भने सरकारबाट जारी विज्ञापन नियमावलीमा भएको व्यवस्थाको पनि बर्खिलाप हुन जाने विज्ञप्तिमा उल्लेख छ।

'विद्यमान व्यवस्थाअनुसार कुनै पनि विज्ञापनदाताले विज्ञापन गर्दा विज्ञापन एजेन्सीमार्फत नै गर्नुपर्ने र सरकारले पनि विकास निर्माणलगायत अन्य क्षेत्रमा जस्तै निजी क्षेत्रद्वारा सञ्चालित सेवाप्रदायकहरूको दक्षतामा आधारित सेवा लिने व्यवस्थाअनुरूप विज्ञापन एजेन्सीको सेवा अब सरकारी निकायहरूले लिन नपाउने भएका छन् । तसर्थ नेपालमा सरकारी सञ्चारगृह मात्र भएको बेलादेखि नै सरकारी निकायहरूलाई विज्ञापन गर्न सहजीकरण गर्ने र सरकारी सञ्चारगृहलाई विज्ञापन उपलब्ध गराउनेलगायत यस पेसा तथा व्यवसायलाई नियमन तथा नीतिगत तहमा व्यवस्थित गर्दै आएको नेपाल विज्ञापन संघ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ध्यानाकर्षण गराउँदै यो कदमको परिमार्जन हुने अपेक्षा गर्छ।'

सरोकारवालाहरूले संघीय प्रणाली र सञ्चार क्षेत्रप्रति सरकारको दृष्टिकोणलाई लिएर सामाजिक सञ्जालमा समेत प्रश्न उठाएका छन् ।

नेपालमा अहिले तीन तहको सरकारमार्फत संघीयताको अभ्यास भइरहेका बेला संघीय सरकारले मातहतका सरकारलाई समेत निर्देशन दिएपछि संघीयताको अभ्यासमा समेत सरकार बाधक बन्न खोजेको सरोकारवालाको टिप्पणी छ। संविधानको धारा २३२ (१) मा 'संघ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने' भन्ने छ। संविधानको अनुसूची ६ देखि ९ सम्म संघ, प्रदेश र स्थानीय सरकारको एकल र संयुक्त अधिकारको विषयमा उल्लेख गरिएको छ।

अहिलेसम्म सरकारी विज्ञापन सार्वजनिक खरिद ऐनको प्रक्रिया अपनाई निजीस्तरका सञ्चार संस्थामार्फत पनि प्रकाशन तथा प्रसारण गर्न पाउने अभ्यास रहँदै आएको छ । विज्ञापन (नियमन) गर्ने ऐन २०७६ ले पनि विज्ञापन बोर्डमार्फत विज्ञापन गर्नुपर्ने तर जुनसुकै सञ्चार माध्यमलाई पनि सूचना प्रकाशन/प्रसारण गर्न दिन पाउने व्यवस्था गरेको छ। कानुनमा निजी सञ्चार माध्यमले पनि सरकारी सूचना प्रकाशन प्रसारण गर्न पाउने व्यवस्था गरिएको छ र संविधानको अनुसूचीमा पनि स्पष्ट क्षेत्राधिकार उल्लेख गरेर स्वायत्त रूपमा कार्य सञ्चालन गर्न पाउने व्यवस्था छ।

*बाँकी पृष्ठ २*

# लयमा फर्कियो संसद् अधिवेशन सुरु

**उपेन्द्र लामिछाने**

*काठमाडौं, चैत १९*



प्रतिनिधिसभा बैठकमा सहभागी सांसद। *तस्बिर : रासस*

जेनजी आन्दोलनपछि संविधानलाई लयमा ल्याउने संसद्को पहिलो अधिवेशन सुरु भएको छ । फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनपछि संसद्को पहिलो अधिवेशन बिहीबार सुरु भएको हो।

जेनजी आन्दोलनले प्रतिनिधिसभा विघटन हुँदा संविधानमाथि ठुलो प्रश्न उठेको थियो । राष्ट्रपति रामचन्द्र पौडेलले 'बडो जुक्तिले प्राप्त उक्त अवसर'लाई सदुपयोग गर्दै घोषणा गरिएको फागुन २१ गते हुने चुनावमा भाग लिन अपिल गरेका थिए। 'संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम छ,' उनले त्यतिबेला भनेका थिए। संसद् बैठक यही संविधान बचेको उपलब्धि हो । संसद्को पहिलो बैठकसँगै संवैधानिक संक्रमणकाल टुंगिएको छ।

बैठकमा राष्ट्रिय मान्यता प्राप्त दलहरूले आफ्ना धारणाहरू राखे । एक सय ८२ सिटका साथ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसद्को सबैभन्दा ठुलो दलका रूपमा छ भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सबैभन्दा सानो दल बनेको छ। संसद् बैठक सुरु भएपछि संवैधानिक रिक्तता पूरा हुने, जनताका माग लिएर सडक संघर्ष गरिरहेका आन्दोलनकारीको माग पनि पूरा हुने अपेक्षा छ। कानुन निर्माणमा गति द्रुत हुने अपेक्षा यही संसद्सँग छ। बैठकमा दलका शीर्ष नेताले पनि यस्तै धारणा राखे।

**'कसैमाथि प्रतिशोध राख्दैनौं'**



अधिवेशनमा रास्वपा सभापति रवि लामिछानेले आफूहरू सिंहदरबार चलाउन नभई बदल्न आएको बताए। संसद्को पहिलो बैठकलाई सम्बोधन गर्दै उनले वर्तमान सरकारलाई प्राप्त झन्डै दुई तिहाइको मतादेशको ऋण काम गरेरै तिर्ने दाबी गरे । उनले आफूहरूभन्दा पनि आफूहरूले गरेका काम बोल्ने र त्यसको सुरुआत भइसकेको उनले सुनाए।

प्राप्त जनमत खेर जान नदिने अठोट व्यक्त गर्दै उनले भने, 'जनताले हामीलाई दिएको विशाल बहुमत छ, यो पनि फेरि गुमेको अवसर भनेर लेखियो भने हामी कलंकित हुनेछौं । हामीलाई त्यो मन्जुर छैन ।' आफूहरूलाई समस्या देखाउन मात्र नभई समाधान पनि गर्न आउने उनले बताए । उनले जनताले रास्वपालाई दिएको मतादेशको जिम्मेवारी पूरा गरेर देखाउने प्रतिबद्धता जनाए । लामिछानेले अब काम गर्ने बेला भएको र कामबाट पछि हट्ने छुट नरहेको बताए। उनले एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस नेता रमेश लेखकको पक्राउप्रति संकेत गर्दै सहिदकी आमाले न्याय पाउने पहिलो हक भएको बताए। 'सहिदकी आमाले न्याय पाउने पहिलो हक हो, विषय अदालतमा प्रवेश गरेको छ, यसलाई प्रतिशोध भन्न मिल्दैन,' सभापति लामिछानेले भने।

**'अब फेरि रगत बगाउनु नपरोस्'**



नेपाली कांग्रेसका सांसद भीष्मराज आङ्देम्बेले बोल्दै राष्ट्रिय एकता र लोकतन्त्रप्रतिको प्रतिबद्धता व्यक्त गरेका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै उनले दल भिन्न भए पनि देश एउटै भएकाले कसैले रगत बगाउन नपरोस् भन्ने संकल्प गर्नुपर्नेमा जोड दिए । 'डुबे सबै डुब्छौं, उठे सबै उठ्छौं र सँगै उठ्छौं । दल भिन्न होला तर देश एउटै हो । संकल्प गरौं अब कसैले रगत बगाउन नपरोस्,' उनले भने, 'फागुन २१ को निर्वाचनमा उत्साहका साथ सहभागी भएर समस्त नेपालीले लोकतन्त्रप्रति बलियो निष्ठा प्रकट गरेको छन् ।' आङ्देम्बेले कांग्रेसको इतिहास र नेतृत्व क्षमतामा गर्व व्यक्त गर्दै भने, 'कुनै बेला कांग्रेसले अपनाएको बाटोमा विपक्षमा उभिएर अब दलहरूबाट देश चल्दैन भन्ने मित्रहरू पनि ठुलो दल बनेर संसद्मा हुनुहुन्छ। कांग्रेस निर्वाचनबाट दोस्रो दल बने पनि पार्टीले बोकेको सिद्धान्त, विचार र बाटो अझ सबल र सफल बनेको छ।'

आङ्देम्बेले जेनजी आन्दोलन छानबिन आयोगको प्रतिवेदनप्रति लक्षित गर्दै प्रश्नसमेत गरे। 'आज हामी जहाँ यो बैठक बसिरहेका छौं, यो हाम्रो संसद् भवन होइन। हाम्रो संसद् भवन भदौ २४ गते खरानी भयो। यो बेला त्यो खरानीलाई सम्झौं अनि संकल्प गरौं र यसरी काम गरौं ताकि भविष्यमा यो देशलाई खरानी बनाउन कोही अघि नसरुन्। किन खरानी भयो संसद् भवन ? किन जल्यो सिंहदरबार ?' उनले भने, 'म सभामुख महोदयमार्फत सरकारलाई ध्यानाकर्षण गराउन चाहन्छु- भदौ २३ र २४ गतेका घटनालाई एकएक केलाउन जरुरी छ।' उनले कसैले भदौ २३ गतेको घटना देख्ने २४ को नदेख्ने अनि कसैले २४ को ध्वंस देख्ने, २३ को दमन नदेख्ने भन्दै प्रश्नसमेत गरे।

**'हिंसाको छानबिन होस्'**



नेकपा एमाले संसदीय दलका नेता रामबहादुर थापाले जेनजी आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्तिको क्षति, भौतिक संरचना तोडफोड एवं आगलागीका घटनाको निष्पक्ष छानबिनको माग गरेका छन् । उनले आन्दोलनका क्रममा भएका हिंसात्मक गतिविधि सुनियोजित रूपमा भएको आरोपसमेत लगाए। एमालेका उपाध्यक्ष थापाले निर्वाचनबाट ठुलो दलसहित विजय हासिल गरेकोमा रास्वपालाई बधाई पनि दिए। निर्वाचनले आफूहरूलाई सानो दलका रूपमा स्थान दिए पनि चुनौतीको सामना गरेर अघि बढ्ने उनले बताए।

उनले पूर्वप्रधानमन्त्री केपी ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गरेकाप्रति आपत्ति जनाए । 'बाह्य दृष्टिले कसले निर्णायक भूमिका गरे ? असंख्य तथ्यहरूले के स्पष्ट गर्छन् भने अदृश्य शक्तिहरू टिओबी, एआई, अल्गोरिदम जसले राष्ट्रियता लोकतन्त्र, गणतन्त्र, संघीयता, शान्ति र समृद्धिका नायकहरूलाई खुंकार खलनायक र हत्याराका रूपमा स्थापित गरे,' उनले भने, 'जसले देश जलाउने, आफ्नो राष्ट्रिय पहिचान मेटाउने खलपात्रहरूलाई महानायक बनाए।'

### सभामुखमा डिपी प्रस्ताव



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्रतिनिधिसभाको सभामुखमा पार्टी उपसभापति एवं सांसद डिपी अर्याललाई प्रस्ताव गरेको छ । रास्वपा संसदीय दलको बिहीबार बसेको बैठकले अर्याललाई सभामुखको उम्मेदवार बनाउन पार्टी सभापति रवि लामिछानेले राखेको प्रस्ताव सर्वसम्मत रूपमा पारित गरेको हो । प्रतिनिधिसभामा रास्वपाको दुई तिहाइनजिक बहुमत भएकाले अर्याल सभामुख बन्नेछन् ।

सभामुख आइतबार चयन गर्ने कार्यसूची छ। प्रतिनिधिसभाको बिहीबार बसेको बैठकले आइतबारका लागि सभामुख चयनको समय निर्धारण गरेको हो । सभाको अध्यक्षता गरिरहेका ज्येष्ठ सदस्य अर्जुननरसिंह केसीले सभामुख निर्वाचन कार्यतालिका तय गर्न संघीय संसद्का सचिव पद्मप्रसाद पाण्डेयलाई आग्रह गरेबमोजिम उनले कार्यतालिका सार्वजनिक गरेका छन् ।

उनले भदौ २३ र २४ गतेको घटनालाई लिएर प्रश्नैप्रश्न उठाए । उनले प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको यो अभूतपूर्व जितमा आन्तरिक रूपमा क-कसको निर्णायक भूमिका रह्यो भन्दै प्रश्न गरे। उनले भने, 'तथ्यहरूले के स्पष्ट गर्छन् भने मुख्यतः नेपाली सेना, ब्युरोक्रेसी, सुशीला सरकार, कार्की आयोग आदि संस्था तथा पात्रहरूको यो विजयमा निर्णायक भूमिका रह्यो। त्यसैले ती संस्था तथा पात्रहरूलाई पनि म नेकपा एमालेका तर्फबाट धेरै धेरै बधाई भन्न चाहन्छु। यो जादुमय विजयका लागि ।' उनले रास्वपाको विजयमा नेपाली सेनादेखि बाह्य अदृश्य शक्तिहरूसम्मको निर्णायक भूमिका रहेको दाबी गरे । उनले नेपाली सेना, कर्मचारीतन्त्र, सुशीला सरकार, कार्की आयोग र बारबरा फाउन्डेसनजस्ता गैरसरकारी संस्थाले यसमा निर्णायक भूमिका खेलेको दाबी गरे। टिओबी, एआई, अल्गोरिदम र गोयबल्स शैलीको प्रयोग गरी भाष्य निर्माण गरिएको उनको भनाइ थियो।

**'प्रतिपक्षको भूमिका निर्वाह गर्छौं'**



नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का तर्फबाट वर्षमान पुनले आफ्नो पार्टीले सदनमा आलोचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने बताए। पहिलो अधिवेशनमा बिहीबार दलीय आधारमा मन्तव्य राख्दै उनले देश र जनताको पक्षमा पार्टीले सरकारलाई रचनात्मक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । 'राष्ट्रनिर्माण, सामाजिक न्याय, रूपान्तरणलगायत जनहित र सकारात्मक विषयमा सरकारलाई सहयोग गर्न तयार छौं,' सांसद पुनले भने, 'गणतन्त्र, लोकतन्त्र, संघीयता र समावेशीतालगायत राजनीतिक उपलब्धिलाई अझ उन्नत बनाउँदै लैजानेमा सहकार्य र समन्वय गर्नेछौं।'

उनले आफ्नो पार्टी लोकतान्त्रिक आचरण, व्यवहार र पद्धतिमा विश्वास राख्ने उल्लेख गर्दै नवयुवा पुस्ताले उठाएका विषयलाई सम्बोधन गर्नेतर्फ सरकारको ध्यान जानुपर्नेमा जोड दिए । तत्कालीन नेकपा (माओवादी) ले २०६४ र नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले २०७४ सालमा प्राप्त गरेको जनमत अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले प्राप्त गरेको उल्लेख गर्दै उनले माओवादी र नेकपाको कमीकमजोरीबाट पाठ सिकेर आगामी यात्रा तय गर्न सुझाव दिए।

**एमसिसी खारेज गर्न माग**



श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साङपाङले उपत्यकाबाहिर पनि नेपाल छ भन्ने हेक्का सरकारलाई हुनुपर्ने बताए । प्रतिनिधिसभाको बिहीबारको बैठकमा साङपाङले सरकारले निर्णय गर्नुअघि अध्ययन गरेर सोचविचारका साथ अघि बढ्नुपर्नेमा जोड दिए। निर्णय गरेर पछि हट्नुको साटो विचार पुऱ्याएर सरकारले गर्नुपर्ने सुझाव उनले सरकारलाई दिए।

ब्रिज कोर्ससहितका विषयमा शिक्षा मन्त्रालयले लिएको निर्णय, वृद्धभत्ताको वितरणमा उमेरका विषयमा चलेका विषयमा पनि सोच विचार गरेर मात्र निर्णय लिनुपर्ने उनको भनाइ थियो। सांसद साम्पाङले अमेरिकी सहायता परियोजना (एमसिसी) खारेज गर्न माग गरे। 'म यहाँ मनको कथा राख्न चाहन्नँ । हामी के गरिरहेका छौं र भोलि के गर्नुपर्छ भन्नेबारे जनताका मागहरू भन्न चाहन्छु,' उनले भने, 'देशको स्वाधीनता र असंलग्न परराष्ट्र नीतिलाई बचाइराख्न सैन्य रणनीतिको उद्देश्यका साथ सुरु गरिएको असमान राष्ट्रघाती व्यापारिक सन्धि एमसिसी खारेज गर्नुपर्छ।'

**'प्रदेश खारेज गर्न समर्थन गर्छौं'**



राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले प्रदेश संरचना खारेज गर्न सरकारलाई आफ्नो दलले साथ दिने बताएका छन्।

*बाँकी पृष्ठ २*

# फेरि बढ्यो इन्धनको मूल्य पेट्रोल लिटरको २०२ रुपैयाँ

काठमाडौं, चैत १९ (नागरिक)- नेपाल आयल निगमले फेरि पेट्रोलियम पदार्थको मूल्य बढाएको छ।

पछिल्लो पटक मूल्य वृद्धि गरेको एक सातामै निगमले बिहीबार मध्यरातदेखि लागु हुने गरी डिजेल, मट्टीतेल र पेट्रोलको मूल्यमा प्रतिलिटर १५ रुपैयाँले वृद्धि गरेको हो। निगमले यसअघि चैत ११ गते पेट्रोलियम पदार्थको मूल्य बढाएको थियो।

निगमले पेट्रोलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १९९ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा २०१ रुपैयाँ र तेस्रो वर्गमा २०२ रुपैयाँ तोकेको छ । त्यस्तै डिजेल/मट्टीतेलको मूल्य पहिलो वर्गमा प्रतिलिटर १७९ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १८१ रुपैयाँ र तेस्रो वर्गमा १८२ रुपैयाँ तोकेको छ। मूल्य समायोजनसँगै काठमाडौं, पोखरा र दिपायलमा पेट्रोल प्रतिलिटरको २०२ रुपैयाँ पर्ने भएको छ।

*बाँकी पृष्ठ २*

पढ्नुहोस्
nagariknews.com
www.nagariknews.com


# शक्तिको आडमा व्यापार बढाएका व्यापारी भट्टको सम्पत्ति छानबिनमा

**टपेन्द्र कार्की**

*काठमाडौं, चैत १९*

चर्चित व्यापारी दीपक भट्टविरुद्ध अनुसन्धान सुरु भएको छ । सम्पत्ति शुद्धीकरणको मुद्दामा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) र सम्पत्ति शुद्धीकरण विभागबाट उनीमाथि संयुक्त रूपमा अनुसन्धान सुरु भएको हो । सिआइबीले बिहीबार पक्राउ गरेलगत्तै उनलाई विभागमा बुझाएको थियो । सिआइबीका प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठले विभागलाई अनुसन्धानमा सहयोग गरिरहेको बताए। 'सम्पत्ति शुद्धीकरण विभागलाई सिआइबीले अनुसन्धानमा सहयोग गरिरहेको छ,' उनले भने। लामो समय सत्तानजिक रहेको र त्यसको दुरुपयोग गरी अकुत सम्पत्ति आर्जन गरेको आरोप उनीमाथि छ।

व्यापारी भट्टमाथि निरन्तर रूपमा सरकार, संसदीय समिति, विपक्षी दलका नेताहरू र राजनीतिक दलका नेता-कार्यकर्तालाई प्रभावित पार्दै आएको आरोप छ। उनले राज्यका विभिन्न निकायमा आफ्नो पहुँच प्रयोग गरेर नीतिगत निर्णय गराउन सफल भएको र त्यसबापत अवैध आर्थिक उपलब्धि हासिल गरेको दाबी गरिएको छ। धेरै पटक विवादमा आए पनि सत्तानजिक भएकै कारण उनी अनुसन्धान वा छानबिनको दायरामा आउन सकेको थिएनन्।



> व्यापारी दीपक भट्टमाथि विगतमा सरकार, संसदीय समिति, राजनीतिक दलका नेतालाई प्रभावित पारी राज्यका निकायमा पहुँच बढाएर अवैध रूपमा सम्पत्ति आर्जन गरेका आरोप छ।

व्यापारी भट्टको सम्पत्ति छानबिन र भ्रष्टाचारको अनुसन्धानका लागि २०७९ असार २४ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । त्यो उजुरीबारे अख्तियारले अझै अनुसन्धान गरिरहेको छ । उनीसँग जोडिएका धेरै विषय भएकाले अख्तियारले उनीविरुद्धको उजुरीमा अनुसन्धान जारी राखिरहेको हो । २०७९ जेठ तेस्रो साता नयाँ पुनर्बिमा कम्पनी हिमालयन रि-इन्स्योरेन्सले लाइसेन्स पाएपछि उनीविरुद्ध उजुरी परेको थियो । हिमालयन रि-इन्स्योरेन्सको संस्थापक सेयरधनीहरूमा ४४ वटा निजी फर्म तथा कम्पनीसहित एक सय ६ जनाको लगानी छ।

२०७९ सालको असारमै अर्थ मन्त्रालयले नेपाल प्रहरीको हतियार खरिद गर्न ८४ करोड रुपैयाँ रकमान्तर गरेको थियो । हतियार खरिदका लागि उनले नै लबिइङ गरेको स्रोतको दाबी छ। इटालीको बेरेटा कम्पनीले उत्पादन गर्ने एक हजार एक सय ५० थान फोल्डिङ सर्ट गन, एक हजार दुई सय थान पेस्तोल, १० लाख प्लास्टिकका गोली र २५ हजार थान सेल (अश्रुग्यास) खरिदका लागि अर्थमन्त्री शर्माले ८४ करोड बजेट रकमान्तर गरेका थिए। यो समाचार पहिलो पटक *नागरिक* दैनिकमा प्रकाशित भएको थियो । त्यसपछि अन्य सञ्चारमाध्यमहरूमा पनि निरन्तर समाचार आएपछि हतियार खरिद कार्य रोकिएको थियो।

त्यसअघि नेपाल प्रहरीको हतियार खरिदमा उनी संलग्न थिए। २०७१ सालमा प्रहरी मुख्यालय नक्सालमा तत्कालीन एआइजी राजेन्द्रसिंह भण्डारी अन्वेषण योजना प्रमुख हुँदा एक अर्ब ५० करोडको हतियार खरिदको डिल गरेको अडियो रिपोर्ट बाहिर आएको थियो।

*बाँकी पृष्ठ २*

# शक्तिको आडमा व्यापार बढाएका व्यापारी भट्टको सम्पत्ति छानबिनमा

पृष्ठ १ बाट

त्यसबेला सरकारको नेतृत्व नेपाली कांग्रेसका तत्कालीन सभापति सुशील कोइरालाले गरेका थिए भने नेकपा एमालेका उपाध्यक्ष वामदेव गौतम गृहमन्त्री थिए । नेपाल प्रहरीका लागि हतियार खरिद गर्न भन्दै आर्थिक वर्षको अन्तिममा एक अर्ब ५० करोड रुपैयाँ विनियोजन भएको थियो । त्यसबेला पनि इटालीको बेरेटा कम्पनीबाटै नेपाल प्रहरीका लागि हतियार व्यवस्था गरिएको थियो । त्यसयता उनी सरकारी र व्यापारिक वृत्तमा निरन्तर चर्चामा छन् ।

उनका बारेमा अध्ययन गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, सिआइबी, नेपाल राष्ट्र बैंक, आन्तरिक राजस्व विभाग र राजस्व अनुसन्धानका प्रतिनिधि सम्मिलित संयुक्त टोली बनाइएको थियो । राज्यशक्तिको प्रभावबाट यी सबै स्थानमा भइरहेका अनुसन्धानलाई निस्तेज पारिएको दाबी छ । यसअघि छानबिनमा बढी भूमिका निर्वाह गर्नुपर्ने सिआइबी र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग प्रभावकारी हुन नसक्दा अनुसन्धान छायामा परेको बताइएको छ । यसअघिको सरकारले गत मंसिरमै अर्थमन्त्री रामेश्वर खनाल र गृहमन्त्री ओमप्रकाश अर्यालले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, राजस्व अनुसन्धान विभाग, सिआइबी र नेपाल राष्ट्र बैंकका प्रतिनिधिलाई अर्थ मन्त्रालयमा नै बोलाएर भट्टको सम्पत्ति छानबिन गर्न निर्देशन दिएका थिए । पछिल्लो समयमा सिआइबी र राष्ट्रबैंकका प्रतिनिधिसहितको संयुक्त टोलीबाट भट्टविरुद्ध अनुसन्धान भइरहेको थियो ।

भट्ट २०६३ सालमा साउथर्नका नेपाली प्रतिनिधि (एजेन्ट) बनेपछि उनको व्यापारिक साम्राज्य सुरु भएको थियो । उनले सरकारी निकायसँगको सम्बन्ध पनि यसैबेलाबाट स्थापित गर्दै लगेका हुन् । भट्टले प्रहरी र सेनाको ठेक्का गरे । नेपाल प्रहरीले भिड नियन्त्रण गर्न प्रयोग गरिरहेको सामग्री पनि उनले नै ठेक्का लिएका थिए । सेनाको हेलिकोप्टर खरिदमा पनि भट्ट संलग्न थिए ।

चीनको गेजुवा कम्पनीलाई १२ सय मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत् परियोजना निर्माणको ठेक्का दिने निर्णय गरेपछि सो कम्पनीलाई यो ठेक्का दिलाउने भूमिकामा पनि उनी नै रहेका थिए । ६० मेगावाट क्षमताको माथिल्लो त्रिशूली ३ 'ए'को क्षमता एवं लागत बढाउन पनि भट्टले ठुलै चलखेल गरेका थिए। भट्टले चिनियाँ कम्पनीका अलावा भारतीय कम्पनीहरू आइकोम टेल, जागुअरलाई पनि नेपालमा ल्याएका थिए । गेजुवासँग उनले बुढीगण्डकीबाहेक २०७५ जेठ १५ मा ४४० मेगावाटको भेरी-१ र २०७४ पुस २४ मा २५६ मेगावाटको भेरी-२ आयोजनाको लाइसेन्स हात पारेका छन् ।

भट्टकै कारण ४२.५ मेगावाटको सान्जेन जलविद्युत् आयोजनामा खरिद सम्झौता विवादमा परेको थियो। त्यही विवादका कारण चिनियाँ कम्पनी सिजिसी कारबाहीमा परेको थियो। काबेली करिडोर प्रसारण लाइनमा लापरबाही गर्ने चिनियाँ कम्पनीलाई नेपाल ल्याउने पनि भट्ट हुन् । हिमालयन रि-इन्स्योरेन्स कम्पनीमा मात्र ४५ करोड सेयर भट्टको नाममा थियो । सो कम्पनीमा ६.४३ प्रतिशत सेयर भट्टको छ। सो कम्पनीमा राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंकले मात्रै भट्टले भन्दा पाँच करोडभन्दा बढी रकम लगानी गरेको देखिन्छ। ५०-५० करोड रुपैयाँ हालेर यी दुई बैंकले हिमालयन रि-इन्स्योरेन्सको ७.१५ प्रतिशत सेयर लिएका छन् ।

हिमालयन रि-इन्स्योरेन्स लिमिटेड र इन्फिनिटी होल्डिङ प्रालिबिचको करोडौंको कारोबार पनि खुलेको छैन । जगदम्बा र हिमालयन रि-इन्स्योरेन्ससँग भट्टको कारोबार व्यवसायी कामबापतको भनेर समेत उजुरी परेको थियो। हिमालयन रि-इन्स्योरेन्स भट्टकै अग्रसरतामा खोलिएको संस्था हो। यो कम्पनी खुल्दा नै ठुलो नीतिगत भ्रष्टाचार भएको दाबी गरिएको छ । जगदम्बा स्टिल्सको खाताबाट उनले आर्थिक वर्ष २०७७/७८ मा ४८ करोड रुपैयाँ लिए पनि सो कम्पनीको लेखा परीक्षणमा भने त्यति ठुलो रकम गायब भएको विषयमा पनि थप अनुसन्धान भइरहेको छ।

राष्ट्र बैंकको प्रतिवेदनअनुसार भट्टको एकल स्वामित्वमा रहेको इन्फिनिटी होल्डिङ्स प्रालि र उनको व्यक्तिगत ओभरड्राफ्ट चल्ती खाताबाट शंकास्पद र अस्वाभाविक कारोबार भएको देखिएको थियो। ५० लाख ऋणको सीमा रहेको उनको व्यक्तिगत खाताबाट २०७८ असार १४ देखि असार २३ को बिचमा ३० करोड १५ लाख ८७ हजार रुपैयाँ जम्मा भएको थियो भने ४५ करोड चार लाख ४५ हजार एक सय १० रुपैयाँ भुक्तानी भएको थियो। त्यस्तै २०७८ असार १७ देखि २०७८ साउन ५ को बिचमा इन्फिनिटी होल्डिङ्सको खातामा १८ करोड ४० लाख ९५ हजार ५६६ रुपैयाँ जम्मा र ६३ करोड ४० लाख ९३ लाख ८२९ रुपैयाँ भुक्तानी भएको थियो। जुन खाताको ऋण सीमा ४४ करोड रुपैयाँ छ । त्यस्तै उनको नेपाल इन्भेस्टमेन्ट बैंकको खातामा सोही वर्ष असार १३ देखि १६ गतेका बिचमा जगदम्बा स्टिल्सबाट ४५ करोड जम्मा भएको थियो। देखिने कुनै व्यवसाय नभएका भट्टले यसरी केही दिनमै बैंक खाताबाटै करोडौंको कारोबार गरे पनि यसबारे थप अनुसन्धान भएको थिएन।

# लयमा फर्कियो संसद् अधिवेशन सुरु

पृष्ठ १ बाट

बैठकमा बोल्दै उनले प्रदेश खारेजीका लागि आवश्यक दुई तिहाइ बहुमत पुऱ्याइदिने बताएका हुन् । देशमा आठ सय ८४ जना सांसद रहेको र प्रदेश पाल्न मात्रै वार्षिक एक खर्ब रुपैयाँ खर्च भइरहेको उनले सुनाए । राजनीतिक दलका कार्यकर्ता व्यवस्थापन गर्न मात्र ल्याइएको प्रदेश संरचना खारेज गर्न सरकार अघि बढे राप्रपाले पूर्ण समर्थन गर्ने उनको भनाइ थियो । 'यही संसद्बाट यही सरकारले खारेज गर्छ भने दुई तिहाइ बहुमत पुऱ्याउन एक सय ८४ चाहिन्छ, हामी पुऱ्याउँछौं,' संसद्मा सम्बोधन गर्दै शाहीले भने ।

यसैगरी नेता शाहीले भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको निष्पक्ष छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरेका छन् । शाहीले देशको सार्वभौमसत्ता र राष्ट्रिय एकताका लागि संवैधानिक राजसंस्था र हिन्दु राष्ट्र पुनर्स्थापना गर्नुपर्ने दाबी गरे । नेपाल कुनै दल वा नेताले नभई राजसंस्था र जनता मिलेर बनाएको भन्दै उनले संवैधानिक राजसंस्थाबारे गम्भीर विमर्श सुरु गर्न माग गरेका हुन् ।

**तीन अध्यादेश पेस**



प्रतिनिधिसभाको बैठकमा गृहमन्त्री सुधन गुरुङले तीन अध्यादेश पेस गरेका छन् । अधिवेशनको पहिलो बैठकमा दलीय आधारमा सदस्यहरूले मन्तव्य राखिसकेपछिको नियमित कार्यसूचीअन्तर्गत उनले 'नागरिकतासम्बन्धी (पहिलो संशोधन) अध्यादेश २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश २०८२' र 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश २०८२' पेस गरेका हुन् । नेपालको संविधानको धारा ८४ को उपधारा (२) बमोजिम समानुपातिकको बन्दसूचीमा समावेश गराउनुपर्ने जनसंख्याको आरक्षणका लागि अध्यादेशबाट कानुन संशोधन गरिएको थियो ।

गत फागुन २१ गतेका लागि प्रतिनिधिसभाको निर्वाचन मिति तोकिएपछि सोका लागि मतदाता नामावली अध्यावधिकको प्रयोजनका लागि अघिल्लो सरकारले 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश' ल्याएको थियो । गृहमन्त्री गुरुङले राष्ट्रिय अनुसन्धान विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरषद्को कार्यालयअन्तर्गतबाट गृह मन्त्रालयअन्तर्गत राख्न 'नेपाल विशेष सेवा (तेस्रो संशोधन) अध्यादेश' जारी भएको जानकारी गराए ।

राष्ट्रपति पौडेलले यही चैत १६ गते नेपालको संविधानबमोजिम मन्त्रिपरिषद्कोसिफारिसमाबिहीबारका लागि संघीय संसद्को दुवै सदनको अधिवेशन आह्वान गरेका थिए । दुई सय ७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाका एक सय ८२, नेपाली कांग्रेसका ३८, नेकपा एमालेका २५, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का १७, श्रम संस्कृति पार्टीका सात, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का पाँच र स्वतन्त्र एक सांसद छन् । प्रतिनिधिसभाको अर्को बैठक यही चैत २२ गते आइतबार बिहान ११ बजे बस्नेछ । प्रतिनिधिसभासँगै राष्ट्रिय सभाको अधिवेशन पनि सुरू भएको छ ।

# निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापन दिन रोक

पृष्ठ १ बाट

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट भएको निर्देशनलाई स्थानीय तहले आफ्नो क्षेत्राधिकारमाथिको हस्तक्षेपका रूपमा लिएका छन् । सरकारी सञ्चार माध्यममा मात्र सरकारी सूचना प्रकाशन र प्रसारण गर्ने भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट गरिएको परिपत्रप्रति नेपाल पत्रकार महासंघले पनि गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

कोरोना कहर र जेनजी आन्दोलनका कारण आर्थिक संकट व्यहोरिरहेका निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापन रोक लगाउने निर्णयप्रति गम्भीर असहमति र आपत्ति प्रकट गर्दै महासंघले यो निर्णय तत्काल फिर्ता लिन माग गरेको छ । 'यो निर्णयबाट निजी सञ्चार माध्यम बन्द भई श्रमजीवी पत्रकारहरूको रोजीरोटी खोसिने स्थिति एकातिर सिर्जना भएको छ भने अर्कातिर प्रेस सेन्सरसीपको अवस्था सिर्जना भई आवाजविहीनको आवाज बनिरहेको स्वतन्त्र पत्रकारितामा प्रत्यक्ष असर पर्ने महासंघको ठहर छ', महासंघका महासचिव रामप्रसाद दाहालले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

संविधानप्रदत्त पूर्ण प्रेस स्वतन्त्रता, उदारवादी अर्थ नीति र संघीयताको मर्मविपरीतको निर्णय तत्काल फिर्ता लिन महासंघले सरकारसँग माग गरेको छ । स्वतन्त्र प्रेसलाई नियन्त्रण गरी सूचना एकाधिकार लाद्ने सरकारी निर्णय फिर्ता नलिइए समग्र सञ्चार जगत्को नेतृत्वसहित प्रतिवादमा उत्रिन बाध्य हुने चेतावनी पनि महासंघले दिएको छ ।

यसैबिच प्रेस काउन्सिलका पूर्वअध्यक्ष बालकृष्ण बस्नेतले निजी सञ्चार माध्यमलाई सरकारी विज्ञापन नदिनु भनेको उनीहरूमाथि छुरा प्रहार गर्नु भएको बताएका छन् । उनले सरकारको यो निर्णय गोरखापत्रसहित सरकारी मिडियाबाहेक कसैलाई बचाउन नसक्ने भन्दै निजी मिडियामाथि सरकारले आर्थिक नाकाबन्दी गरेको आरोप पनि लगाएका छन् ।

# फेरि बढ्यो इन्धनको मूल्य, पेट्रोल लिटरको २०२ रुपैयाँ

पृष्ठ १ बाट

निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलवारी, नेपालगन्ज, धनगढी र वीरगन्जलाई तोकेको छ भने दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं,पोखरारदिपायलडिपोलाई तोकेको छ ।

निगमले पश्चिम एसियामा जारी युद्धका कारण अस्वाभाविक मूल्य बढाउनुपरेको बताएको छ । युद्धका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढिरहेको र इन्डियन आयल कर्पोरेसन (आइओसी) बाट प्राप्त नयाँ खरिद मूल्य निकै उच्च रहेकाले स्वचालित प्रणालीअनुसार मात्र मूल्य समायोजन गर्न नसकिएको निगमले प्रस्ट पारेको छ ।

घाटा चुलिँदा आइओसीलाई तोकिएको समयमै भुक्तानी दिन नसक्ने र त्यसले इन्धनको आपूर्ति शृंखला नै प्रभावित हुने जोखिम बढेपछि बाध्य भएर मूल्य बढाउनुपरेको निगमको दाबी छ । मार्च १६ र ३१ मा आइओसीबाट प्राप्त मूल्यअनुसार निगमलाई पाक्षिक १३ अर्ब २१ करोड रुपैयाँ घाटा पुगेको थियो । उपभोक्ताको हितलाई मध्यनजर गर्दै मूल्य स्थिरिकरण कोषको रकम समेत उपयोग गरेर प्रतिलिटर १५ रुपैयाँ मात्र बढाइएको निगमको भनाइ छ ।

मूल्य समायोजनपछि पनि निगम नाफामा जानेछैन । निगमका अनुसार १५ रुपैयाँ बढाउँदा पनि निगमलाई अझै पेट्रोलमा प्रतिलिटर ३४ रुपैयाँ ३६ पैसा, डिजेलमा १२० रुपैयाँ ५४ पैसा र एलपी ग्यासमा प्रतिसिलिन्डर ४१६ रुपैयाँ ३७ पैसा घाटा छ । नयाँ मूल्य लागू भएपछि पनि पाक्षिक रूपमा ११ अर्ब ७१ करोड रुपैयाँ घाटा हुने भन्दै निगमले अन्तर्राष्ट्रिय बजारको यस विषम परि स्थितिलाई बुझेर इन्धनको प्रयोगमा मितव्ययिता अपनाउन उपभोक्तालाई आग्रह गरेको छ ।


## Molung Rural Municipality
### Office of the Rural Municipal Executive
### Prapcha, Okhaldhunga

**Addendum of Bid and Re-Bid**

Date of Publication: 03-04-2026

This is to inform all the concerned bidders that the bids (Bid addendum of Goods under NCB and Re-Bid of SQ) as per the notice published on national daily newspaper is mentioned below.

For the further information, please visit E-GP portal of PPMO i.e. (https://www.bolpatra.gov.np ).

| S. N. | Description of Work | Contract Identification No. | Last date of bid submission | Estimated Amount, NRs (Including VAT) | Bid Security amount NRs | Bid Document Fee NRs | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1. | Procurement, Supply, Delivery and Installation of ICT Related Items. | 06/NCB/GOODS/ EDU/082-83 | 17-04-2026 | 1,65,44,273.5 | 4,63,000 | 3000 | Addendum |
| 2. | Procurements and Delivery of Sanitary Pad | 03/SQ/GOODS/ MRM/082/83 | 19-04-2026 | 10,14,288 | 25,200 | 1000 | Re-Bid |

Chief Administrative Officer



नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग

## संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, बबरमहल, काठमाडौं

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/१२/२०

यस कार्यालयको बोलपत्र आव्हानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दाखिला हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्न ठेक्का नं र कार्यको लागि निम्नानुसारका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभुतरुपमा प्रभावग्राही भएको हुँदा उल्लेखित बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/१२/२७ गते दिनको १३:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली, २०६४(संसोधन सहित) को नियम ३१ज को उपनियम (५) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्कानं. | खरिद कार्यको विवरण | दर्ता भएका बोलपत्र संख्या | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|---|
| 1 | FUDBC/KTM/ BAS/NCB/ WORKS-39/082/83 | Physical Infrastructure Construction/ Upgrading Works at Padmakanya Vidyashram Secondary School, Ward no. 29, Dilli Bazaar, Kathmandu | 8 | • D.C Builders, Koteshwor-32, Kathmandu<br>• Nawaranga Nirman Sewa Pvt. Ltd., Kathmandu Metro City-10 Buddhanagar<br>• Bipu Construction and Traders Pvt. Ltd., Chabahil-07, Kathmandu<br>• Suryodaya/ Zenith JV, Sinamangal-9, Kathmandu<br>• Adhrit-New Buildcon JV, Jorpati-06, Kathmandu<br>• Kafle Brothers Construction Pvt. Ltd., BMP-3, Dolakha |
| 2 | FUDBC/KTM/ BAS/NCB/ WORKS-40/082/83 | Construction of Physical Infrastructure and management of Furniture for the Physical Upgradation of Bhagyodaya Secondary School, Shankharapur, Sankhu, Kathmandu | 3 | • Suryodaya Nirman Sewa Pvt.Ltd., Sinamangal-9, Kathmandu<br>• Nawaranga Nirman Sewa Pvt. Ltd., Kathmandu Metro City-10 Buddhanagar<br>• Kafle Brothers Construction Pvt. Ltd., BMP-3, Dolakha |
| 3 | FUDBC/KTM/ BAS/NCB/ WORKS-41/082/83 | Construction of the Building of Shree Kalidevi Secondary School, Mahalaxmi, Lalitpur Metropolitan City–17 | 6 | • BUILD DOVE / CIVIL J.V.<br>• Anjuma-B.P. JV, New Baneshwor, Thapagaun, KMC-10<br>• Bipu Construction and Traders Pvt.Ltd., Chabahil-07,Kathmandu<br>• Kafle Brothers Construction Pvt.Ltd., BMP-3, Dolakha<br>• Skyline- Niruj JV, Lalitpur<br>• Akash Badal, Champi,Lalitpur |



## निर्जिवन बीमा अभिकर्ता तालिमको सूचना

यस कम्पनीको निर्जिवन बीमा अभिकर्ता भइ कार्य गर्न इच्छुक व्यक्ति र संस्थाहरुको लागि आ. व. २०८२/८३ मा निम्न तालिका अनुसार तालिम संचालन हुने भएकाले तालिममा भाग लिन चाहने व्यक्तिहरुले निवेदन दिनसक्नु हुनेछ।

**निर्जिवन बीमा अभिकर्ता तालिम**

| क्र.सं. | तालिम मिति | जिल्ला | निवेदन दिने ठेगाना | निवेदन दिने अन्तिम मिति |
|---|---|---|---|---|
| १ | २०८२ चैत्र २७-३० (४ दिन) | काठमाण्डौ | training@shikharinsurance.com | २०८२।१२।२५ |

नोटः तालिमको अन्तिम दिन सहभागीहरूले अनिवार्य रूपमा १ घण्टा ३० मिनेटको परीक्षा दिनुपर्नेछ र उक्त परीक्षामा ५०% वा सो भन्दा बढी अङ्क प्राप्त गरेमा मात्र बीमा अभिकर्ताको ईजाजतपत्रको लागी आवेदन दिन सकिनेछ।

**निर्जिवन बीमा अभिकर्ता तालिम लिनका लागि आवश्यक पर्ने कागजपत्रहरुः**

- तालिमका लागि निवेदन
- नेपाली नागरिकता र प्यान कार्डको प्रतिलिपि
- पासपोर्ट साइजको फोटो
- शैक्षिक योग्यताः मान्यता प्राप्त संस्था वा बोर्डबाट दश जोड दुई वा प्रविणता प्रमाणपत्र तह उत्तिर्ण गरेको
- संस्थाको हकमा संस्थाले माथिको योग्यता पुरो गरेका संचालक, कार्यकारी प्रमुख वा कुनै एकजना उच्च ब्यवस्थापकको नाम तालिमका लागि सिफारिस गर्नुपर्नेछ।

थप जानकारीका लागि सम्पर्क नं. ९८०२३२०८१४

Shikhar Insurance Happysurance



## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, नेपालगंज शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/१२/२० गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

**तपसिलः**

**ऋणीको नाम र ठेगाना :**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २५५४८६/०७७/०७८ कायम भई मिति २०७७/१०/२८ मा दर्ता भएको नेपालगन्ज उप.म.न.पा. वडा नं. ०१ स्थित **गोकुल चामल दाल मिल प्रा.लि.** ।

**व्यक्तिगत जमानतकर्ताहरूको विवरण :**

१. घुरे शाह कांदुको नाती, राम भरोसे काँदुको छोरा, बाँके जिल्ला, नेपालगन्ज गा.वि.स./उ.म.न.पा. वडा नं. १ बस्ने **मनिस कुमार काँदु** ।

२. राम भरोसे काँदुको बुहारी, मनिस कुमार काँदुको श्रीमती, बाँके जिल्ला, नेपालगन्ज गा.वि.स./उ.म.न.पा. वडा नं. ०१ बस्ने **प्रियंका गुप्ता** ।

**धितो सुरक्षणको विवरण :**

**राम भरोसे कांदु**को नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, नेपालगंज नगरपालिका, वडा नं. १ (नक्सा सि.नं. ०३५१४१००६) को कित्ता नं. १२५ को २३७१.९९ (ब.मि) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**मनिस कुमार कांदु**को नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता श्रेस्ता कायम रहेको बाँके जिल्ला, ईन्द्रपुर गा.वि.स./न.पा. वडा नं. ९ (नक्सा सि.नं. ९क) को कित्ता नं. २९६, १७७७, ३१६ र ७५३ को क्रमशः १२६.९७, १८९६.३१, ३७२.४९ र १०६६.६८ (ब.मि) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com




'पार्टी सुधार अभियानमा हाम्रो ऐक्यबद्धता' कार्यक्रमअन्तर्गत नेकपा (एमाले) केन्द्रीय कार्यालय च्यासलमा बिहीबार प्रदर्शन गर्दै युवा। *तस्बिर : नागरिक*

# बरातु–सियाँला–रेंगिल सडक पाँच वर्षदेखि अलपत्र

**ललित विष्ट**

*कालीकोट, चैत १९*



कालीकोट जिल्लाको खाँडाचक्र नगरपालिकाको बरातु, सियाँला, रेङ्गिल जोड्ने सडक पाँच वर्षदेखि अलपत्र अवस्थामा छ । आर्थिक वर्ष २०७८/७९ देखि निर्माण सुरु गरेको सडक योजना ठेकेदार कम्पनीको लापरबाही, ढिलासुस्ती र सरोकारवाला निकायको उदासीनताका कारण अलपत्र परेका हो। समयमै काम नहुँदा स्थानीयले सास्ती भोग्नुपरेको छ।

बरातु, सियाँला हुँदै रेंगिल जोड्ने सडकको ट्र्याक खोल्न २०७८ वैशाख २६ गते मार्गदेवी निर्माण सेवाले दुई करोड ८७ लाख ९७ हजारमा सम्झौता गरेको थियो । उक्त मितिले २०७९ असोज २५ भित्र काम सम्पन्न गरिसक्नुपर्ने थियो। सो समयमा काम नभएपछि २०८१ असोज ३० भित्र काम सम्पन्न गर्ने गरी पहिलोपटक म्याद थप भएको थियो।

निर्धारित अवधिमा काम नसकिएपछि २०८२ वैशाख २६ मा दोस्रोपटक म्याद थप गरेर २०८२ चैत ३० मा काम सक्नुपर्ने उल्लेख छ, तर हालसम्म सडक निर्माणले गति लिन सकेको छैन।

मार्गदेवी निर्माण सेवा तथा ठेकेदारको ढिलासुस्ती र लापरबाहीका कारण सडक अलपत्र परेको खाँडाचक्र नगरपालिकाका युवा महेश भारतीले बताए । सडक निर्माणको जिम्मा लिएका निर्माण व्यवसायी काम छाडेर सम्पर्कविहीन भएको उनको भनाइ छ। पूर्वाधार विकास कार्यालय कालीकोटले पटक-पटक ताकेता गर्दा पनि निर्माण व्यवसायी सम्पर्कमा आएका छैनन्।

बरातु, सियाँला हुँदै रेंगिल सडकको अहिलेसम्म २३ प्रतिशत भौतिक प्रगति भएको जनाइएको छ । सडक स्तरोन्नतिका लागि निर्माण व्यवसायीले काम नगरेका कारण सडक निर्माणमा ढिलासुस्ती भएको पूर्वाधार विकास कार्यालय कालीकोटका प्रमुख प्रभाकरप्रसाद सिंहले जानकारी दिए । निर्माण व्यवसायीलाई कार्यस्थलमा फर्किएर सडक निर्माण सुरु गर्न पटक-पटक निर्देशन दिए पनि अटेरी गरेको उनले बताए।

कार्यालय प्रमुख सिंहले फोन र पत्रमार्फत निर्माण व्यवसायीलाई ताकेता गरिए पनि निर्माण व्यवसायी निर्मल रिजाल सम्पर्कमा नआएको बताए। 'निर्माण व्यवसायीलाई फोन र पत्रमार्फत ताकेता गरेका छौं', उनले भने, 'मन्त्रालयमा जानकारी गराएर जमानत जफतका लागि कृषि विकास बैंकलाई दोस्रोपटक पत्राचार गरिएको छ ।' दोस्रोपटक म्याद थपिएको समयसमेत सकिन लाग्दा पनि व्यवसायीले सडक निर्माण प्रक्रिया अघि नबढाएको उनले बताए।

मार्गदेवी निर्माण कम्पनीका निर्मल रिजालले सडकको डिजाइन नै फेल भएको बताए। उनका अनुसार ट्र्याकका लागि मात्र काम दिएको हुँदा पटकपटक यो सडकको काम सम्पन्न गर्न स्ट्रक्चर मागका लागि पूर्वाधार कार्यालय कालीकोट र प्रदेशमाको भौतिक पूवाधार मन्त्रालयमा समेत पुग्दा नसच्याइएको बताए। उनले चट्नी र पापड भागमा ग्याबिन तथा अन्य स्ट्रक्चरका कुनै काम नभएपछि ट्र्याक खोल्दा धेरै समस्या खेप्नुपरेको बताए। अबको केही दिनभित्र काम सुरु गर्ने गरी तयारी थालेको बताउँदै अहिलेसम्म कुनै पनि हकमा काम रोक्न नखोजेको उनको भनाइ छ।

# संविधान निर्माण शक्तिबिच एकता आवश्यक : पोखरेल

काठमाडौं, चैत १९ (नागरिक)- मुलुकमा गणतन्त्र स्थापना र नयाँ संविधान जारी गर्ने लोकतान्त्रिक तथा वामशक्तिहरूका बिचमा अबको एकता आवश्यक हुनुपर्ने नेपाली कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य गिरिराजमणि पोखरेलले बताए । बिहीबार राजधानीमा आयोजित 'कमलप्रसाद कोइराला स्मृतिग्रन्थ' समारोहलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।



'हालै सम्पन्न निर्वाचन परिणाम र बदलिँदो परिस्थितिले नेपालमा लोकतान्त्रिक शक्तिहरू रक्षात्मक अवस्थामा देखिएकाले यी शक्तिहरूबिच पुनः सहकार्य र एकता हुन आवश्यक छ', पोखरेलले भने । नेपालमा वामपन्थी दलहरू सत्ताकेन्द्रित हुने र सरकार चलाउने प्रवृत्तिलाई जनताले नरुचाउनु, भूराजनीतिक, प्रविधिको विकासले निम्ताएको एआई र अल्गोरिदमले निम्त्याएको झुटोलाई सत्य बनाउने प्रयत्नका कारण अहिलेको परिणाम देखिएको पोखरेलले विश्लेषण गरे।

उनले नेपाल प्राचीनकालमा जस्तो दुई ढुंगाको तरुलमा सीमित नरही छिमेकी र हाम्रो समेत स्थिति फेरिएकाले गम्भीर भएर समीक्षा गर्न आवश्यक रहेको उनले बताए। 'संविधानको रक्षा गर्ने शक्तिहरूबिच फेरि एकता हुनुपर्छ', उनले भने।

# दरबन्दी भएकै अस्पताल फिर्ता हुनेमा सात चिकित्सक थपिए

काठमाडौं, चैत १९ (नागरिक)- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राजधानीमा काजमा बसेका थप सातजना चिकित्सकको काज फिर्ता गरेको छ । काज फिर्ता हुने चिकित्सकमा तीनजना पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानका र अन्य एक/एक जना भेरी अस्पताल, नारायणी अस्पताल, भरतपुर अस्पताल र गजेन्द्रनारायण सिंह अस्पतालमा फिर्ता पठाउने भएको हो।

काज फिर्ता हुने चिकित्सकमा राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठानकी डा. श्याम किशोर चौधरी भरतपुर अस्पताल, पोखरा स्वास्थ्य विज्ञानमा काजरमा रहेकी डा. रञ्जु पोखरेललाई गजेन्द्रनारायणसिंह अस्पताल, कान्तिबाल अस्पतालका डा. दिनेश शिवाकोटीलाई भेरी अस्पताल, डा. चुनु दर्नाललाई भरतपुर अस्पतालबाट पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रसूति गृह अस्पतालमा कार्यरत डा. प्रमोद कट्टेललाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा काज फिर्ता गरेको छ।

त्यसैगरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट डा. सोनिका बज्राचार्यलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, भरतपुर अस्पतालबाट डा. दिवस सापकोटालाई नारायणी अस्पताल पर्साका लागि काज फिर्ता गरिएको हो। मन्त्रालयले यसअघि सोमबार थप १४ जना चिकित्सकलाई काज फिर्ता गरी दरबन्दी भएकै अस्पतालमा काम गर्न निर्देशन दिएको छ।

# मालपोत र यातायातबाट १६ बिचौलिया पक्राउ

सुर्खेत, चैत १९ (नागरिक)- सुर्खेतको वीरेन्द्रनगरस्थित यातायात व्यवस्था कार्यालय र जिल्ला मालपोत कार्यालयबाट १६ जना बिचौलियालाई प्रहरीले पक्राउ परेर अनुसन्धान सुरु गरेको छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता डिएसपी मोहनजंग बुढथापाले सेवाग्राहीको सवारी दर्ता किताब (ब्लुबुक) नवीकरण गरिदिने तथा जग्गा नामसारीलगायतका भू-सेवासम्बन्धी काम गरिदिने भन्दै रकम लिँदै बिचौलियाका रूपमा काम गर्ने १६ जनालाई पक्राउ गरिएको हो।

यातायात व्यवस्था कार्यालयबाट ६ पुरुष र मालपोत कार्यालयबाट १० जना महिला गरी १६ जनालाई नियन्त्रणमा लिएको उनले जानकारी दिए । डिएसपी बुढथापाका अनुसार पक्राउ पर्नेमा यातायात व्यवस्था कार्यालय सुर्खेतबाट वीरेन्द्रनगर नगरपालिका- १ प्रगतिशीलका ३६ वर्षीय दीपकबहादुर विक, वीरेन्द्रनगर- ३ का ६२ वर्षीय इन्द्रबहादुर शाही, वीरेन्द्रनगर- १२ का ३३ वर्षीय प्रदीप खड्का, वीरेन्द्रनगर- ५ का २८ वर्षीय हरिप्रसाद देवकोटा, वीरेन्द्रनगर- १० का ३२ वर्षीय प्रभाकर शर्मा गौतम र लेकवेशी नगरपालिका- ३ का ३७ वर्षीय रमेश दमाई छन्।

मालपोत कार्यालयबाट वीरेन्द्रनगर नगरपालिका- ३ की २५ वर्षीया लक्ष्मी शाही, ३४ वर्षीया पार्वती योगी, वीरेन्द्रनगर- ५ की ३५ वर्षीय पवित्रा न्यौपाने, वीरेन्द्रनगर- ६ की २३ वर्षीया सम्झना योगी, ३८ वर्षीया निर्मला योगी, वीरेन्द्रनगर नगरपालिका- ११ की १८ वर्षीया रोशनी शाही, ३१ वर्षीया दुर्गा शाही, २० वर्षीया गीता सुनार, ३२ वर्षीया रोशमी तिवारी र वीरेन्द्रनगर- १२ की ३८ वर्षीया कुसुम बुढाक्षेत्रीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ।

# जगदम्बा हायर पर्चेज लिमिटेडको कर्जाको साँवा, ब्याज रकम चुक्ता गर्ने सम्बन्धी ३५(पैंतीस) दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/१२/२०**

नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न इजाजतपत्र प्राप्त साविक जगदम्बा क्रेडिट एण्ड इन्भेष्टमेन्ट लिमिटेड र हालको जगदम्बा हायर पर्चेज लि.बाट लिएको हायर पर्चेज कर्जा अर्न्तगतको साँवा, ब्याज नियमित रुपमा नतिरेको हुँदा उक्त कर्जा असुलीको लागि पटक पटक तरताकेता गर्दा पनि कर्जा चुक्ता नगरेकोले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनमा सरोकारवालाले यस कार्यालयमा सम्पर्क राखी कर्जा चुक्ता गर्न/ गराउनु हुन अनुरोध गरिन्छ। उक्त म्यादभित्र पनि यस कार्यालयमा उपस्थित भई कर्जा चुक्ता नगरेको खण्डमा उल्लेखित ऋणी (फर्मको हकमा साझेदारहरु समेत) र व्यक्तिगत जमानी दिने व्यक्तिलाई प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको चल-अचल सम्पत्ति लिलाम बिक्री गरी लोन रकम असुल उपर गरिने व्यहोरा अवगत गराउँदछौं। उपरोक्त कारवाहीको सिलसिलामा लाग्ने सम्पूर्ण खर्च समेत तपाई ऋणीबाट नै भराई लिइनेछ। तपाई ऋणीबाट सम्पूर्ण रकम असुल उपर नभएको खण्डमा ऋणीको कर्जा रकमको सुरक्षण वापत जमानी बसिदिने व्यक्तिले व्यहोर्नु पर्ने हुनाले यसै सूचनालाई आधार मानी बाँकी ऋण रकम भुक्तानी गर्न आउनु होला। उपरोक्त समयावधिभित्र कर्जा चुक्ता भुक्तानी नभएमा/नगरेमा कर्जासँग सम्बन्धित सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सूचीकृत गरिने व्यहोरा समेत यसै सूचनामार्फत जानकारी गराईन्छ।

**तपशिल**

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| १. | **नाम : लालबन्धी कन्स्ट्रक्सन**<br>कम्पनी दर्ता नं. १०७४३०।०६९।०७०, जारी मिति २०६९।०८।१०<br>ठेगाना : सर्लाही जिल्ला, लालबन्धीं ०६<br>**प्रोपराईटर : श्री महेन्द्र महतो**<br>ना.प्र.नं ५२९६२७४९, जारी मिति २०५७/०५/११<br>ठेगाना : सर्लाही ०१ लालबन्धी<br>बावुको नाम : महावीर महतो | **१. नाम : महेन्द्र महतो**<br>ना.प्र.नं ५२९६२७४९, जारी मिति २०५७/०५/११<br>ठेगाना : सर्लाही ०१ लालबन्धी<br>बावुको नाम : महावीर महतो<br>**२. नाम : राम साकी कुमारी**<br>ना.प्र.नं: ४९५२८१८, जारी मिति २०४६/०८/१२<br>ठेगाना : सर्लाही ०६ लालबन्धी<br>बावुको नाम : सुबोध महतो<br>**३. नाम : सागर महतो**<br>ना.प्र.नं १९/१२०९५-१२०, जारी मिति २०६७/०६/०४<br>ठेगाना : सर्लाही ०१ लालबन्धी<br>बावुको नाम : महेन्द्र महतो |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नामः CASE BACKHOE LOADER, सवारी दर्ता नं. : प्र ३ ०१ ००३ क ५७२८, सवारी मोडल : CASE 851 EX, इन्जिन नं.: 8045.45.740-274202, च्यासिस नं.: NKJ851EXCKKH02339, बनेको साल : २०१९ सवारी साधनको किसिम : Heavy

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| २. | **नाम : गगनमाई निर्माण सेवा**<br>कम्पनी दर्ता नं. ८८१९/०७५/०७६,<br>जारी मितिः २०७५/०७/२०<br>ठेगाना : धनगढीमाई ०७ सिराहा<br>**प्रोपराईटर : श्री विनोद कुमार यादव**<br>ना प्र न : १२९०-५४०/७-२५४१<br>जारी मितिः २०४४/१२/११ | **१. नाम : श्री विनोद कुमार यादव**<br>ना प्र न : १२९०-५४०/७-२५४१,<br>जारी मितिः २०४४/१२/११<br>ठेगानाः अयोध्यानगर ०९ सिराहा<br>बाबुको नाम : राम आषिश यादव<br>**२. नाम : कुसुमी कुमारी देवी यादव**<br>ना.प्र.नं: १५/१६६, जारी मिति २०४६/११/१८<br>ठेगाना : अयोध्यानगर ०९ सिराहा<br>बाबुको नाम : विनोद कुमार यादव |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नामः CASE BACKHOE LOADER, सवारी दर्ता नं. : बा ३ क २९७५, सवारी मोडल : CASE 851 EX, इन्जिन नं.: 8045.45.740-244990, च्यासिस नं.: NKJ851EXJJKH01862, सवारी साधनको किसिम : Heavy, बनेको साल : २०१८

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| ३. | **नाम : हाङखिंम निर्माण सेवा**<br>कम्पनी दर्ता नं.१८१४५२/०७४/०७५,<br>जारी मितिः २०७४/०९/२४<br>ठेगाना : साखेंजङ्ग नगरपालिका ०१, ईलाम<br>**प्रोपराईटर : श्री सुशिल कुमार राई**<br>ना.प्र.नं: ४२३६०/५२१, जारी मिति २०५१/०९/२४<br>ठेगाना : साखेंजङ्ग नगरपालिका ०५, ईलाम<br>बाबुको नाम : कृति बहादुर राई | **१. नाम : सुशिल कुमार राई**<br>ना.प्र.नं: ४२३६०/५२१, जारी मिति २०५१/०९/२४<br>ठेगाना : साखेंजङ्ग नगरपालिका ०५, ईलाम<br>बाबुको नाम : कृति बहादुर राई<br>**२. नाम : लक्ष्मी सुनुवार मुखिया**<br>ना.प्र.नं: ०३-१-०३९/९८६१०, जारी मिति २०६७/१२/१८<br>ठेगाना : पुवामझुवा-९, इलाम<br>बाबुको नाम : भुवनसिंह सुनुवार |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नामः CASE BACKHOE LOADER, सवारी दर्ता नं.: प्र १ ००१ क ९६२, सवारी मोडल : CASE 851 EX, इन्जिन नं.: 8045.45.740-274330, च्यासिस नं.: NKJ851EXLKKH02336, सवारी साधनको किसिमः Heavy, बनेको साल : २०१९

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| ४. | **नाम : अनुनिसा कन्स्ट्रक्सन प्रा.लि**<br>कम्पनी दर्ता नं. २२७१७८/०७६/०७७<br>जारी मितिः २०७६/०७/०६<br>ठेगाना : छाँयानाथ नगरपालिका ०१, मुगु<br>**प्रोपराईटर : श्री निरु देवकोटा**<br>ना प्र न : ६०१००४६/४४३, जारी मितिः २०६५/१२/०९<br>ठेगानाः गजयानकोट, ०९ जुम्ला<br>बाबुको नाम : रुद्रलाल देवकोटा | **१. नाम : निरु देवकोटा**<br>ना प्र न : ६०१००४६/४४३, जारी मितिः २०६५/१२/०९<br>ठेगानाः गजयानकोट, ०९ जुम्ला<br>बाबुको नाम : रुद्रलाल देवकोटा<br>**२. नाम : अर्जुन केसी**<br>ना प्र न : ०६८, जारी मितिः २०४६/०५/०८<br>ठेगानाः छाँयानाथ नगरपालिका ०४, मुगु<br>बाबुको नाम : कर्ण बहादुर केसी |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नाम : CASE BACKHOE LOADER, सवारी दर्ता नं.: बा ३ क २९८९, सवारी मोडलः CASE 851 EX, इन्जिन नं.: 8045.45.740-247331, च्यासिस नं.: NKJ851EXEJKH01866, सवारी साधनको किसिमः Heavy, बनेको सालः २०१९

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| ५. | **नाम : आमिर खान कन्स्ट्रक्सन प्रा.लि**<br>कम्पनी दर्ता नं. २२७१७८/०७६/०७७<br>जारी मितिः २०७६/०७/०६<br>ठेगाना : भदेहार, यशोधरा ०२, कपिलवस्तु<br>**प्रोपराईटर : श्री इवरार महमद**<br>ना प्र नं.: ०२/०५/७४२५०, जारी मितिः २०६३/०५/११<br>ठेगानाः गौरी ०४, कपिलवस्तु<br>बाबुको नाम : सवाहुदिन मुसलमान | **१. नाम : इवरार महमद**<br>ना प्र नं.: ०२/०५/७४२५०, जारी मितिः २०६३/०५/११<br>ठेगानाः गौरी ०४, कपिलवस्तु<br>बाबुको नाम : सवाहुदिन मुसलमान<br>**२. नाम : सारताज अहमद मुसलमान**<br>ना.प्र.नं: ०१/०६९/२४८९५, जारी मिति २०६९/०५/१९<br>ठेगानाः गौरी ०४, कपिलवस्तु<br>बाबुको नाम : सवाहुदिन मुसलमान<br>**३. नाम : जाकिर अलि मुसलमान**<br>ना.प्र.नं: ४७९६७, जारी मिति २०५१/०६/२०<br>ठेगानाः गौरी ०४, कपिलवस्तु<br>बाबुको नाम : सवाहुदिन मुसलमान |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नाम : CASE BACKHOE LOADER, सवारी दर्ता नं.: प्र ३ ०१ ००३ क ४५०६, सवारी मोडल : CASE 851 EX, इन्जिन नं.: 8045.45.740-253667, च्यासिस नं.: NKJ851EXCKKH02017, सवारी साधनको किसिम : Heavy, बनेको साल : २०१९

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| ६. | **नाम : साहिल कन्स्ट्रक्सन**<br>कम्पनी दर्ता नं. १५७५३/०७६/०७७<br>जारी मितिः २०७७/०३/१४<br>ठेगाना : कोशी ०३ सुनसरी<br>**प्रोपराईटर : श्री सुलेमान मुन्सरी**<br>ना प्र न : ०६२११९/९०, जारी मितिः २०५८/०९/२३<br>ठेगानाः कुसाही ०४ सुनसरी<br>बाबुको नाम : असिल मीया | **१. नाम : श्री सुलेमान मुन्सरी**<br>ना प्र न : ०६२११९/९०, जारी मितिः २०५८/०९/२३<br>ठेगानाः कुसाही ०४ सुनसरी<br>बाबुको नाम : असिल मीया<br>**२. नाम : अरुण कुमार साह**<br>ना.प्र.नं: ०६१०४८/१३६८१३, जारी मिति २०६६/०१/२५<br>ठेगानाः लाउकाही ०२ सुनसरी<br>बाबुको नाम : ओम प्रसाद साह |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नामः CASE BACKHOE LOADER, सवारी दर्ता नं.: बा प्र ०१ ००३ क ९३४८, सवारी मोडलः CASE 851EX, इन्जिन नं.8045.45.740-336304, च्यासिस नं.: NKJ851EXEMKH26495, सवारी साधनको किसिम : Heavy, बनेको साल : २०२१

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| ७. | **नाम : मारुती नन्दन निर्माण सेवा**<br>कम्पनी दर्ता नं. ५७०२/०६८/०६९, जारी मितिः २०६८/१०/१७<br>ठेगाना : बिस्रामपुर ०५ पर्सा<br>**प्रोपराईटर : श्री दिपेन्द्र कुमार सिंह**<br>ना प्र न : १६५५२३७५, जारी मितिः २०५४/१२/०३<br>ठेगानाः बिस्रामपुर ०५ पर्सा<br>बाबुको नाम : देव नारायण प्रसाद कुर्मी | **१. नाम : दिपेन्द्र कुमार सिंह**<br>ना प्र न : १६५५२३७५, जारी मितिः २०५४/१२/०३<br>ठेगानाः बिस्रामपुर ०५ पर्सा<br>बाबुको नाम : देव नारायण प्रसाद कुर्मी<br>**२. नाम : सावित्री देवी सिंह**<br>ना.प्र.नं: ३४३०२४/१२, जारी मिति २०६०/०२/१७<br>ठेगानाः बिस्रामपुर ०५ पर्सा<br>बाबुको नाम : राम प्रसाद सिंह<br>**३. नाम : महमद युसुफ मन्सुरी**<br>ना.प्र.नं: ३४१०२२, जारी मिति २०६५/०७/२४<br>ठेगानाः वीरगञ्ज १७ पर्सा<br>बाबुको नाम : मन्सुर अलाम |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नामः CASE MINI TANDEM, सवारी दर्ता नं.: प्र ३ ०१ ००३ क ७७०५, सवारी मोडलः CASE 450DX, इन्जिन नं.: N4P20ZLT08544, च्यासिस नं.: NKJ450DXAMKT03421, सवारी साधनको किसिमः Heavy, बनेको साल : २०२१

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| ८. | **नाम : हनुमान ट्रेर्डस**<br>कम्पनी दर्ता नं.१४४८/१६१/०६८/०६९<br>जारी मितिः २०६८/८/२४<br>ठेगाना : लोहारपत्ती ०६ महोत्तरी<br>**प्रोपराईटर : श्री रञ्जीत कुमार साह**<br>ना प्र न : ५५५२२९२९ जारी मितिः २०५०/१/२९<br>ठेगानाः लोहारपत्ती ०६ महोत्तरी<br>बाबुको नाम : दिप नारायण साह | **१. नाम : रञ्जीत कुमार साह**<br>ना प्र न : ५५५२२९२९, जारी मितिः २०५०/१/२९<br>ठेगानाः लोहारपत्ती ०३ महोत्तरी<br>बाबुको नाम : दिप नारायण साह<br>**२. नाम : संजीत कुमार साह**<br>ना.प्र.न.: ५५५२३४०१, जारी मिति २०४८/०३/३०<br>ठेगानाः लोहारपत्ती ०३ महोत्तरी<br>बाबुको नाम : दिप नारायण साह<br>**३. नाम : उषा देवी साह**<br>ना.प्र.नं: १८-३-०४१/१५६, जारी मिति २०६३/११/२५<br>ठेगानाः लोहारपत्ती ०३ महोत्तरी<br>बाबुको नाम : राम आश्रे प्रसाद साह |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नामः CASE BACKHOE LOADER, सवारी दर्ता नं.: म प्र ०२ ००१ क ०७५१, सवारी मोडलः CASE 851EX, इन्जिन नं.: 8045.45.740-358008, च्यासिस नं.: NKJ851EXJNKH29339, सवारी साधनको किसिमः Heavy, बनेको साल : २०२२

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| ९. | **नाम : ए डि कन्स्ट्रक्सन प्रा.लि**<br>कम्पनी दर्ता नं. १६३३३४/०७३/०७४<br>जारी मितिः २०७३/१०/२५<br>ठेगाना : तारकेश्वर २० काठमाण्डौ<br>**प्रोपराईटर : श्री धन बहादुर श्रेष्ठ**<br>ना प्र न : ११३५३८, जारी मितिः २०६०/१०/२८<br>ठेगानाः जलवीरे ०१ सिन्धुपाल्चोक<br>बाबुको नाम : निर बहादुर श्रेष्ठ | **१. नाम : धन बहादुर श्रेष्ठ**<br>ना प्र न : ११३५३८, जारी मितिः २०६०/१०/२८<br>ठेगानाः जलवीरे ०१ सिन्धुपाल्चोक<br>बाबुको नाम : निर बहादुर श्रेष्ठ<br>**२. नाम : सुवास तिमल्सीना**<br>ना प्र न : ११८२५, जारी मितिः २०६०/२/२२<br>ठेगानाः धर्मस्थली ०७ काठमाण्डौ<br>बाबुको नाम : माधव प्रसाद तिमल्सीना<br>**४. नाम : माधव प्रसाद रिजाल**<br>ना.प्र.नं: १६०३३००२१, जारी मिति २०६०/०५/११<br>ठेगानाः वीरगञ्ज ४ पर्सा<br>बाबुको नाम : भिम प्रसाद रिजाल |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नामः CASE BACKHOE LOADER, सवारी दर्ता नं.: बा प्र ०१ ००४ क २५५१, सवारी मोडलः CASE 570 SV, इन्जिन नं.: 8045.45.748-418769, च्यासिस नं.: NKJ570SVCPKH38520, सवारी साधनको किसिमः Heavy, बनेको सालः २०२३

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| १०. | नाम : फराह शिद्दीकी<br>ना प्र न : २७१०६०/१२४, जारी मितिः २०६५/३/२९<br>ठेगानाः काठमाण्डौ ०५ काठमाण्डौ<br>बाबुको नाम : अमिन उदिन शिद्दीकी | **१. नाम : जाकी शाह**<br>ना प्र न : २०३६/०८/०५, जारी मितिः २०५२/०८/२१<br>ठेगानाः काठमाण्डौ १७ काठमाण्डौ<br>बाबुको नाम : साईएद सामीन शाह |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नामः PROTON X70 1.5T PREMIUM, सवारी दर्ता नं.: बा प्र ०१ ०२७ च ७७७, सवारी मोडल : PROTON X70, इन्जिन नं.: 3G15TDM4VA3102752, च्यासिस नं.: PL1NL2EVRNG030828, सवारी साधनको किसिम : 2Wheeler, बनेको साल : २०२१

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| ११. | **नाम : जोनिक कन्स्ट्रक्सन प्रा.लि**<br>कम्पनी दर्ता नं. २७६१५८/०७८/०७९<br>जारी मितिः २०७८/७/२५<br>ठेगाना : गण्डकी ०२ गोर्खा<br>**प्रोपराईटर : श्री कर्ण बहादुर चेपाङ्ग**<br>ना प्र न : ४४१०११/५६१, जारी मितिः २०६८/०७/०६<br>ठेगानाः तागलिचोक ०९ गोर्खा<br>बाबुको नाम : कृष्ण बहादुर प्रजा | **१. नाम : अर्जुन प्रजा**<br>ना प्र न : ४४१०११/५१५, जारी मितिः २०६८/२/१७<br>ठेगानाः तागलिचोक ०९ गोर्खा<br>बाबुको नाम : अहिमान प्रजा<br>**२. नाम : जूनी प्रजा चेपाङ्ग**<br>ना.प्र.नं: १०११/७६५ जारी मिति २०७०/०६/१०<br>ठेगानाः तागलिचोक ०९ गोर्खा<br>बाबुको नाम : भूपेन्द्र प्रजा<br>**४. नाम : कर्ण बहादुर चेपाङ्ग**<br>ना प्र न : ४४१०११/५६१, जारी मितिः २०६८/०७/०६<br>ठेगानाः तागलिचोक ०९ गोर्खा<br>बाबुको नाम : कृष्ण बहादुर प्रजा |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नामः PROTON X70 1.5T PREMIUM 2WD AT, सवारी दर्ता नं.: बा प्र ०१ ०२७ छ २२७३, सवारी मोडल : PROTON X70, इन्जिन नं.: 3G15TDM4UA3102704, च्यासिस नं.: PL1NL2EVRNG030829, सवारी साधनको किसिम : 4 Wheeler, बनेको साल : २०२२

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| १२. | **नाम : वर्षा यदुवंशी कन्स्ट्रक्सन प्रा.लि**<br>कम्पनी दर्ता नं. १६०६२६/०७३/०७४<br>जारी मितिः २०७३/९/८<br>ठेगाना : धनुषाधाम ०७ धनुषा<br>प्रोपराईटर : श्री राम शंकर यादव<br>ना प्र न : १०५०/५७४, जारी मितिः २०६७/९/२५<br>ठेगानाः यज्ञभूमी ०५ धनुषा<br>बाबुको नाम : सोवित यादव | **१. नाम : राम शंकर यादव**<br>ना प्र न : १०५०/५७४, जारी मितिः २०६७/९/२५<br>ठेगानाः यज्ञभूमी ०५ धनुषा<br>बाबुको नाम : सोवित यादव<br>**२. नाम : ववी कुमार यादव**<br>ना.प्र.नं: १७-०१-७६-१७३३४, जारी मिति २०७६/१२/४<br>ठेगानाः धनुषाधाम ०७ धनुषा<br>बाबुको नाम : सियाराम यादव<br>**३. नाम : राज किशोर यादव**<br>ना.प्र.नं: १०५०/८४६, जारी मिति २०६८/०८/१९<br>ठेगानाः यज्ञभूमी ०५ धनुषा<br>बाबुको नाम : रामविलाश यादव |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नाम : CASE BACKHOE LOADER, सवारी दर्ता नं.: बा प्र ०१ ००३ क ३०४२, सवारी मोडल : CASE 570SV, इन्जिन नं.: 8045.45.748-433252, च्यासिस नं.: NKJ570SVKRKH39898, सवारी साधनको किसिम : Heavy, बनेको साल : २०२४

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| १३. | **नाम : ढाका मोहन बराल**<br>ना.प्र.नं.: १४८५४६, जारी मिति : २०६१/०३/३०<br>ठेगाना : पुम्दीमुम्दी ०२ कास्की<br>बावुको नाम : देवी लाल बराल | **नाम : मीना देवी पौडेल बराल**<br>ना.प्र.नं ४२१०५९ /६९, जारी मिति २०६७/०९/१४<br>ठेगाना : पुम्दीमुम्दी ०२ कास्की<br>बावुको नाम : धनिराम पौडेल |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२४, सवारी दर्ता नं. : ग २ प ८१४४, सवारी मोडल : TVS NTORQ DISC, इन्जिन नं. : AK3HR2906257, च्यासिस नं. : MD626AK38R2H07171, सवारी साधनको किसिम : स्कुटर

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| १४. | **नाम : मदन वि. क**<br>ना.प्र.नं. ४५-०१-६९-०२९००, जारी मिति : २०६९/०८/११<br>ठेगाना : बेसीशहर ०७ लमजुङ<br>बावुको नाम : धन बहादुर कामी | **नाम : सान्ता वि.क**<br>ना.प्र.नं ४५-०१-७८-०२९३०, जारी मिति २०७८/०७/२९<br>ठेगाना : बेसीशहर ०७ लमजुङ<br>बावुको नाम : मिन बहादुर कामी |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नामः टि.भि एस, बनेको सालः २०२४, सवारी दर्ता नं.: ग २६ प १०२६, सवारी मोडल : TVS RONIN 225, इन्जिन नं. : AN1GR2601318, च्यासिस नं.:D637AN12R2G01441, सवारी साधनको किसिमः मो सा

| क.सं. | ऋणी: | जमानतकर्ता : |
|---|---|---|
| १५. | **नाम : रुपक श्रेष्ठ**<br>ना.प्र.नं. ७१८३७, जारी मिति : २०५६/०४/१८<br>ठेगाना : पालुङ्टार ०५ गोरखा<br>बावुको नाम : दिपक श्रेष्ठ | **नाम : शुशिला श्रेष्ठ**<br>ना.प्र.नं ४३३०२०-४०५/तनहुँ, जारी मिति २०६३/१०/२२<br>ठेगाना : पालुङ्टार ०५ गोरखा<br>बावुको नाम : भरतलाल श्रेष्ठ |

**धितो सुरक्षणको विवरण**

**सवारी साधन विवरणः** सवारी साधनको नाम : टि.भि एस, बनेको साल : २०२३, सवारी दर्ता नं. : ग २४ प ६४१६, सवारी मोडल : TVS NTORQ 125, इन्जिन नं. : BG7KN2400449, च्यासिस नं. DM626AG75N2K00523, सवारी साधनको किसिम : स्कुटर

**JAGDAMBA HIRE PURCHASE®**

"नेपाल राष्ट्र बैंकबाट हायर पर्चेज कर्जा प्रदान गर्न ईजाजत पत्र प्राप्त संस्था"

**जगदम्बा हायर पर्चेज लिमिटेड**

दोस्रो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल, काठमाडौं

फोन नं. ०१-४५११६००, टोल फ्रि नं. १६६००१११६००

यो 'मसँग के छ' भनेर सोच्ने समय होइन, 'मसँग भएका कुरालाई मेरो लक्ष्यमा पुग्न कसरी प्रयोग गर्न सक्छु' भन्ने सोच्ने समय हो।
–अर्नेस्ट हेमिङ्वे

## संसद्को रोचक सुरुवात

आमनिर्वाचनपछिको संसद्को पहिलो अधिवेशन बिहीबारदेखि सुरु भएको छ। गत भदौ २३ को जेनजी अभियान र त्यसको भोलिपल्टको ध्वंसपछि भएको आमनिर्वाचनले संविधानलाई लयमा फर्काएको हो । संविधानको निरन्तरताकै रूपमा पूर्वप्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले संक्रमणकालीन समयलाई सहजतापूर्वक पार गरी बालेन्द्र शाहको टिमलाई सत्ता हस्तान्तरण गरेको छ । यही सरकारको सिफारिसमा संसद् अधिवेशन सुरु भएको हो ।

पुरानो संसद् विघटन भएको ६ महिनामै नयाँ संसद् बसेपछि संवैधानिक हिसाबले पनि यसको निरन्तरता देखिएको छ । त्यो बेला संसद् विघटन हुँदा उठेको प्रश्नको पनि नयाँ निर्वाचनले जवाफ दिएको हो । संसद् विघटन गरी नयाँ निर्वाचनका लागि सरकार गठन गरेका बेला राष्ट्रपति रामचन्द्र पौडेलले भनेका थिए, 'संविधान बचेको छ, संसदीय प्रणाली बचेको छ र संघीय लोकतान्त्रिक गणतन्त्र कायम छ।'

त्यत्रो ठुलो उथलपुथल भएको स्थितिबाट नेपाल फेरि अगाडि बढेको छ। दलहरू आपसी विवाद र अन्तरद्वन्द्व हुँदाहुँदै पनि संसद्मा उपस्थित भएका छन्। लोकतान्त्रिक मुलुकमा संसद् नै विचार विमर्शको थलो हो । बहुमतले सरकार बनाउने र अल्पमतले संसद् चलाउने चलन लोकतान्त्रिक प्रणालीमा हुन्छ। सरकारले गरेका कामलाई गुण र दोषका आधारमा छलफल गर्ने जिम्मेवारी संसद्को हुन्छ। संसद् अधिवेशनको पहिलो दिन यसका सदस्यहरूले अभिव्यक्त गरेका धारणाले लोकतन्त्रका विविधतालाई प्रकट गरेका छन् ।

नयाँ सरकार बन्नासाथ विपक्षी नेकपा (एमाले) अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र प्रमुख विपक्षी नेपाली कांग्रेसका नेता एवं पूर्वगृहमन्त्री रमेश लेखकको गिरफ्तारीका सम्बन्धमा पनि प्रश्न उठेको छ । गत शुक्रबार सरकार गठन भएको भोलिपल्ट बिहानै नेताद्वयको गिरफ्तारी भएको थियो। गत भदौ २३ को जेनजी अभियानमा दमन गरेको आरोपमा पक्राउ गरिएको यो घटना संसद्मा गम्भीरतासाथ उठेको छ। यसको प्रतिरक्षामा सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले यो गिरफ्तारी प्रतिशोध नभएको बताएका छन् ।

संसद्मा सबै दलले आआफ्नो तर्फबाट जिम्मेवारी बोध गर्दै धारणा राखेका छन् । रास्वपाले प्राप्त मतलाई ध्यानमा राखेर काम गर्ने बताएको छ । प्रतिपक्षी सांसदले भने सिंहदबारलगायत मुलुकका प्रमुख संरचना ध्वंस गरिएकोप्रति चिन्ता व्यक्त गरेका छन् । गौरीबहादुर कार्की आयोगले दिएको प्रतिवेदन अपुरो रहनुका साथै दोस्रो दिन २४ भदौका सम्बन्धमा यसले वास्ता नगरेर छनोटपूर्ण कार्य गरेको विषय पनि उठेको छ । अब फेरि मुलुकमा कसैले रगत बगाउन नपरोस् भन्ने आग्रहसमेत व्यक्त भएको छ।


> लोकतान्त्रिक मुलुकमा संसद् नै विचार विमर्शको थलो हो। बहुमतले सरकार बनाउने र अल्पमतले संसद् चलाउने चलन लोकतान्त्रिक प्रणालीमा हुन्छ। संसद् अधिवेशनको पहिलो दिन यसका सदस्यहरूले अभिव्यक्त गरेका धारणाले लोकतन्त्रका विविधतालाई प्रकट गरेका छन्।

संसद्मा कतिपय विषय वा प्रसंग उठ्छन् । कैयन् विषय यसमा उठिसकेपछि सरोकारवाला निकायको ध्यान जानु पनि पर्छ। निर्वाचनका बेला राज्यका कतिपय निकायको प्रयोग भयो वा भएन भन्ने विषयमा पनि विमर्श भएका छन्। कतिपय संस्थाले शंकाको सुविधा पाउन पनि सक्छन्। संसद्मा यस्ता विषय अभिलेख भएपछि तिनमा छिनोफानो भने हुनुपर्छ । राज्यभित्रकै कतिपय संस्थाको भूमिका शंकास्पद रहेको छ भने त्यसमा थप अध्ययन हुनुपर्छ। विशेष गरी भदौ २३ र २४ का सम्बन्धमा संसदीय समितिले पनि छानबिन गर्नुपर्छ। मुलुकको अभिलेखमा यी दिनमा भएको यथार्थ विवरण राखिनैपर्छ। त्यसो भयो भने मात्र भविष्यमा फेरि पनि यस्ता घटना हुने छैनन् ।

मुलुकका प्रमुख संस्थाहरू अहिले पनि संस्थागत हुन नसकेको तथ्य गत भदौको जेनजी अभियानका क्रममा देखिएको छ । राज्यका निकाय ध्वंस हुने गरी त्यस्तो अभियान कसरी हुन पुग्यो ? यसमा कसको गल्ती थियो ? मुलुकमा त्यतिबेला सरकारमा रहेका प्रमुख दल कांग्रेस र एमालेको के भूमिका थियो ? जस्ता प्रश्नको जवाफ पनि खोजी हुनुपर्छ । मुलुकका संस्थालाई जल्न र ध्वंस हुन दिने तर तिनलाई जोगाउन नसक्ने परिस्थिति के हो ? मुलुकमा प्रत्येक दशकमा आन्दोलन हुँदा पनि कहिल्यै राष्ट्रिय सम्पदा ध्वस्त पारिएन । यसपटक तिनलाई ध्वस्त गरियो । यो शत्रु-मुलुकमा गरिएको जस्तो आक्रमणका दोषीमाथि कारबाही नभएसम्म यो मुलुकले कहिल्यै पनि न्याय महसुस गर्ने छैन ।

संसद्मा मुलुकलाई यो तहमा ध्वस्त पार्ने 'अदृश्य शक्ति'को चर्चा भएको छ। पञ्चायतकालमा 'भूमिगत गिरोह'को चर्चा हुने गरेको थियो। आधुनिक नेपालमा फेरि यी 'अदृश्य शक्ति'ले खेल खेलेको आरोप लागेको छ । यस्ता विषयमा छिनोफानो हुनुपर्छ । अमेरिकासँग नेपाल सरकारले गरेको मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) लाई खारेज गर्नुपर्ने प्रसंग पनि फेरि उठेको छ। यी विषयलाई आगामी दिनमा संसद्ले कसरी हेर्ने हो ? वास्तवमा मुलुक बिस्तारै भूराजनीतिक खेलमा परिरहेको संकेत पनि विविध पक्षले गरेका छन् । विषम परिस्थितिमा सुरु भएको संसद्ले यसमा ध्यान दिनुपर्ने अवस्था छ।


अठोट



नम्रता शर्मा

# 'पेट र पकेट' आफैं भर्ने शिक्षा

**सरकारले दलित तथा सीमान्तकृत समुदायप्रति विगतका विभेदका लागि सार्वजनिक रूपमा क्षमा माग्दै न्याय सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ, जुन नेपाल मात्र होइन, विश्व राजनीतिमा पनि दुर्लभ र उदाहरणीय कदमका रूपमा देखिन्छ ।**




प्रधानमन्त्रीको नेतृत्वमा सम्पूर्ण मन्त्रीपरिषद्ले उठेर दलित तथा सम्पूर्ण सीमान्तकृत समुदायप्रति विगतमा भएका सबै प्रकारका भेदभाव, विशेषगरी राज्यबाट भएका असमान व्यवहारका लागि सार्वजनिक रूपमा क्षमा माग्दै बालेन सरकारले उनीहरूको न्याय सुनिश्चित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । यस्तो कदम सुरुदेखि नै गरेर देखाउनु आफैंमा उल्लेखनीय छ। विश्वभर विभिन्न कानुनहरू भए तापनि अझै पनि धेरै समुदाय राजनीतिक, परम्परागत र धार्मिक कारणले भेदभावको सिकार भइरहेका छन्। नेपालमा नव निर्वाचित, युवा नेतृत्वमा आएको मन्त्रिपरिषद्ले देखाएको यस प्रकारको आत्मस्वीकार र क्षमायाचनाको उदाहरण धेरै देशका नेताहरूले प्रस्तुत गर्न सकेका छैनन्।

नेपाल अहिले एक युवा, ऊर्जाशील, शिक्षित र लोकप्रिय प्रधानमन्त्रीको नेतृत्वमा अघि बढिरहेको छ, जसको १५ सदस्यीय मन्त्रिपरिषद्मा पाँच जना महिला रहेका छन्- संविधानले परिकल्पना गरेअनुसार ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्दै । सन् १९९० मा प्रजातन्त्र पुनःस्थापनापछि पहिलोपटक मन्त्रीपरिषद्मा ३३ प्रतिशत महिला मन्त्रीहरूको सहभागिता देखिएको हो । प्रधानमन्त्री बालेन्द्र शाहको मन्त्रीपरिषद्मा अधिकांश अनुहारहरू यस्ता छन्, जो कुनै पनि दलसँग प्रत्यक्ष रूपमा आबद्ध थिएनन्। तर उनीहरू सबै शिक्षित छन् र वादी समुदायजस्ता विभिन्न समुदायहरूको प्रतिनिधित्व गर्छन्, जसको अस्तित्व परम्परागत सामन्तवादी प्रथाहरूले निर्माण गरेको छ, जुन मानव अधिकारका सिद्धान्तसँग मेल खाँदैन।

यस मन्त्रीपरिषद्ले सुरुदेखि नै बलियो रूपमा काम प्रारम्भ गरेको छ। भ्रष्टाचार र अन्यायविरुद्ध कदम चाल्नुका साथै सरकारले शिक्षा, सुरक्षा निकाय र निजामती सेवामा सुधारका पहलहरू पनि अघि बढाएको छ। यो सरकारको सुरुवात नेपालमाथि छाएको कालो बादलबिचको एक उज्यालो आशा जस्तै हो। अब सबै नेपाली तथा देशको विकासलाई नजिकबाट नियालिरहेका सबैले यस युवा नेतृत्वलाई सहयोग गर्ने समय आएको छ, ताकि यस्तो देश निर्माण होस्, जहाँ सबै छोरीहरू सुरक्षित हुन् र सबै युवाहरूले आधार भूत आवश्यकताहरू तथा जीविकोपार्जनका अवसरहरू पाऊन् र राम्रो भविष्यको खोजीमा विदेश जान बाध्य नहुन्।

प्रधानमन्त्री बालेन र उनको टोलीले सुधारका कदमहरू अघि बढाइरहँदा देशको विकासको मार्ग कस्तो हुनुपर्छ भन्ने विषयमा गहिरो समीक्षा गर्नुपर्ने आवश्यकता छ । पत्रकारिता र विकास क्षेत्रमा ३० वर्षभन्दा बढी अनुभवका आधारमा म केही सरल सुझावहरू प्रस्तुत गर्न चाहन्छु। हाम्रो दृष्टि यस्तो हुनुपर्छ कि सबै नेपाली बालबालिकाले आफ्नै 'पेट र पकेट' आफैं भर्न सकून्। त्यसो कसरी सम्भव हुन्छ त ? हामीले शिक्षा प्रणालीलाई घर, समुदाय तथा विद्यालय र विश्वविद्यालयसम्म सुधार गर्नुपर्छ, जहाँ छोरी, छोरा र तेस्रो लिंगका बालबालिकाबिच कुनै भेदभाव नहोस् । बालबालिकालाई आत्महेरचाह, व्यक्तिगत सरसफाइ र आर्थिक रूपमा आत्मनिर्भर बन्ने सिपहरू सिकाउन आवश्यक छ।

यसका लागि, सबै बालबालिकालाई लिंग, वर्ग वा जातका आधारमा भेदभाव नगरी समान रूपमा शिक्षा दिनुपर्छ। उनीहरूले पेसागत सिपहरू सिक्नुपर्छ र सँगसँगै घरायसी कामहरू पनि गर्न सिक्नुपर्छ, ताकि उनीहरू स्वतन्त्र रूपमा जीवनयापन गर्न सकून् र सरल, स्वस्थ, सुरक्षित र आत्मनिर्भर जीवनशैली अपनाउन सकून्। बालबालिका बढ्दै जाँदा उनीहरूलाई आफ्ना अधिकारबारे जानकारी दिनु अत्यन्तै आवश्यक छ र कुनै पनि वयस्क वा अन्य व्यक्तिलाई उनीहरूमाथि शारीरिक, मानसिक, यौन वा अन्य कुनै प्रकारको दुर्व्यवहार गर्ने अधिकार छैन भन्ने कुरा बुझाउनुपर्छ। उनीहरूले अरूको अधिकार उल्लंघन गर्न नहुने कुरा बुझ्नुपर्छ।

अहिले पनि धेरै ठाउँमा छोरीहरूले विद्यालय जानुका साथै सम्पूर्ण घरायसी काम सम्हाल्नुपर्ने अपेक्षा गरिन्छ, जबकि छोराहरूलाई खाना पकाउने, सफा गर्ने र घर व्यवस्थापन गर्नेजस्ता आधार भूत जीवन सिपहरू सिक्न प्रोत्साहित गरिँदैन । यसले सानैदेखि लैंगिकताको आधारमा बालबालिकालाई असमान व्यवहार गर्न घरबाटै सिकाइन्छ।

> शिक्षा प्रणाली सुधार गर्दै सबै बालबालिकालाई आत्मनिर्भर बनाउने, जीवनोपयोगी सिप सिकाउने र लैंगिक तथा सामाजिक समानता कायम गर्ने लक्ष्यले मात्र 'पेट र पकेट' आफैं भर्न सक्ने सक्षम नागरिक तयार गर्न सकिन्छ।

कक्षा १२ सम्म पुग्दा बालबालिकाले व्यक्तिगत आवश्यकता पूरा गर्ने सिप हासिल गरिसकेको हुनुपर्छ र कुनै पनि प्रतिकूल परिस्थितिमा 'नाइँ' भन्न सक्ने आत्मविश्वास विकास गरेको हुनुपर्छ। बालबालिकामाथि हुने शारीरिक र यौन दुर्व्यवहार प्रायः आफ्नै परिवार, साथी, शिक्षक वा छिमेकीबाट हुने गरेको पाइन्छ। प्राथमिक तहदेखि नै शिक्षा प्रणालीमा यस्ता जीवन सिपहरू समावेश गर्नुपर्छ, जसले बालबालिकालाई जोखिम पहिचान गर्न र विश्वसनीय वयस्कहरूसँग रिपोर्ट गर्न सक्षम बनाओस्।

धेरै 'स्क्यान्डिनेभियन' देशहरूमा बालबालिकालाई सानैदेखि आफैंलाई कसरी सुरक्षित राख्ने र नसक्ने अवस्थामा कसरी शान्त रहने र घटनालाई तुरुन्त सरकारी संयन्त्रमा जानकारी गराउने भन्ने सिकाइन्छ- फोनमार्फत वा नजिकको प्रहरी वा सामाजिक सेवा केन्द्रमा पुगेर। नेपालमा शिक्षा प्रणाली सुधार गर्दा र पाठ्यक्रम पुनरावलोकनमा यस्ता पक्षहरूलाई समावेश गर्न आवश्यक छ।

आधारभूत शिक्षामा विज्ञान, गणित, भूगोल, इतिहास, नैतिक शिक्षा र भाषाजस्ता विषयहरू निरन्तर समावेश हुनुपर्छ, साथै अहिलेको समयमा मिडिया साक्षरतालाई पनि जोड दिनुपर्छ। तर यससँगै सबै धर्म र संस्कृतिको सम्मान गर्ने मूल्य प्रणाली पनि विकास गरिनुपर्छ।

जलवायु परिवर्तनले जीवनका सबै पक्षहरूमा नकारात्मक प्रभाव पारिरहेकाले पाठ्यक्रमलाई परिमार्जन गरी बालबालिकालाई डिजिटल माध्यमको प्रभावकारी प्रयोग, स्थानीय क्षेत्रमा कृषि, उद्योग र वातावरण सुधार गर्ने उपायहरू सिकाउन आवश्यक छ । यसले नेपालभर सन्तुलित विकासलाई सहयोग पुऱ्याउनेछ र शिक्षा तथा रोजगारीका लागि सहरतर्फ हुने बसाइँसराइलाई कम गर्नेछ।

यसको एउटा उदाहरण मैले संलग्न भएको एक सामुदायिक विकास परियोजना हो, जसले स्थानीय स्रोतहरूको उपयोग गर्दै समुदायलाई सुदृढ बनाउने लक्ष्य राखेको थियो। क्यानडामा सहकारी र क्रेडिट युनियन प्रणालीका उत्कृष्ट नमुनाहरू पाइन्छन् । सन् १९९० को दशकको अन्त्यतिर जुम्लामा सञ्चालन गरिएको समुदायमा आधारित आर्थिक विकास परियोजनाका उल्लेखनीय उपलब्धिहरू आज पुनः ध्यान दिन योग्य छन्।

समुदायहरूले स्थानीय अवस्थाअनुसार उपयुक्त बिउ विकास गर्ने कृषि सहकारीहरू गठन गरे, जसअन्तर्गत गाजर, मुलाजस्ता बाली उत्पादन गरी छिमेकी जिल्लाहरूमा त्यसको बिउ निर्यातसमेत गरियो, जसले स्थानीय अर्थतन्त्रलाई मजबुत बनायो । त्यहाँका बासिन्दाहरू मिलेर प्रयोगकर्ता समूहहरू बनाएर साना जलविद्युत् प्रणाली सञ्चालन गरी स्थानीय विद्युत् आवश्यकताहरू पूरा गरे । महिलाहरूले बचत तथा ऋण सहकारीहरू गठन गरे, जसले उनीहरूलाई आर्थिक व्यवस्थापन सिप विकास गर्न र औपचारिक वित्तीय संस्थाहरूको अभावमा आफ्नै समुदायभित्रबाट बचत परिचालन गरी ऋण प्राप्त गर्न सक्षम बनायो । यी सहकारीहरूले महिलाहरूलाई आफ्ना अधिकारका लागि आवाज उठाउन र घरेलु हिंसाविरुद्ध बोल्न पनि सशक्त बनाए।

यसैगरी सन् १९७० को दशकमा सुरु भएको नेपाल साना किसान विकास परियोजनाले पनि समुदायमा आधारित दृष्टिकोण अपनाई स्थानीय किसानहरूलाई सहकारीमा आबद्ध गराउँदै कृषि उत्पादन वृद्धि र स्थानीय आर्थिक स्रोत परिचालनमा सहयोग पुऱ्यायो। दुर्भाग्यवश, पछिल्लो समय नेपालमा सहकारी आन्दोलन ठगी र हिनामिनाका कारण बदनाम भएको छ । साथै बदलिँदै गरेका विभिन्न सरकारहरूले दीर्घकालीन राष्ट्रिय विकासलाई प्राथमिकता दिन नसकी व्यक्तिगत स्वार्थमा केन्द्रित हुने प्रवृत्ति देखाएका छन् । फलस्वरूप विश्व बैंक, एसियाली विकास बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषजस्ता संस्थाबाट प्राप्त सहयोग देशको हितमा पूर्ण रूपमा उपयोग हुन सकेको छैन।

अब नयाँ, ऊर्जाशील र शिक्षित प्रधानमन्त्री बालेन, उनको मन्त्रीपरिषद् तथा निर्वाचित प्रतिनिधिहरूले विगतका अनुभवहरूको समीक्षा गर्दै स्थानीय विकासलाई प्राथमिकता दिने रणनीति निर्माण गर्न आवश्यक छ। यसले आत्मनिर्भर र समृद्ध नेपाल निर्माणमा सहयोग पुऱ्याउनेछ।

पहिलो कदम भनेकै शिक्षा प्रणालीमा सुधार गर्नु हो, जसले सबै नेपालीलाई समान अवसरका साथ शिक्षित बनाउँदै उनीहरूलाई आफ्नै 'पेट र पकेट' आफैं भर्न सक्षम बनाओस्।

# के चीनले आन्तरिक समृद्धि-क्षमता राख्छ ?

**चीनको दीर्घकालीन वृद्धि अब आन्तरिक उपभोगमा निर्भर हुनेछ । यद्यपि कम उपभोग, उच्च बचत र आय असमानताले घरपरिवारको खर्च क्षमतामा बाधा पुऱ्याएको छ । यसको समाधान गर्न व्यापक सामाजिक र आर्थिक सुधार आवश्यक छ ।**



केयु जिन


चीनले एउटा रोचक विरोधाभास प्रस्तुत गर्छ। कृत्रिम बुद्धिमत्ता (एआई), विद्युतीय सवारी साधन र उन्नत उत्पादनजस्ता क्षेत्रमा उसले तीव्र गतिमा सफलता हासिल गरिरहेको छ र चीन विश्वकै सबैभन्दा गतिशील प्राविधिक शक्तिमध्ये एक बनेको छ। तर, उसको अर्थतन्त्रको वृद्धि भने निरन्तर सुस्त हुँदै गएको छ । यसको कारणमा त्यस्तो कुनै रहस्य छैन। चीन सरकारको पछिल्लो १५औं पञ्चवर्षीय योजना (२०२६-२०३०) ले पनि स्विकारेझैं चीन अहिले चक्रीय मन्दी होइन, संरचनात्मक रूपान्तरणको चरणमा छ । पुरानो विकास मोडेल बिस्तारै परित्याग हुँदै छ तर तत्कालै नयाँ मोडेलले अझै पूर्ण रूपमा जरा गाड्न सकेको छैन।

त्यसो त यो रूपान्तरण केवल आर्थिक विषय होइन । यसले एउटा गहिरो उद्देश्य बोकेको छ- रणनीतिक स्वायत्तता । अब प्रश्न केवल चीनले वृद्धि गर्न सक्छ कि सक्दैन भन्ने मात्र होइन, बरु आफ्नै सर्तमा वृद्धि गर्न सक्छ कि सक्दैन भन्ने हो। बाह्य माग, विदेशी पुँजी वा आयातित प्रविधिमा अत्यधिक निर्भर प्रणाली स्वभावतः जोखिमयुक्त हुन्छ र हाल विश्वमा देखिएको ऊर्जा झट्काले यो वास्तविकतालाई अझ स्पष्ट बनाइदिएको छ। त्यसैले चीनको १५औं पञ्चवर्षीय योजनाले संरचनात्मक निर्भरतालाई घटाउने लक्ष्य राखेको छ।

दशकौंसम्म चीनको वृद्धि उकास्न र आपूर्ति विस्तार गर्न लगानी-प्रेरित र निर्यात-केन्द्रित मोडेल अत्यन्त प्रभावकारी थियो। तीव्र वैश्वीकरण, अनुकूल जनसांख्यिक अवस्था, द्रुत सहरीकरण र रियल इस्टेट उछालको समयमा यसले चीनलाई असाधारण उपलब्धि दिलायो । यसले घरेलु माग र सामाजिक कल्याण पर्याप्त रूपमा बढाउन सकेन र यो मोडेल आफ्नो सीमाको किनारामा पुगेको छ। उन्नत प्रविधि क्षेत्रहरू रणनीतिक रूपमा महत्त्वपूर्ण भए पनि तिनको समष्टिगत आर्थिक तौल सीमित छ। उदाहरणका लागि उच्चस्तरीय उत्पादन क्षेत्रले गत वर्ष कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब ६ प्रतिशत हिस्सा मात्र ओगटेको थियो र यसले प्रतिस्थापन गर्न खोजेको रियल इस्टेट क्षेत्र जत्तिकै स्थानीय सरकारलाई आम्दानी दिन सकेको छैन।

अब चीनलाई आवश्यक पर्ने स्तरको वृद्धि टिकाइराख्न सक्ने एक मात्र इन्जिन भनेको आन्तरिक उपभोग हो । हुवावेको स्थायित्व र डिपसिकजस्ता एआई कम्पनीहरूको उदयमार्फत आविष्कारतर्फका कठिन अवरोध पार गर्न सफल चीनजस्तो देशका लागि घरपरिवारलाई बढी खर्च गर्न प्रेरित गर्नु धेरै कठिन नहुन सक्छ। तर चीनको आर्थिक संरचनामै लामो समयदेखि कम उपभोगको प्रवृत्ति जरा गाडेर बसेको हुनाले यो चीनले सामना गर्ने सबैभन्दा कठिन चुनौती बन्न सक्छ।

चीनको हालको उपभोग स्तर र विश्वव्यापी मानकबिचको दुरीले खर्बौं डलर बराबरको अव्यक्त माग संकेत गर्छ। यो अन्तर विशेष गरी सेवा क्षेत्रमा अझ स्पष्ट छ। चीनको वास्तविक उपभोग स्तर अमेरिकाको करिब ५०-८० प्रतिशतको हाराहारीमा छ, जुन मध्यम-आय भएको ओइसिडी अर्थतन्त्रको स्तरसँग मिल्दोजुल्दो हो । तर सेवा-उपभोगको स्तर निकै पछाडि छ र विकसित अर्थतन्त्रहरूको तुलनामा यो अनुमानित १५-२० प्रतिशत विन्दुले कम छ।




१५औं पञ्चवर्षीय योजना यही असन्तुलन समाधान गर्ने चीन सरकारको अहिलेसम्मकै सबैभन्दा संगठित प्रयास हो- यद्यपि यसको परिणाम आउन समय लाग्नेछ। यसको मूलमा एउटा नयाँ सिद्धान्त छ- सर्वसाधारण मानिसमा लगानी गरेर घरेलु माग बढाउने।

सुरुआत पेन्सनबाट गरौं । अहिले चीनमा सामाजिक सुरक्षाको वितरण अत्यन्त असमान छ । ग्रामीण क्षेत्रमा मासिक पेन्सन औसतमा केवल ३५ अमेरिकी डलर जति छ, जुन सहरी अवकाशप्राप्तको भन्दा ७ प्रतिशतले कम हो। तर अब ग्रामीण पेन्सन तीन वर्षभित्र करिब ८५ डलर र पाँच वर्षभित्र झन्डै १४० डलर पुऱ्याइने लक्ष्य छ। केही अनुमानअनुसार यही एउटा परिवर्तनले मात्र अन्ततः उपभोगलाई जिडिपीको ५-१० प्रतिशत विन्दुसम्म बढाउन सक्छ।

यो केवल पहिलो पाइला हो। चीनमा उपभोग बढाउन बाधा पुऱ्याउने कारणमा कमजोर आय अपेक्षा, भविष्यको डरले गरिने उच्च बचत र घरपरिवारको वित्तीय सन्तुलनमा परेको दबाब हो। यसलाई हेर्दा चिनियाँ परिवारलाई बढी खर्च गर्न लगाउन छोटो समयका राहत कार्यक्रम मात्र पर्याप्त हुँदैन । त्यसका लागि अर्थतन्त्रभरि आम्दानी, सुरक्षा र अवसरको राम्रो बाँडफाँड हुनुपर्छ।

यसलाई ध्यानमा राख्दै १५औं पञ्चवर्षीय योजनाले निःशुल्क शिक्षाको दायरा विस्तार गर्ने, अनिवार्य शिक्षाका वर्षहरू बढाउने, बालसन्तान हेरचाहको लागत घटाउने र व्यावसायिक तालिम विस्तार गर्ने लक्ष्य राखेको छ । साथै यसले घरपरिवार दर्ता प्रणालीमा सुधार गर्ने आधार तयार पार्दै आन्तरिक आप्रवासी कामदारहरूलाई सहरी कल्याण प्रणालीमा पूर्ण रूपमा समेट्ने प्रयास गर्नेछ। त्यसबाहेक ग्रामीण भूमिसुधार, सार्वजनिक आवास सुधार र सहरी पुनर्निर्माण कार्यक्रममार्फत घरपरिवारको सम्पत्ति सक्रिय बनाउने र जीवनयापन लागत स्थिर राख्ने लक्ष्य पनि छ।

घरपरिवारले आवश्यक स्तरमा खर्च गर्न पर्याप्त सुरक्षा महसुस गर्नका लागि सम्पत्ति सिर्जनाका व्यापक अवसरहरू पनि अत्यावश्यक छन् । सन् २०२५ सम्म चीनको सेयरबजार पुँजीकरण करिब १०० ट्रिलियन युआन (१४.५ ट्रिलियन डलर) पुगेको थियो, जुन जिडिपीको करिब ७७ प्रतिशत हो । यो विकसित बजारहरूमा सामान्य मानिने १००-१२० प्रतिशत अनुपातभन्दा निकै कम हो।

चीनका पुँजीबजार विस्तार गर्नु केवल वित्तीय आवश्यकता मात्र होइन, यो संरचनात्मक र रणनीतिक आवश्यकता पनि हो । यसले बाह्य पुँजीमाथिको निर्भरता घटाउन मद्दत गर्छ। पुँजीबजारले बचतलाई अझ उत्पादक क्षेत्र विशेष गरी सेवा र उच्च प्रविधि उद्योगतर्फ आकर्षित गर्छ र घरपरिवारलाई आफ्नो बचत लगानी गरेर दिगो सम्पत्ति सिर्जनामा सहभागी हुने अवसर दिन्छ। त्यसैले रियल इस्टेट, आधारित सम्पत्तिबाट वित्तीय सम्पत्तितर्फ र लगानीमा आधारित वृद्धिबाट उपभोगमा आधारित मागतर्फ सर्ने प्रक्रियाका लागि पुँजीबजार अपरिहार्य छन्।

१५औं पञ्चवर्षीय योजनाले भनेझैं चीनको पुँजीबजार ठुलो बनाउन सेयर जारी गर्ने प्रणाली सुधार्न, कम्पनी सञ्चालनलाई पारदर्शी र जिम्मेवार बनाउन, लगानीकर्तालाई लाभांश दिन र सेयर पुनर्खरिदलाई बढावा दिन तथा पेन्सन र बिमा कोषबाट दीर्घकालीन लगानी तान्न गहिरा सुधार गर्नुपर्छ। त्यस्तै क्रमिक वित्तीय खुलापन र विदेशी सहभागिता विस्तारले बजारको गहिराइ र एकीकरण बढाउनेछ।

यी नीतिले निकट भविष्यमा साँच्चै अर्थपूर्ण रूपमा उपभोग बढाउँछन् कि बढाउँदैनन् ? त्यो हेर्न बाँकी छ। यति कुरा भने स्पष्ट छ- यी उपाय अघिल्ला पञ्चवर्षीय योजनाभन्दा फरक हुन् । विगतका योजनामा उपभोगलाई लगानी र निर्यातजस्ता परम्परागत वृद्धि इन्जिनहरूको तुलनामा दोस्रो प्राथमिकतामा राखिन्थ्यो । अब बाह्य परिस्थितिहरू बदलिएका छन् र माग, प्रविधि, पुँजी वा ऊर्जाका लागि अरूमाथि निर्भर हुनु नै असुरक्षाको पर्याय बन्न थालेको छ।

भूराजनीतिक अस्थिरता र विश्वव्यापी विखण्डन तीव्र भइरहेका बेला चीनले उपभोग-नेतृत्वको मोडेल अँगाल्नु केवल आर्थिक वृद्धि पुनर्सन्तुलनको विषय मात्र होइन, यो विकासलाई अझ मजबुत रूपमा स्वदेशमै निर्भर गर्ने प्रयास पनि हो। बलियो घरेलु मागले बाह्य झट्काबाट केही हदसम्म सुरक्षा दिन्छ र विकसित पुँजीबजारसँग मिलेर यसले रणनीतिक स्वायत्तता मजबुत बनाउन ठुलो मद्दत गर्न सक्छ।

यस अर्थमा चीनको दिशाबोध स्पष्ट छ। उसले आफ्नै शैलीमा त्यस्ता अवस्थाहरू पुनः सिर्जना गर्न खोजिरहेको छ, जसको लाभ केही विशेषाधिकार प्राप्त अर्थतन्त्रहरूले लामो समयदेखि उठाइरहेका छन्।

*-केयु जिन हङकङ युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजीकी अर्थशास्त्र विभागकी प्राध्यापक हुन्।*
*(प्रोजेक्ट सिन्डिकेटबाट)*



राजधानीमा बिहीबारदेखि सुरु भएको एसइई दिन केन्द्रमा पुगेका छात्रछात्रा । तस्बिर : नागरिक

# अंग्रेजी विषयको उत्तरपुस्तिका परीक्षण सुरु

एसइई

रूबी रौनियार

*काठमाडौं, चैत १९*

एसइई परीक्षा सम्पन्न भएको एक महिनाभित्र नतिजा प्रकाशन गर्ने निर्णय कार्यान्वयनमा ल्याउन देशभरिका एक हजार नौ सय ६१ परीक्षा केन्द्रमा उत्तरपुस्तिका परीक्षण सुरु भएको छ । यस वर्षको एसइई बिहीबारदेखि सुरु भएको छ । पहिलो दिन अनिवार्य अंग्रेजीको परीक्षा भएको छ ।

काठमाडौं डिल्लीबजारस्थित पद्मकन्या विद्याश्रम माध्यमिक परीक्षा केन्द्रमा अंग्रेजी विषयको परीक्षा सकिएको दुई घण्टाभित्रै उत्तरपुस्तिका परीक्षा गर्न थालिएको केन्द्राध्यक्ष रीता तिवारीले बताइन् । यहाँ आठ वटा विद्यालयका तीन सय पाँचजना परीक्षार्थीको परीक्षा केन्द्र तोकिएको छ । पहिलो दिनको परीक्षामा यो केन्द्रमा तीन जना परीक्षार्थी अनुपस्थित रहे ।

'अनिवार्य अंग्रेजी विषयको परीक्षा आठ विद्यालयका तीन सय दुई जना सहभागी भए । तीन घण्टाको परीक्षा बिहान ११ बजे सकिएपछि उत्तरपुस्तिकालाई लाहछाप लगाएर प्रहरीको रोहबरमा केन्द्रमै राखियो', केन्द्राध्यक्ष तिवारीले भनिन्, 'परीक्षा सकिएको दुई घन्टामै अर्थात् १ बजेदेखि हाम्रो केन्द्रमा उत्तरपुस्तिका परीक्षण कार्य सुरु भयो । सिसिटिभी क्यामेराको निगरानीमा उत्तर कुन्जिकाको आधारमा परीक्षकहरुले उत्तरपुस्तिका परीक्षण गरिरहनु भएको छ ।' उनका अनुसार उत्तर पुस्तिका परीक्षणमा रोस्टरअनुसार दुई परीक्षकले तीन दिनभित्र परीक्षणको काम सक्ने छन् र त्यसपछि सम्परीक्षको काम हुने छ । उनले भनिन्, 'परीक्षण र सम्परीक्षण गरिएका उत्तरपुस्तिका जिल्ला शिक्षा तथा समन्वय एकाइमा पठाउँछौं ।'

चाहेमा कुनै पनि काम सहज रुपमा गर्न सकिने गतिलो उदाहरण एसइई उत्तरपुस्तिका परीक्षणलाई लिन सकिने केन्द्राध्यक्ष तिवारीले बताइन् । 'अहिले राज्यले देशभरिका एक हजार नौ सय ६६ परीक्षा केन्द्रलाई नै उत्तर पुस्तिका परीक्षण केन्द्र कायम गरी शिक्षक र केन्द्राध्यलाई जावफदेही बनाउन खोजेको स्पष्ट छ,' तिवारीले भनिन्, 'अब एसइई विद्यालय तहका अन्य कक्षाका परीक्षा जस्तै बन्यो, हाउगुजी बनेन् । त्यही भएर आज हाम्रो केन्द्रमा अनुगमनमा पनि कोही आउनुभएन ।' उनका अनुसा विगतमा भन्दा निकै शान्त र मर्यादित रुपमा पहिलो दिनको परीक्षा सम्पन्न भएको छ ।

यसैगरी काठमाडौं त्रिपुरेश्वर स्थित विश्वनिकेतन परीक्षा केन्द्रबाट पनि सात वटा विद्यालयका तीन सय सात जना विद्यार्थीले अंग्रेजीको परीक्षा दिए । केन्द्राध्यक्ष हेरम्बराज कँडेलका अनुसार प्रहरी र सिसिटिभी क्यामेराको निगरानीमा रोस्टरमा परेका तीन परीक्षकले उत्तरपुस्तिका परीक्षण थालेका छन् । 'प्रत्येक दिन हुने परीक्षाको उत्तरपुस्तिका परीक्षण सोही दिनबाट थालिन्छ । सरकारले सुम्पेको जिम्मेवारी हामी बहन गर्छौं', कँडेलले भने, '१९९० सालदेखि सुरु भएको एसएलसी परीक्षालाई अहिले एसइई भन्न थालिएको छ । विगतमा परीक्षा सकिएपछि केन्द्राध्यक्षले उत्तर पुस्तिकामा लाहछाप लगाएर प्रहरी चौकीमा बुझाउने चलनको अहिले अन्त भएको छ ।'

उनका अनुसार परीक्षा सकिएलगत्तै केन्द्रमै उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण गर्ने व्यवस्था भएपछि नतिजा एक महिनाभित्रै प्रकाशन गर्न सहज हुन्छ । विगतमा नतिजाका लागि परीक्षार्थीले तीन महिनासम्म कुर्नुपर्थ्यो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले मन्त्रीस्तरीय निर्णयबाट एसइईको परीक्षा सकिएको एक मिहनाभित्र नतिजा प्रकाशन गर्ने निर्णय गरेपछि राष्ट्रिय परीक्षा बोर्डले पनि सोहीअनुसारको मार्गचित्र बनाएर पास गरेको छ ।

'एसइईको नतिजा एक महिनाभित्र प्रकाशन भएपछि कक्षा ११ को भर्ना र परीक्षा पनि समयमै हुन्छ । यो क्रम कक्षा १२ मा पनि चल्छ,' पद्मकन्या मावि केन्द्रकी केन्द्राध्यक्ष तिवारीले भनिन्, 'यसले विश्वविद्यालयको शिक्षा पनि समयमै पूरा हुने देखिन्छ । अब विद्यार्थीको शैक्षिक सत्र खेर जाँदैन ।'

एसइईको परीक्ष सकिएको एक महिनाभित्रै नतिजा प्रकाशन गर्ने निर्णय कार्यान्वयन गर्न देशभरिका एक हजार नौ सय ६६ परीक्षा केन्द्रहरुमा दैनिक परीक्षा सकिएलगत्तै उत्तरपुस्तिका परीक्षण थालिएको काठमाडौं जिल्ला शिक्षा तथा समवन्य एकाइ प्रमुख सेमन्तराज आचार्यले बताए ।

'काठमाडौं जिल्लाका १३५ वटा परीक्षा केन्द्रबाट ४१ हजार विद्यार्थीले एसइई दिइरहेका छन् । सुन्धारा कारागारबाहेक १३४ परीक्षा केन्द्रलाई नै उत्तरपुस्तिका परीक्षण केन्द्र कायम गरिएको छ, आचार्यले भने, 'दुई केन्द्रमा परीक्षक नपुगेकाले छिमेकी केन्द्रबाट सहयोग लिएर उत्तरपुस्तिका परीक्षण गराउन निर्देशन दिइएको छ ।' उनका अनुसार सीमित स्रोतसाधान र जनशक्तिमा समेत उत्तर पुस्तिका परीक्षण भइरहेको छ । उनले भने, 'एकाइले परीक्षण गरिएका उत्तर पुस्तिका पाँच दिनभित्र राष्ट्रिय परीक्षा बोर्ड केन्द्रमा पठाउनुपर्ने कार्यविधि छ ।' दुई वर्ष एसइईका उत्तरपुस्तिका परीक्षण गरेकालाई परीक्षकको रोस्टरमा राख्ने कार्यविधि छ ।

एसइई नियन्त्रक टुकराज अधिकारीका अनुसार बिहीबारको परीक्षा सबै केन्द्रमा शान्तिपूर्ण र मर्यादित रुपमा सम्पन्न भएको छ । 'पहिलो दिन अनिवार्य अंग्रेजीको परीक्षा सम्पन्न भएपछि उत्तरपुस्तिका परीक्षण पनि सुरु भएको जनाकारी प्राप्त भएको छ,' उनले भने । यसपटक पाँच लाख १२ हजार नौ सय ६१ परीक्षार्थी छन् ।

# प्रदेशको डबली स्थानीय तहलाई हस्तान्तरण

देवेन्द्र बस्नेत

*दाङ, चैत १९*

लुम्बिनी प्रदेश सरकारले पाल्पाको तिनाउँ गाउँपालिका-२ मा निर्माण गरेको सांस्कृतिक डबली स्थानीय तहलाई हस्तान्तरण गरेको छ । प्रदेश सरकारले निर्माण गरेको उक्त डबलीको संरक्षण तथा सञ्चालनको अधिकार अब तिनाउ गाउँपालिकाले पाएको छ ।

लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायातमन्त्री प्रचण्डविक्रम न्यौपानेले गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठलाई सांस्कृतिक डबलीको संरक्षण तथा सञ्चालन अधिकारसहितको सम्झौता पत्र हस्तान्तरण गरे । मन्त्री न्यौपानेले स्थानीय तहलाई हस्तान्तरण गरिएको उक्त डबलीलाई पर्यटकीय क्षेत्रका रूपमा प्रवर्धन गर्न र आर्थिक स्रोतको माध्यमका रूपमा विकास गर्न आग्रह गरे । 'प्रदेश सरकारको लगानीमा निर्माण भएको सांस्कृतिक डबलीको संरक्षण तथा सञ्चालनको अधिकार तिनाउँ गाउँपालिकालाई दिइएको छ', मन्त्री न्यौपानेले भने, 'यो डबली अब पर्यटकीय क्षेत्रका रूपमा विस्तार हुने र आर्थिक स्रोतको बलियो माध्यम बन्ने अपेक्षा गरेका छौं ।'

यो डबली प्रदेश सरकारले तीन करोड ८४ लाख ९५ हजार पाँच सय रुपैयाँ लागतमा निर्माण गरेको हो । यो लागतमा निर्माण भएको सांस्कृतिक डबलीको सञ्चालन तथा संरक्षणको जिम्मा स्थानीय तहलाई दिने निर्णय प्रदेश सरकारले गरेको थियो । उद्योग, पर्यटन तथा यातायात मन्त्रालयको गत भदौ ९ को मन्त्रीस्तरीय निर्णयअनुसार सांस्कृतिक डबली सञ्चालन तथा व्यवस्थापनको जिम्मा तिनाउ गाउँपालिकालाई दिने निर्णय भएको थियो । सोही निर्णयका आधारमा तिनाउ गाउँपालिका र मन्त्रालयबीच दुईपक्षीय सम्झौता भएको हो ।

मन्त्रालय र गाउँपालिकाबिच भएको सम्झौताअनुसार उक्त सांस्कृतिक डबलीको संरक्षण, रेखदेख, मर्मत-सम्भार, संवर्धन गाउँपालिकाले गर्ने छ । यसैगरी प्रदेशको पहिचान झल्कने लोक संस्कृतिमा आधारित कार्यक्रम सञ्चालन गरिने, सामाजिक जागरणमूलक सांस्कृतिक अभियान सञ्चालन गरी कुसंस्कार, कुप्रथा, अन्धविश्वास, भेदभाव, शोषण तथा बेथिति निर्मूल पार्न र समाजमा नैतिक शिक्षाको प्रवर्धन गर्ने लक्ष्य लिइएको छ । यसैगरी प्रदेशका विभिन्न जातजाति र समुदायको मौलिक लोकगीत, लोकनृत्य, लोकनाट्य जस्ता सांस्कृतिक सम्पदा प्रदर्शन गर्ने मञ्चका रूपमा डबलीलाई प्रयोग गर्ने सम्झौता गरिएको छ । डबलीलाई सांस्कृतिक गन्तव्यका रूपमा विकास गरी आन्तरिक तथा बाह्य पर्यटकलाई आकर्षित गर्नेलगायतका सम्झौता मन्त्रालय र गाउँपालिकाबिच भएको छ ।



गाउँपालिकालाई डबली सञ्चालनका लागि सम्झौतापत्र हस्तान्तरण गर्दै मन्त्री प्रचण्डविक्रम न्यौपाने । *तस्बिर : नागरिक*

# किशोरीमाथि सामुहिक बलात्कार

गणेश विशु

*बाँके, चैत १९*

राप्तीसोनारी गाउँपालिका- ९ ढकेरीकी एक १८ वर्षीया किशोरीमाथि सामुहिक बलात्कार भएको घटना बाहिरिएको छ । माघ २१ गते साथीको जन्तीमा गएकी ती किशोरीलाई सामुहिक बलात्कार गर्ने चारजना युवक पक्राउ परेपछि घटना बाहिर आएको हो ।

घटना माघ २१ गते भएको भए पनि पीडितको मानसिक अवस्था गम्भीर रूपमा प्रभावित भएका कारण उजुरी दिन ढिलाइ भएको खुलेको छ । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख तथा प्रहरी उपरीक्षक (एसपी) अंगुर जिसीका अनुसार पीडित किशोरीले हालै मात्र स्वास्थ्यमा सुधार आएपछि प्रहरीसमक्ष उजुरी दिएकी थिइन् । उजुरी प्राप्त भएपछि प्रहरीले घटनाको अनुसन्धानलाई तीव्रता दिएको र संलग्न भनिएका व्यक्तिहरूलाई मंगलबार पक्राउ गरिएको उनले जानकारी दिए ।

प्रहरीका अनुसार माघ २१ गते किशोरी आफ्ना साथीसँग विवाह समारोहमा जन्ती गएकी थिइन् । सोही क्रममा ती युवकले उनलाई लट्ठ हुने खालको नशालु पदार्थ खुवाएर बेहोस बनाएको र त्यसपछि सामूहिकरूपमा बलात्कार गरेको आरोप छ । घटनापछि उनी मानसिकरूपमा कमजोर अवस्थामा पुगेकी थिइन्, जसका कारण तत्कालै घटना सार्वजनिक हुन सकेन ।

कोहलपुर नगरपालिका- ५ रझेना बस्ने २१ वर्षीय आशिष थारू, कोहलपुर नगरपालिका- ६ बस्ने २७ वर्षीय सन्दिप थारू, २१ वर्षीय निरज थारू तथा एक १६ वर्षीय किशोरलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय बाँकेका अनुसार पीडितको उजुरीका आधारमा इलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको हो ।


**TENDER NOTICE**
**(TECSES-NEPAL-ITT004-2026)**

TECSES NEPAL

SUOMI FINLAND

Co-funded by the European Union

First Published: 03 April 2026

The Technical Support Cooperation to the School Education Sector (TECSES) project, supported by Finland and the European Union and implemented by HY+, is a 5-year initiative focused on improving teacher education in Nepal. It works in close collaboration with the Ministry of Education, Science, and Technology (MoEST), as well as provincial and local governments and universities.

**TECSES** is inviting Tender to establish an agreement for "**Supply and Delivery of Information and Communication Technology (ICT) Equipment**"

Interested suppliers may obtain the Tender Document as follows:

- **By Email:** Submit a formal request to **pro.tecses@hyplus.fi**
- **In Person:** Collect the documents from the TECSES Project Office, Kathmandu.

**Submission Procedure:**

Bids must be submitted following manner:

- **Physical Submission:** In a Single-Stage: Two Envelope Bidding Procedure, deposited at the TECSES Project Office, Kathmandu.

**Address: TECSES Project, Nepal Office, Shreedham Society, Patangry Marga, Thapathali Height Kathmandu, Nepal**

**Last Date for Bid Submission**: Monday, **23 April 2026**, 2:00 PM (Nepal Time)

**Bid Opening:** Monday, **23 April 2026,** 3:00 PM (Nepal Time)

The TECSES Project reserves the right to accept or reject any bid, either wholly or partially, or to cancel the entire tender process without assigning any reason whatsoever.

**TECSES Project, Nepal Office**
Shreedham Society, Patangry Marga, Thapathali Height
Kathmandu, Nepal

HY+


# जुम्लामा आर्थिक गणना सुरु

गोल्डेन बुढा

*जुम्ला, चैत १९*

जुम्लामा आगामी वैशाख २ देखि असार ७ सम्म सञ्चालन हुन लागेको आर्थिक गणनाले जिल्लाको वास्तविक आर्थिक संरचना उजागर गर्ने अपेक्षा गरिएको छ । विश्वसनीय तथ्यांकमार्फत दीर्घकालीन नीति निर्माण र प्रभावकारी योजना तर्जुमा गर्ने लक्ष्यसहित यो गणना अघि बढाइएको हो ।

जिल्ला आर्थिक गणना कार्यालय जुम्लाका अनुसार १७ जना गणक र तीनजना सुपरिवेक्षक परिचालन गरी जिल्लाभरका कृषि, वन, माछापालन तथा अन्य व्यावसायिक प्रतिष्ठानहरूको सूक्ष्म विवरण संकलन गरिने छ । यसअघि आर्थिक गणना २०७५ ले जुम्लाको अर्थतन्त्रको एउटा आधारभूत चित्र प्रस्तुत गरेको थियो, जसअनुसार जिल्लामा एक हजार पाँचसय ६९ व्यापारिक, एक हजार दुई सय ४६ सेवा र दुई सय ६३ उद्योग प्रतिष्ठान सञ्चालनमा थिए ।

स्थानीय तहगत असमानताले भने विकासको सन्तुलन अझै चुनौतीपूर्ण रहेको संकेत गर्छ । जुम्लाको एक मात्र चन्दननाथ नगरपालिकामा एक हजार ५८ प्रतिष्ठान हुँदा गुठिचौर गाउँपालिकामा दुई सय १० मात्र सीमित हुनु आर्थिक गतिविधिको असन्तुलित वितरणको उदाहरण हो । अन्य पालिका कनकासुन्दरी (तीन सय ७४), तिला (तीन सय ५८), पातारासी (तीन सय आठ), सिँजा (दुई सय ९२), तातोपानी (दुई सय ६७) र हिमा गाउँपालिकामा (दुई सय ११) मा रहेका तथ्यांकले ग्रामीण अर्थतन्त्र अझै विस्तारको चरणमै रहेको देखाउँछ ।

यसपटकको गणनाले केवल संख्या अद्यावधिक गर्ने मात्र होइन, अनौपचारिक रूपमा सञ्चालन भइरहेका व्यवसाय पहिचान गरी औपचारिक दायरामा ल्याउने महत्त्वपूर्ण अवसर पनि प्रदान गर्ने छ । जिल्ला समन्वय समिति जुम्लाका प्रमुख गौरीनन्द आचार्यले दर्ताबाहिर रहेका प्रतिष्ठानलाई कानुनी दायरामा ल्याउनु अपरिहार्य रहेको उल्लेख गर्दै नियमनविहीन व्यवसायले राज्यको राजस्व र समग्र आर्थिक अनुशासनमा असर पारिरहेको औंल्याए । प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले भने गणनाबाट रोजगारीको यथार्थ अवस्था प्रस्ट हुने विश्वास व्यक्त गर्दै निजी क्षेत्रको सक्रिय सहकार्यबिना यो कार्य प्रभावकारी हुन नसक्ने बताए ।

राष्ट्रिय सन्दर्भमा हेर्दा आर्थिक गणना २०७५ ले महिलाको आर्थिक सहभागितामा उल्लेखनीय उपस्थिति देखाएको छ । महिलाको स्वामित्वमा दुई लाख ४७ हजार आठ सय ८० प्रतिष्ठान सञ्चालनमा रहँदा दुई लाख ७३ हजार चार सय ३६ प्रतिष्ठान महिलाले व्यवस्थापन गरिरहेका छन्, तर ५२.४ प्रतिशत प्रतिष्ठानले कारोबारको लेखा नराख्ने तथ्यले कर प्रणालीमा गम्भीर चुनौती रहेको संकेत गर्छ, जसले पारदर्शिता र उत्तरदायित्व दुवैलाई कमजोर बनाएको छ । देशभर कुल नौ लाख २३ हजार तीन सय ५६ प्रतिष्ठानमध्ये चार लाख ६२ हजार ६ सय मात्रै दर्ता भएका छन् ।


Government of Nepal
Ministry of Urban Development
Department of Urban development and Building Construction

**Project of Urban Development and Building Construction**

Okhaldhunga

**INVITATION FOR E-BIDS**

**Date of Publication: - 2082/12/20**


1. The Project of Urban Development and Building Construction, Okhaldhunga invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB Bidding Procedures(Single Stage Double Envelope). Major qualification criteria, name and identification of the contracts are mentioned below, though the details are in the bidding document.

| S.N. | Contract ID No. | Project Name | Average Annual Construction Turnover of the best 3 years within the last 10 years (NRs.) | Minimum Work Experience of similar size and nature (NRs.) | Bid Security Amounts (NRs.) | Bid document Price (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | PUDBC/OKHALD-HUNGA/WORKS/NCB/2082/083-08 | Infrastructure Development Works at Sivaduti Ma.Vi. Prapcha, Molung-05, Okhaldhunga District & Janajivan Ma.Vi. Leti Pokali, Likhu-09, Okhaldunga District (Construction of School Buildings at Sivaduti Ma.Vi. and Janajivan Ma.Vi.) | 36 Million | 9.55 Million | 7,50,000 | 5000 |
| 2 | PUDBC/OKHALD-HUNGA/WORKS/NCB/2082/083-09 | Construction of Hostel Building of Himalayan Adharbhut School at Khumbu Pasang Lamhu Rural Municipality Ward no.- 5, Solukhumbhu District | 36 Million | 9.55 Million | 7,50,000 | 5000 |

2. Bidder who chooses to submit their bid may purchase bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below Information to deposit the cost of bidding document in Bank:
**Name of the Bank: Rastriya Banijya Bank Ltd.**
**Name of the Office: Project of Urban Development & Building Construction, Okhaldhunga**
**Office Code no: 347011001**
**Account no: 1000100200010000**
**Rajaswa (revenue) Shirshak no: 14229**
3. Electronic bids must be submitted on or before 12:00 hours on 2083/01/20 and shall be electronically opened at 14:00 hours on 2083/01/20 at the office. Bids received after this deadline will be rejected.

**Project Chief**

## बजार



सुन तोला - २९४,०००
चाँदी तोला - ४७८०

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर - | १४८.६७ | १४९.२७ |
| युरो - | १७१.२४ | १७१.९३ |
| पाउण्ड स्टर्लिङ - | १९६.१३ | १९६.९२ |




सप्तरीको राजविराजस्थित मुख्य सडक छेउ अतिक्रमण गरी बनाइएका संरचना तथा पेटी डोजर लगाएर भत्काउँदै । तस्बिर : अरुणकुमार यादव/रासस

# फेवातालको मापदण्डबाहिरको जमिन फुकुवा गर्ने तयारी

**सन्देश श्रेष्ठ**

*पोखरा, चैत १९*


फेवातालको ६५ मिटर मापदण्ड बाहिरका जग्गा फुकुवा गर्ने तयारी भएको छ। फेवातालको ६५ मिटरमा नपर्ने तर अहिले रोक्का रहेका जग्गा फुकुवा गर्ने तयारीमा सरकार जुटेको हो।

नेपालको पर्यटनको राजधानी पोखरा र पोखराको प्रमुख पर्यटकीय गन्तव्य फेवाताल हो । फेवाताल मानवीय तथा प्राकृतिक अतिक्रमणमा परेपछि सो अतिक्रमणबाट जोगाउन ६५ मिटर मापदण्ड कायम गरिएको छ तर सरकारले सो ६५ मिटर कायम गर्दा त्यस बाहिर पर्ने सयौं रोपनी जमिन पनि रोक्का राख्दै आएको छ। फेवातालको उत्तरी कास्कीकोट क्षेत्र र पश्चिमी चापाकोट क्षेत्रमा पर्ने ६५ मिटर बाहिरका जग्गा रोक्का राखेको हो। जसले गर्दा स्थानीयले बेचबिखन गर्न पाएका छैनन् । स्थानीयले रोक्का जमिन फुकुवा गर्न पटक-पटक माग गरे पनि सम्बोधन भने भएको थिएन तर अब भने सो जग्गा फुकुवा हुने भएको छ । जसले गर्दा स्थानीयले जग्गा किनबेचको बाटो खुल्नेछ।

पोखरा महानगरपालिकाका प्रमुख (मेयर) धनराज आचार्यले फेवातालको मापदण्डबाहिरको जग्गा फुकुवा गर्ने तयारी भएको बताए । 'सैद्धान्तिक रूपमा मापदण्ड बाहिरका जग्गा फुकुवा गर्ने तयारी भएको छ', उनले भने, 'औपचारिक रूपमा भने चैत मसान्तभित्रमा निर्णय हुन्छ।' मापदण्ड बाहिरको जग्गा फुकुवाका लागि ६५ मिटर कायम गर्नुपर्ने र त्यसका लागि नापी र प्राविधिक समितिले संयुक्त रूपमा काम गरिरहेको उनको भनाइ छ । 'प्राविधिक समितिले अन्तिम प्रतिवेदन दिइसकेपछि पोखरा उपत्यका नगर विकास समितिको बैठक बसेर सिफारिस गर्ने र पोखरा महानगरपालिकाको बैठक बसेर औपचारिक निर्णय गर्ने भएका छौं', उनले भने।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पनि मापदण्डबाहिरको जग्गा फुकुवा गर्ने तयारी भइरहेको जानकारी गण्डकी प्रदेशसभामा गराएका छन् । मापदण्डबाहिरका जग्गा रोक्का राख्दा स्थानीय मारमा परेको उनको भनाइ छ । 'अहिले ६५ मिटरभन्दा परका जमिन पनि रोक्का गरिएको छ', उनले सदनमा भने, 'ती जमिनलाई फेवातालको ६५ मिटर कायम गरेर उनीहरूको जग्गा किनबेचका लागि खुल्ला गर्नुपर्ने अवस्था देखिएकाले त्यसतर्फ हामी कदम चाल्दैछौं ।'

सर्वोच्च अदालतले फेवातालको सिमाङ्कन र सौन्दर्य वृद्धि गर्न तीन तहको सरकारलाई उत्प्रेषणयुक्त परमादेश दिएको थियो ।



सर्वोच्चले विश्वप्रकाश लामिछानेको प्रतिवेदनलाई आधार बनाएर तालघर छुट्याउन, तालघरदेखि ६५ मिटर मापदण्ड कायम गर्न, मापदण्डभित्रका जग्गा व्यक्तिको हो वा दूषित यकिन गर्न र ती जग्गामा रहेका संरचना हटाउन पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार र संघ सरकारलाई जिम्मेवारी तोकिएको थियो । जसमा सिमाङ्कनको काम पोखरा महानगरपालिकालाई, सौन्दर्य वृद्धिको काम गण्डकी प्रदेश सरकारलाई र मुआब्जा तोक्ने र दिने काम संघ सरकारको जिम्मामा पर्ने गरी परमादेश गरेको थियो।

सोही अनुसार गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेको संयोजकत्वमा फेवाताल सम्बन्धी सर्वोच्चको फैसला कार्यान्वयन सहजीकरण समिति बनाइएको छ । सो समितिको पहलमा अहिले फेवातालको ताल घर छुट्याएर एक हजार ५५ वटा डिजिटल र फिजिकल पोल गाडिसकिएको छ । अब ६५ मिटर कायम गरेर ३१ सालअघि दर्ता भएका जग्गाको खोजी भइरहेको छ। त्यसपछि दर्ता भएका अतिक्रमित जग्गा पनि छुट्याउने काम भइरहेको मुख्यमन्त्री पाण्डेले बताए। सर्वोच्चको आदेश नै ३१ साल अघि दर्ता भएका जग्गा भए मुआब्जा दिनू र त्यसपछि दर्ता भएका जमिन अतिक्रमित करार गरेर खारेज गर्दिनू भन्नेछ, उनले भने, 'यो काम पहिले नै सकिने थियो तर जमिन छुट्याउने जिम्मा पाएको मालपोत र नापी सम्बन्धी दुई समितिले काम गरिरहँदा जेनजी आन्दोलनमा मालपोत र नापी कार्यालय जलेका कारण समयमा सकिएन, अहिले म्याद थपेर काम भइरहेको छ ।' सर्वोच्चको परमादेश अनुसार नै मुआब्जा दिनुपर्नेलाई मुआब्जा दिन संघ सरकारलाई लेखेर पठाउने र दूषित जमिन खारेज गरेर त्यसभित्र रहेका सबै संरचना खाली गराइने उनको भनाइ छ।

फेवाताल संरक्षणको मुद्दा संघ सरकारले पनि प्राथमिकतामा राखेको छ। उसले एक सय शासकीय सुधारमा यसलाई राखेर त्यस अवधिमा टुंग्याउने घोषणा गरेको छ भने सो घोषणा लगत्तै प्रधानमन्त्री वालेन्द्र शाहले पोखराका मेयर धनराज आचार्यले फोन गरेर फेवाताल संरक्षण सम्बन्धमा भइरहेका कामको प्रगतिबारे चासो राखेका थिए। प्रधानमन्त्रीले नै चासो राखेकाले फेवाताल संरक्षण सम्बन्धी कामले चाँडै पूर्णता पाउने मुख्यमन्त्री पाण्डेको विश्वास छ। एउटा खुसीको कुरा के छ भने योसँग संघ सरकारका प्रधानमन्त्रीले चासो राखिरहनु भएको छ, उनले भने, 'यसले हामीलाई उत्साहित बनाएको छ भने अब संघ सरकारले गर्नुपर्ने काम पनि समयमा गर्छ।'

मुख्यमन्त्री पाण्डेले स्थानीय र प्रदेश सरकारले सकेकोजति काम गरिरहेको बताए । केही ढिलासुस्ती त पक्कै भएको छ, उनले भने, 'मुआब्जा तोक्ने र दिने पनि संघ सरकारको हो । प्रधानमन्त्रीले नै चासो राखेकाले हुन्छ भन्ने विश्वास छ।' उनले फेवाताल संरक्षणमा अब बोल्ने नभई गर्ने बेला आएको बताए। 'स्थानीयले पनि बोल्ने होइन गर्ने बेला आएको छ', उनले थपे, 'प्रदेशले त भन्दै आएको र गर्दै पनि आएको छ। अब संघ सरकारले पनि बोल्ने मात्र होइन, गर्ने बेला पनि आएको छ । सोधनी मात्रै हुन्छ कि कार्यान्वयन पनि हुन्छ ? त्यो भोलिको दिनले बताउला तर उत्साहित चाहिँ बनाएको छ।'

समितिले पछिल्लो पटक यकिन गरेको क्षेत्रफलमा फेवातालको ताल घर र ६५ मिटरभित्रको क्षेत्र ६.३४३ वर्ग किलोमिटर अर्थात् १२ हजार चार सय ६८ रोपनी ३ पैसा ३ दाम कायम भएको छ।

फेवातालको क्षेत्रफल २०१८ सालमा १० वर्गकिलोमिटर थियो भने त्यसपछि गरिएका अध्ययनमा घट्दै गएको देखिएको छ । २०३१ सालमा गरिएको अध्ययनमा ६ वर्गकिलोमिटर, २०५२ मा ४.४३ वर्गकिलोमिटर, २०५७ मा ४.२५ वर्गकिलोमिटर हुँदै २०६४ सालमा ४.२ वर्ग किलोमिटरमा झरेको थियो । सर्वोच्च अदालतले २०८० साल असार ४ गते पूर्ण फैसला गर्दै विश्वप्रकाश लामिछाने प्रतिवेदनलाई आधार मानेर फेवातालको ५.६ वर्ग किलोमिटर क्षेत्रफल कायम गर्न भनेको छ।

साथै २०३१ पछि दर्ता भएका जग्गा खारेज गर्न तथा त्यसअघि दर्ता भएका जग्गा वालालाई मुआब्जा दिन भनेको छ । त्यस्तै फेवातालको ६५ मिटर कायम गरेर त्यसमा रहेका संरचना हटाइ त्यस क्षेत्रमा सौन्दर्य वृद्धि गर्न पनि आदेश दिइएको छ।

# चितवन निकुञ्जमा वन्यजन्तु जोगाउन कृत्रिम पोखरी

**वसन्त ढुंगाना**

*चितवन, चैत्र १९*

चितवन राष्ट्रिय निकुञ्जमा वन्यजन्तु संरक्षणका लागि कृत्रिम पोखरी निर्माण गरिएको छ । २०३० साल असोज ४ गते स्थापना भएको यो निकुञ्ज बाघ, हात्ती, गैंडालगायत वन्यजन्तुको महत्त्वपूर्ण बासस्थानका रूपमा परिचित छ । यो नेपालकै पहिलो राष्ट्रिय निकुञ्ज हो । मानिसलाई जस्तै वन्यजन्तु बाँच्नका लागि पनि आहारा र पानीको आवश्यकता पर्छ तर पछिल्लो समय घाँसे मैदान र सिमसार क्षेत्र माँसिदै गएपछि वन्यजन्तु संरक्षणमा चुनौति थपिँदै गइरहेको छ। यही समस्यालाई ध्यानमा राखेर घाँसे मैदान र सिमसार क्षेत्रको व्यवस्थापनमा निकुञ्ज लागि परेको छ।

यो आर्थिक वर्षमा चितवन राष्ट्रिय निकुञ्जले सुखीभार पोष्ट नजिकै कृत्रिम पोखरी निर्माण गरेको छ । सुक्खा याममा पानीको अभाव पूर्ति गर्न ९७ मिटर लम्बाइ र २५ मिटर चौडाइको सौर्य ऊर्जा जडानसहितको पोखरी निर्माण गरिएको छ । 'कृत्रिम पोखरी नजिकै एक सय मिटर पर



वर्षभरि बग्ने खोल्सोबाट सोलार बोरिङ जडान गरिएको छ, घाम लागेको बेला सोलारबाट पम्पिङ भएर पानी पोखरीमा आइपुग्छ', चितवन राष्ट्रिय निकुञ्जका संरक्षण अधिकृत प्रवीण पौडेलले भने, 'प्राकृतिक स्रोतबाट मात्रै सम्भव नभएपछि सुक्खायाममा पानीको अभाव पूर्ति गर्न यस्तो मानव निर्मित पानी पोखरी निर्माण गरिएको हो।'

चालु आर्थिक वर्षमा निर्माण गरिएको यो पहिलो कृत्रिम पोखरी हो । निकुञ्जले तराई भू-परिधि कार्यक्रमको सहकार्यमा करिब नौ लाख रुपैयाँ लागतमा यो पोखरी निर्माण गरिएको उनले बताए । दुई महिना अघि निर्माण भएको पोखरी वन्यजन्तुले प्रयोग गर्न थालिसकेको उनले बताए।

यस्तो खालको पोखरी निकुञ्जको मुख्यालय कसरा नजिकै पनि निर्माण गरिएको छ । त्यसअघि भिम्ले पोष्ट नजिकै पनि सोलारसहितको पोखरी निर्माण गरिएको थियो। केही कृत्रिम पोखरी निर्माण गरिए पनि निकुञ्ज भित्र रहेका तालतलैयाको संरक्षणमा भने निकुञ्जले कठिनाइ भोग्दै आइरहेको उनको भनाइ छ। कृत्रिम ताल संरक्षणका लागि आवश्यक बजेट नहुँदा नन्द भाउजु, देवीताललगायतका सिमसार क्षेत्र अहिले संकटमा छन्।

वन्यजन्तुको संख्या बढाउन व्यवस्थित बासस्थानको निकै महत्त्व हुन्छ। घाँसे मैदान र सिमसार क्षेत्र राम्रो नहुँदा वन्यजन्तु व्यवस्थापनमा कठिनाइ हुन्छ । त्यसैका लागि चितवन राष्ट्रिय निकुञ्जले कृत्रिम सिमसार क्षेत्र निर्माण गर्न थालेको छ। यसवर्ष पनि थप सिमसार क्षेत्र निर्माण गरिएको छ तर पुराना सिमसार क्षेत्रको संरक्षणमा भने कठिनाइ भइरहेको छ।

तालतलैया संरक्षणका लागि यसपटक सरकारी र निजी क्षेत्रबाट यथेष्ट प्रयास नहुँदा सिमसार क्षेत्रको संरक्षणमा चुनौती थपिएको निकुञ्जका प्रमुख संरक्षण अधिकृत डाक्टर गणेश पन्तले बताए।

'हामीसँग तालतलैया संरक्षणका लागि यस पटक सरकारी बजेट भएन, दाताहरूबाट पनि आएन। बजेट नहुँदा सिमसार क्षेत्रको संरक्षणमा चुनौती थपिएको छ। आगामी वर्ष दाताहरूकै सहयोगमा संकटमा परेका सिमसार क्षेत्र संरक्षणका लागि कार्यक्रम तयार पार्दैछौं', निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा.गणेश पन्तले भने । संरक्षणकै अभावमा लगभग लोप हुने अवस्थामा पुगेको तमोर ताल, लामी तालले अहिले पुनः जीवन पाएको छ । पछिल्लो वर्षमा गरिएका सरसफाइले यी ताल जोगिएका छन् तर बजेट अभावका कारण विगतमा चर्चित रहेको नन्द-भाउजु ताल, देवि ताल मुन्ना तालगायतका सिमसार क्षेत्र अझै संकटमा परेको जानकारी सूचना अधिकारी अभिनास थापामगरले दिए।

# भक्तपुरमा औद्योगिक, कृषि तथा व्यापार महोत्सव

भक्तपुर, चैत १९ (नागरिक)- भक्तपुरमा नयाँ वर्ष २०८३ तथा बिस्का जात्राको अवसर पारेर 'भक्तपुर औद्योगिक, सांस्कृतिक, पर्यटन, कृषि तथा व्यापार महोत्सव' हुने भएको छ। औद्योगिक शान्ति नेपाल संस्था र मध्यपुर व्याइज ब्यान्डको संयुक्त आयोजनामा भक्तपुरको सल्लाघारीमा चैत २६ गतेदेखि वैशाख ६ गतेसम्म सञ्चालन हुनेछ।

बुधबार भक्तपुरमा पत्रकार सम्मेलन गरी उद्योग, संस्कृति र कृषिको समग्र विकास गर्ने उद्देश्यसहित महोत्सव आयोजना गर्न लागिएको जनाइयो । पत्रकार सम्मेलनमा महोत्सव संयोजक दीपक थापाले महोत्सवले उपभोक्तालाई दैनिक उपभोग्य वस्तु एकै स्थानमा उपलब्ध गराउने तथा स्थानीय उत्पादन, उद्योग र व्यापार प्रवर्द्धन गर्ने लक्ष्य राखेको बताए । यस्ता महोत्सवमा विगतमा ठूलो जनसहभागिता र आर्थिक कारोबार हुने गरेको हुँदा यसवर्ष पनि चार पाँच करोडको कारोबार हुने अपेक्षा राखेको उनले बताए।

महोत्सवमा १५० भन्दा बढी स्टल रहनेछन्, जहाँ खाद्यान्न, लत्ताकपडा, जुत्ता, कृषि सामग्री, हस्तकला, इलेक्ट्रोनिक्स, मोबाइल तथा अटोमोबाइललगायतका वस्तुहरूको प्रदर्शन तथा बिक्री गरिनेछ। त्यसैगरी महोत्सवमा बालबालिकाका लागि मनोरञ्जनात्मक खेल, फुड फेस्टिभल, राष्ट्रिय कलाकारहरूको सांगीतिक प्रस्तुति, नृत्य तथा सांस्कृतिक कार्यक्रमहरू दैनिक सञ्चालन गरिने आयोजकले जनाएको छ।

प्रवेश शुल्क विद्यार्थीका लागि ५० तथा सर्वसाधारणका लागि १०० रुपैयाँ निर्धारण गरिएको छ। महोत्सव संयोजकका अनुसार यो कार्यक्रमले स्थानीय उत्पादनलाई बजार उपलब्ध गराउँदै उद्योग, व्यापार र पर्यटन क्षेत्रलाई थप चलायमान बनाउने विश्वास गरिएको छ । महोत्सवमा काठमाडौं, ललितपुर, भक्तपुरसहित उपत्यका बाहिरको काभ्रेपलान्चोक, सिन्धुपाल्चोकलगायतबाट दुई लाख मानिसले अवलोकन गर्ने अपेक्षा गरिएको छ।

आयोजकले विगत १२ वर्षदेखि निरन्तर महोत्सव गर्दै आएको छ। तर कोभिड महामारीका कारण दुई वर्ष स्थगित भएको थियो।

**एनएमबि बैंक लिमिटेड,**
**बबरमहल, काठमाडौं फोन नः ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मितिः २०८२/१२/२०**

यस बैंकको निक्षेपकर्ता श्री पशुपति नाथ तिवारीको नाति, श्री भिम लाल तिवारीको छोरा तेहथुम जिल्ला, आठरँई गाउँपालिका वडा न. ६ चुहानडाँडा (साविक तेहथुम जिल्ला चुहानडाँडा वडा नं. ९) स्थाई ठेगाना हाल तेहथुम जिल्ला, आठराई गाउँपालिका वडा न. ६ वर्ष ६७ को **प्रेम राज तिवारी** (ना.प्र.नं. २११५९/११८०२, जारी मिति २०४०/०७/१४, तेह्रथुम) को मिति २०८२/१०/१९ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको छोरा परशुराम तिवारीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोराको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सूचना**



जिल्ला संखुवासभा साविक आँखीभुई गा.वि.स. वडा नं. ४ हाल धर्मदेवी नगरपालिका वडा नं. ७ बस्ने भारतीय सेना ४/३ जि.आर नम्बर ५२४२८८९ W हवल्दार (HAV) पदबाट पेन्सन निस्केको श्री तेज बिर श्रेष्ठको नाति श्री कुल ब. श्रेष्ठको छोरा भारतीय सैनिक श्री तोर्ण बहादुर श्रेष्ठको एकमात्र श्रीमती जिल्ला संखुवासभा साविक आँखीभुई गा.वि.स. वडा नं. ४ हाल धर्मदेवी न.पा. ७ बस्ने श्री मोतीलाल श्रेष्ठको नातिनी भिम नारायण श्रेष्ठको छोरी लिलु माया श्रेष्ठको नाम श्रीमानको भारतीय पेन्सन दस्तावेजमा श्रीमती लिला कुमारी श्रेष्ठ लेखिएको हुँदा अब उप्रान्त नेपाली नागरिक बमोजिम श्रीमती लिलु माया श्रेष्ठ कायम गर्न साथै निजको नेपाली नागरिकता प्रमाणपत्रमा जन्म मिति २०१३।०५।२५ र भारतीय पेन्सन अभिलेखमा १० मे १९५४ भएको तथा निजको कान्छी छोरीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर सिमा श्रेष्ठ (Sima Shrestha) तर पेन्सन अभिलेखमा निजको नामथर उषा श्रेष्ठ (Usha Shrestha) भई फरक परेको हुँदा माथि उल्लेखित नामथर भएको व्यक्तिहरु फरक फरक नभई एकै व्यक्ति हो भनी सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सूचना**



जिल्ला संखुवासभा साविक आँखीभुई गा.वि.स. वडा नं. ४ हाल धर्मदेवी नगरपालिका वडा नं. ७ बस्ने भारतीय सेना १/११ जि.आर नम्बर ९४१२८१६ X हवल्दार पदबाट पेन्सन निस्केको श्री शुभन्द्र श्रेष्ठको नाति श्री हर्क ब. श्रेष्ठको छोरा भारतीय सैनिक श्री शेर बहादुर श्रेष्ठको एकमात्र श्रीमती जिल्ला संखुवासभा साविक आँखीभुई गा.वि.स. वडा नं. ४ हाल धर्मदेवी न.पा. ७ बस्ने श्री मोतीलाल श्रेष्ठको नातिनी भिम नारायण श्रेष्ठको छोरी रत्न कुमारी श्रेष्ठको नाम श्रीमानको भारतीय पेन्सन दस्तावेजमा श्रीमती रन कुमारी नेवार लेखिएको हुँदा अब उप्रान्त नेपाली नागरिकता बमोजिम श्रीमती रत्न कुमारी श्रेष्ठ कायम गर्न साथै निजको नेपाली नागरिकता प्रमाणपत्रमा जन्म मिति २९ वर्ष र भारतीय पेन्सन अभिलेखमा ३० जुलाई १९५३ भएको फरक भएको र निजको जेठो छोराको नागरिकतामा नामथर श्री पृथ्वी नारायण श्रेष्ठ, कान्छो छोराको भुपेन्द्र कुमार श्रेष्ठ भएको तर पेन्सन अभिलेखमा जेठो छोराको नामथर पृथ्वी नारायण नेवार भएको र कान्छो छोराको भुपेन्द्र कुमार नेवार भएको तथा छोरी तारा देवी श्रेष्ठ तर पेन्सन अभिलेखमा निजको नामथर सुशीला श्रेष्ठ भई फरक परेको हुँदा माथि उल्लेखित नामथर भएको व्यक्तिहरु फरक फरक नभई एकै व्यक्ति हो भनी सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साल्पादेवी वचत तथा ऋण सहकारी संस्था लि.**
काठमाडौं- ३२, जडिबुटी, नरेफाँट

**कर्जा चुक्ता गर्न आउने पन्ध्र (१५) दिने अत्यन्त जरूरी सूचना**

दोश्रो पटक प्रकाशित मितिः २०८२।१२।२०

यस साल्पादेवी वचत तथा ऋण सहकारी संस्था लि. बाट तपशिलमा उल्लेखित ऋणी सदस्यले कर्जा लिँदाको बखत संस्थासँग गरेको शर्त सम्झौता बमोजिम समय-समयमा बुझाउनु पर्ने साँवा, व्याज लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई संस्थासँग गरेको कर्जासम्बन्धी शर्त बन्देजहरू उल्लंघन गरेकाले संस्थाको सम्पूर्ण ऋण रकम चुक्ता गर्न पटक-पटक मौखिक एवं लिखित रूपमा सूचना गर्दा पनि र राष्ट्रिय दैनिक पत्रिका मार्फत ३५ दिने सूचना गर्दा समेत ऋणको साँबा, व्याज, हर्जाना आदि चुक्ता भुक्तान नगरी यस सहकारी संस्थामा गर्नु भएको शर्त कवुलियतको उल्लंघन गर्नुभएकोले तपशिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता रहेको ऋण चुक्ता भुक्तान गर्न यो दोश्रो पटकको सार्वजनिक सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र यस सहकारी संस्थामा सम्पर्क राखी ऋणको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना चुक्ता गर्नुहुन अनुरोध गर्दछौं । उल्लेखित समयावधिभित्र सम्पूर्ण ऋणको साँवा, व्याज, हर्जाना चुक्ता नगरेमा तपाईं ऋणी सदस्यले ऋण लिँदा उपलब्ध गराएको तपसिलमा उल्लेखित धितो लिलामको लागि सहकारी ऐन २०७४ को दफा ७९ को उपदफा १ बमोजिम धितो लिलाम गर्ने, सोही ऐनको दफा ८० बमोजिम कालो सूचीमा समावेश गरी अन्य कानूनी प्रक्रिया अगाडि बढाइने व्यहोरा यसै सूचना मार्फत जानकारी गराइन्छ। साथै, व्यक्तिगत जमानीकर्ता, धितो मञ्जुरीनामा दिने जग्गाधनी तथा अन्य सरोकारवालाहरूलाई समेत यसै सूचना बमोजिम जानकारीको लागि अनुरोध छ।

**तपशिल**

| ऋणीको नाम ठेगाना | ना.प्र.नं. /जिल्ला/मिति | तीनपुस्ते विवरण | धितो सुरक्षणको विवरण | ऋणीको फोटो |
|---|---|---|---|---|
| नामः दिपक जङ्ग थापा<br>ठेगानाः साबिक छालिङ्ग-५, भक्तपुर<br>हालः चाँगुनारायण-५, भक्तपुर<br>जमानिकर्ताः मधुसुदन पण्डित<br>ठेगानाः साबिक छालिङ्ग-५, भक्तपुर<br>हालः चाँगुनारायण - ५, भक्तपुर<br>बुवाः शेर बहादुर पण्डित क्षेत्री | ना.प्र.नं.: २९०७<br>जिल्लाः भक्तपुर<br>जारी मितिः २०४१।०८।२५<br>ना.प्र. नं. १६५९-०३९-४०<br>जिल्लाः भक्तपुर<br>जारी मितिः २०३९।१२।०२ | बुबाः श्याम बहादुर थापा<br>बाजेः पदम बहादुर | जग्गाधनीः दिपक जङ्ग थापा<br>साबिक छालिङ्ग-५, भक्तपुर<br>हालः चाँगुनारायण-५, भक्तपुर कित्ता नंः ८८४, क्षेत्रफलः १-५-०-० (रोपनी)/ ६६७.६९ व.मि. | <br> |

**वर्गीकृत विज्ञापन/डिस्प्ले**

**घरजग्गा**

धुम्बाराहीमा फ्ल्याटसिस्टमको 0-7-3-0 नयाँघर विशालनगरमा 0-6-0-0 जग्गा बिक्रीमाः 9841420589

कीर्तिपुर-६, थापागाउँ मेनरोडबाट १ कित्ता भित्र ०-४-१-० जग्गा सुपथ मूल्यमा बिक्रीमाः ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमाः ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमाः 9841420589

**सम्पर्क**

**फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्ः ९८४९३३३५९०**



कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका-२, रानीपुरका किसान खेतमा पाकेको गहुँ काट्दै । *तस्बिर : राजेन्द्रप्रसाद पनेरु/रासस*

# इन्धनको मूल्य वृद्धिले हवाई यात्रा प्रभावित

**सन्तोष पोखरेल**

*पोखरा, चैत १९*




पश्चिम एसियाली मुलुकमा जारी तनावका कारण नेपाली पर्यटन क्षेत्रले मार खेपिरहेको छ । मुख्य सिजनमा नेपाल आउन चाहेका विदेशी पाहुना आउन सकेका छैनन् । विशेषगरी अमेरिकी र युरोपियनमूलका पाहुना बढी प्रभावित भएको व्यवसायीले बताइरहेका छन् । नेपाल आउन विदेशी पाहुनाले अग्रिम बुकिङ गरेको हवाई टिकट पनि धमाधम रद्द गरिरहेको भन्दै हवाई कम्पनीले चिन्ता जनाएका छन् ।

पछिल्लो समय मध्यपूर्वका मुलुकको तनावको बाछिटाले नेपालमा हवाई इन्धनको मूल्य झन्डै दोब्बरले बढेको छ । हवाई इन्धनको मूल्य बढेपछि हवाई यात्रा महँगो भएको एयरलाइन्सले बताएका छन् । हवाई यात्रा महँगो हुँदै जाँदा हवाईजहाजका यात्रु घट्न थालेको भन्ने चिन्ता एयरलाइन्सको छ । कतिपय उडान मर्ज हुनसक्ने पनि उनीहरूको भनाइ छ ।

बुद्ध एयरले बिहीबार विज्ञप्ति जारी गर्दै खाडी क्षेत्रमा जारी द्वन्द्वका कारण नेपालको पर्यटकीय सिजनमा प्रत्यक्ष प्रभाव परेको जनाएको छ । विदेशी पर्यटकले बुकिङ गरेका हवाई टिकट समेत धमाधम रद्द गरिरहेको बुद्ध एयरको भनाइ छ । तनावकै कारण नेपालको आन्तरिक तथा बाह्य हवाई सेवा क्षेत्रलाई थप चुनौतीपूर्ण बनाएको एयरलाइन्सको भनाइ छ ।

'हालै हवाई इन्धन शुल्कमा भएको वृद्धि अप्रत्याशित मात्र नभई अहिलेसम्मकै उच्च छ । स्वचालित रूपमा भएको इन्धन मूल्यवृद्धिको प्रत्यक्ष प्रभाव हवाई भाडादरमा परेको छ', बुद्ध एयरको विज्ञप्तिमा उल्लेख छ । हवाई इन्धनको भाउ बढेसँगै हवाई कम्पनीले गरेको भाडा समायोजन प्रचलित नियमअनुसारकै भएको कम्पनीले स्पष्ट पारेको छ ।

बुद्ध एयरका कार्यकारी अध्यक्ष वीरेन्द्रबहादुर बस्नेतले प्रतिकूल परिस्थितिमा पनि अत्यन्त संयमता अपनाउँदै न्यूनतम स्तरमै भाडादर वृद्धि गर्नुबाहेक अन्य विकल्प नरहेको बताएका छन् । उनका अनुसार हवाई सेवाको कुल सञ्चालन लागतको करिब ४० प्रतिशत हिस्सा इन्धनमै खर्च हुने गर्छ तर हालको मूल्यवृद्धि पछि यो अनुपात झन्डै ५० प्रतिशत हाराहारीमा पुगेको छ ।

यससँगै अमेरिकी डलरको मूल्यवृद्धिका कारण जहाजका पार्टपुर्जा, मर्मतसम्भार, प्राविधिक जनशक्तिको तालिम तथा अन्य आवश्यक खर्च समेत उल्लेखनीय रूपमा बढेको बुद्ध एयरको भनाइ छ । नेपाल आयल निगमले केही दिन अघि मात्र हवाई इन्धनको मूल्य करिब ९८ प्रतिशत वृद्धि गरेको थियो । हवाई इन्धनको मूल्य वृद्धि भएपछि हवाई भाडाअन्तर्गत फ्युल सरचार्ज बढ्दा हवाई भाडा पनि ह्वात्तै वृद्धि भएको छ ।

काठमाडौं-पोखरा रुटमा मात्र फ्युल सरचार्ज करिब दुई हजार रुपैयाँले बढ्दा झन्डै चार हजार पुगेको छ । यात्रुले बढेको फ्युल सरचार्ज हवाई टिकटमै जोडेर तिर्नुपर्छ । त्यसबाहेक एयर फेयर, विमानस्थल सेवा शुल्क र मूल्य अभिवृद्धि कर समेत यात्रुले नै तिर्नुपर्छ । नेपाल आयल निगमले प्रतिलिटर १२७ मा बिक्री गरिरहेको इन्धन गत मंगलबारदेखि बढाएर प्रतिलिटर २५१ रुपैयाँ पुऱ्याएको छ ।

हवाई कम्पनीका पदाधिकारीका अनुसार अहिले आन्तरिक उडानमा मात्र नभई अन्तर्राष्ट्रिय उडानमा पनि हवाई भाडा वृद्धि भएको छ । मध्यपूर्वको तनावसहित हवाई उडान प्रभावित भएको तथा इन्धनको मूल्यवृद्धिले पनि भाडा वृद्धि भएपछि अहिले अन्तर्राष्ट्रिय उडानका यात्रु पनि प्रभावित भएका छन् । कतिपय यात्रुले उडान बुकिङ गरेको भए पनि अहिले टिकट रद्द गरिरहेका छन् ।

'जसोतसो काठमाडौं ओर्लिएका पाहुना पनि अब अन्यत्रका गन्तव्यमा नजान सक्छन् । यसै त नेपालसम्मकै अन्तर्राष्ट्रिय हवाई यात्राको मूल्य आकासिएको छ, त्यसपछि आन्तरिक यात्रा पनि महँगो भएपछि यात्रा प्रभावित हुने पक्का छ', हवाई कम्पनीका एकजना अधिकारीले भने ।

यती यरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले पछिल्लो समय अन्तर्राष्ट्रिय उडान प्रभावित भएसँगै नेपालको आन्तरिक हवाई यात्रुको संख्या पनि घट्न थालेको बताए । 'मध्यपूर्वका मुलुकमा रोजगारीका लागि आउजाउ गर्ने नेपाली यात्रुहरू पर्याप्त हुन्थे तर अहिले ती यात्रु पनि घटिसकेका छन् । विदेशबाट आउने पर्यटक त यसै पनि प्रभावित भएका छन्', बर्तौलाले भने, 'मध्यपूर्वका मुलुकको प्रभाव नेपालको आन्तरिक हवाई यात्रामा समेत परेको छ । यसले व्यवस्थापनमा सकस थपिएको छ ।'

इन्धनको मूल्य बढेसँगै हवाई भाडा बढेपछि हवाई यात्रु स्थलमार्गबाट यात्रा गर्ने उनले बताए । 'बरु एक दिन छिटो वा ढिलो होस् तर स्थलमार्गबाटै आउजाउ गर्ने भनेर यात्रुले हवाई यात्रा छाड्नेछन् । अहिलेको इन्धनको मूल्य वृद्धिको प्रभाव झन् बढ्दै जाने देखिएको छ,' उनले भने । त्यसबाहेक डलरको मूल्य वृद्धि हुँदा पनि समस्या भएको उनले बताए ।

पर्यटन व्यवसायी पनि मध्यपूर्वको प्रभावले अन्तर्राष्ट्रिय हवाई उडान प्रभावित हुँदा विदेशी पर्यटक भित्रिन नपाएको र आन्तरिक उडान पनि महंगो पर्दा पर्यटन क्षेत्र धराशायी हुने चिन्ता जनाउँछन् । नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्टस (नाट्टा)का पूर्व अध्यक्ष पोमनारायण श्रेष्ठ भन्छन्, 'अन्तर्राष्ट्रिय हवाई उडानले काठमाडौंसम्मको यात्रा प्रभावित भएको छ ।

विदेशी पर्यटक चाहेर पनि नेपाल आउन सकेका छैनन् । आएका पाहुना पनि स्वदेश फर्किदा महँगो हवाई यात्राको मारमा परेका छन् । इन्धनको मूल्य बढेसँगै नेपालको आन्तरिक हवाई यात्रा पनि महँगो बनेको छ । यसले यात्रा प्रभावित पारेको छ ।' सिजनको बेलाको पर्यटन क्षेत्र पाहुनाविहीन हुने अवस्था सिर्जना भएको उनले सुनाए ।

# कोसी सरकारले बिनाधितो आठ अर्ब ऋण दिने

**विनोद सुवेदी**

*विराटनगर, चैत १९*



व्यवसाय गर्न वा विस्तार गर्न चाहने तर धितो नभएका कारण ऋण नपाएर समस्यामा परिरहेका युवा तथा उद्यमीहरूलाई कोसी प्रदेश सरकारले विना धितो आठ अर्ब रुपैयाँको ऋण उपलब्ध गराउने भएको छ । कोसी प्रदेश सरकारले आर्थिक विकासका लागि नवप्रवर्धन परियोजना र उद्यमशीलताको प्रवर्द्धनको लागि उदय परियोजनामार्फत विभिन्न बैंकबाट करिब आठ अर्ब रुपैयाँ ऋण लगानी गर्ने तयारी गरेको हो ।

स्विस सरकारको सहयोगमा कोसी प्रदेशमा उदय परियोजनामार्फत नयाँ साना तथा मझौला उद्यम गर्न चाहनेलाई विनाधितो ऋण लगानी गर्न लागिएको कोसी प्रदेश सरकारले जनाएको छ । यो लगानीका लागि ग्लोबल आइएमइ बैंक र राष्ट्रिय वाणिज्य बैंकसँग बिहीबार इटहरीमा सम्झौता गरिएको छ । प्रादेशिक साना तथा मझौला उद्यमी कर्जा सुरक्षण कोषमा आबद्ध हुन निक्षेप तथा कर्जा सुरक्षण कोष र साझेदार बैंकबिच कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको उपस्थितिमा सम्झौता पत्रमा हस्ताक्षर भएको हो ।

कार्यक्रममा कोसी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले राष्ट्रिय पुँजीको विकास गर्दै यसले देशको कुल गार्हस्थ्य उत्पादनमा समेत महत्त्वपूर्ण योगदान पुग्ने बताए । कोसी प्रदेश सरकारको अथक मेहनत र प्रयासपछि सुरु हुन लागेको यो परियोजनाबाट लाभ लिन नव युवाहरूलाई मुख्यमन्त्री कार्कीले आग्रह समेत गरे । पालिका र वडामा नयाँ नयाँ रिसर्च गरेर त्यसको सम्भाव्यता अध्ययन गरी नयाँ क्षेत्रमा लगानी गर्ने उद्यमीलाई पनि यो परियोजनाले सहयोग पुग्ने उनले बताए । कार्यक्रममा आर्थिक मामिला तथा योजनामन्त्री बिदुरकुमार लिङ्थेपले यसबाट कोसी प्रदेशको आर्थिक समृद्धि र विकासमा ठूलो टेवा पुग्ने धारणा राखे ।

यो सम्झौतापछि स्विस सरकारले ३० करोड र प्रदेश सरकारले ३० करोड गरेर ६० करोडको ग्यारेन्टी फन्ड राखिनेछ । त्यस्तै १४ करोड प्रदेश र १४ करोड स्विस सरकारको सहयोगमा च्यालेन्जिङ फन्ड पनि राखिने छ । यो योजना लागु भएपछि कुनै पनि नयाँ उद्यम गर्न चाहने व्यक्तिले यी बैंकबाट ३० लाखदेखि ३ करोड सम्म ऋण पाउनेछन् । यो प्रक्रियाबाट जाने ऋणमा बैंकले विना धितो पनि ऋण प्रवाह गर्नेछ । कतिपय अवस्थामा यो परियोजनामार्फत आएका व्यक्तिले आफ्नो धितो बैंकले चाहेको भन्दा थोरै मात्रै पुऱ्यायो तर उसको परियोजना राम्रो लाग्यो भने सरकारको ग्यारेन्टीमा लगानी गर्न सक्नेसमेत यसको मुख्य विशेषता रहेको जानकारी निक्षेप तथा कर्जा सुरक्षण कोषका प्रमुख रमेश घिमिरेले दिए । यो परियोजनामार्फत आउने उद्यमीलाई परियोजनाका लागि आवश्यक सहजीकरण र ऋण लिनका लागि परियोजनाले सहयोग गर्नेछ ।

## उच्च गुणस्तरको 'रेडमी बड्स एट लाइट' नेपालमा




काठमाडौं, चैत १९ (नागरिक)- विश्वप्रसिद्ध प्रविधि कम्पनी साओमीले रेडमी बड्स एट लाइट नेपालमा ल्याएको जनाएको छ । यसमा डुअल माइक्रोफोनसहित एआई इएनसी उच्च ध्वनि गुणस्तर र लामो समय टिक्ने ब्याट्रीको सुविधा छ । यसको डिजाइन सहज र आरामदायी भएकाले लामो समयसम्म प्रयोग गर्न सकिन्छ । साथै स्मार्ट ट्याप कन्ट्रोल भएकाले कल, संगीत र अन्य कामहरू सजिलै गर्न सकिन्छ ।

उन्नत न्वाइज क्यान्सलेसनः रेडमी बड्स एट लाइटमा एक्टिभ न्वाइज क्यान्सलेसन र विन्ड न्वाइज घटाउने सुविधा छ । यसले मेट्रोको आवाज, एसीको आवाज तथा बाहिरको हावाको आवाजजस्ता कम फ्रिक्वेन्सीका ध्वनिहरूलाई कम गर्छ । साथै डुअल माइक्रोफोन एआई इएनसीले आवाजलाई छुट्याएर स्पष्ट र अवरोधबिनाको कुराकानी गर्न सहयोग गर्छ, जसले गर्दा बैठक वा लाइभ सेसनहरूमा सजिलो हुन्छ ।

उच्च ध्वनि गुणस्तरः यसमा १२.४ एमएम टाइटानियम डायाफ्राम भएको ड्राइभर प्रयोग गरिएको छ । जसले गहिरो र स्पष्ट ध्वनि प्रदान गर्छ । यसले संगीत वा पोडकास्ट सुन्दा प्रयोगकर्तालाई आनन्द अनुभूत गराउँछ । साथै, प्रयोगकर्ताले आफ्नो रुचिअनुसार ध्वनि सेटिङ (इक्यु) परिवर्तन गरेर बास बढाउने वा ट्रेबल सुधार गर्ने सुविधा पनि पाउँछन् ।

## कजरिया सेरामिक्सलाई १४ वर्षदेखि 'सुपरब्रान्ड' अवार्ड




काठमाडौं, चैत १९ (नागरिक)- टायल ब्रान्ड कजरिया सेरामिक्सले प्रतिष्ठित अन्तर्राष्ट्रिय मान्यता र उपलब्धिमार्फत आफ्नो उत्कृष्टता पुनः प्रमाणित गरेको छ । कम्पनीले लगातार १४ वर्ष 'सुपरब्रान्ड' उपाधि प्राप्त गर्दै उपभोक्ताको विश्वास र बजार नेतृत्वलाई कायम राखेको छ भने 'एसियाको सबैभन्दा आशाजनक ब्रान्ड' को रूपमा समेत सम्मानित भएको छ ।

कजारिया विश्वका आठौं ठूलो टायल उत्पादक कम्पनीमध्ये एकका रूपमा स्थापित भइसकेको छ । कम्पनीले आइएसओ ९००१:२०१५ तथा आइएसओ १४००१:२०१५ प्रमाणीकरणमार्फत गुणस्तर र वातावरणीय दिगोपनप्रतिको प्रतिबद्धता देखाएको छ ।

कजारियाले हालै एनएस क्वालिटी अवार्ड २०२६ पनि प्राप्त गरेको छ । नेपालमा कजारियाले रमेश कर्पसँगको सहकार्यमा वार्षिक ५.२ मिलियन वर्ग मिटर उत्पादन क्षमताको उद्योग सञ्चालन गर्दै आएको छ । कम्पनीको कुल उत्पादन क्षमता ८१.५५ मिलियन वर्ग मिटर पुगेको छ ।

हाल देशभर १०० भन्दा बढी सोरूममार्फत ३,००० भन्दा बढी डिजाइनका टायल उपलब्ध गराउँदै कजारियाले नेपाली बजारमा आफ्नो उपस्थिति सुदृढ बनाएको जनाएको छ ।

## बजाजको क्युआर क्याम्पेन : स्क्यान गर, क्यास जित !




काठमाडौं, चैत १९ (नागरिक)- बजाज मोटरसाइकलको नेपालस्थित वितरक हंसरज हुलासचन्द एन्ड कम्पनी प्रालिले नयाँ वर्ष २०८३ का अवसरमा 'बजाज न्यु इयर क्युआर' योजना सार्वजनिक गरेको छ ।

'अब क्युआर गरी क्यास तिर्ने हैन, क्यास जित्ने !' भन्ने नारासहित सुरु गरिएको यस योजनामा ग्राहकले डिजिटल माध्यममार्फत रमाइलो गर्ने मात्र होइन, पुरस्कार जित्ने अवसर पनि पाउनेछन् । यस योजना अनुसार ग्राहकले बजाजका आधिकारिक सोरुम, सामाजिक सञ्जाल वा अन्य सञ्चार माध्यममा उपलब्ध क्युआर कोड स्क्यान गरी गेम खेल्न सक्नेछन् ।

हरेक दिन भाग्यशाली एक विजेताले स्मार्ट वाच जित्नेछन् । साथै बजाज खरिदकर्ताले अधिकतम एक लाख रुपैयाँसम्म नगद पुरस्कार र अन्य आकर्षक उपहार जित्ने अवसर पाउनेछन् । कम्पनीका अनुसार क्युआर कोड प्रायः भुक्तानीका लागि प्रयोग हुँदै आएकोमा अब यसमार्फत ग्राहकले नगद पुरस्कार जित्ने नयाँ अनुभव लिन सक्नेछन् ।

गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छाले भने, 'डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै ग्राहकलाई नयाँ र रोचक अनुभव दिन खोजेका हौं ।'


**Chautara Sangachokgadhi Municipality**

**Office of the Municipal Executive**

**Chautara, Sindhupalchok**

**Invitation for Electronic Bids**

**Date of Publication: 2082/12/20 (3rd Apr. 2026)**

The Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for Procurement of the following works

| Contract Identification No. | Description | Bid Security Amount | Price of Bid Document | Bid Submission Last Date, Time | Bid Opening Date, Time |
|---|---|---|---|---|---|
| CSGM/SQ/ GOODS-04/2082/083 | Procurement, Supply and Delivery of Books for Chautara Sangachokgadhi Municipality, Chautara, Sindhupalchok | NRs. 35,000.00 | NRs. 1,000.00 | 2083/01/07 (20th Apr. 2026) at 12:00 hrs. | 2083/01/07 (20th Apr. 2026) at 13:00 hrs. |

1. Future Details bidders are requested to visit PPMO website www.bolpatra.gov.np/egp.
2. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

**Sushma Koirala Memorial Hospital**

Sankhu, Kathmandu

**Invitation for Bids (E-bid Only)**

First Date of Publication: 2082/12/20

1. **Sushma Koirala Memorial Hospital** invites electronic bid from reputed contractors for the procurement of following work and Manufacturers/Suppliers for the procurement of following Goods under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ) procedures.

| S.N. | Contract Number | Description of Work | Estimate amount excluding vat and ps | Bid Document Price (fee) (NRs.) | Bid Security amount (NRs.) | Remark |
|---|---|---|---|---|---|---|
| 1 | SKMH/ 82-83/01 | Construction and Renovation of Emergency Room, Phisiotherapy Room, Overhead Bridge and X-ray Roof | 27,57,062.93/- | 3000/- | 1,00,000/- | Works/ NCB |
| 2 | SKMH/ 82-83/02 | The Procurement and Installation of Passenger Elevator / 13 Person 884 Kg | | 3000/- | 70,000/- | Goods/ NCB |
| 3 | SKMH/ 82-83/03 | Construction of Elevator Civil Structure | 12,94,707.09/- | 1000/- | 40000/- | Works/ SQ |
| 4 | SKMH/ 82-83/04 | Procurement of Hospital Equipments | | 3000/- | 90000/- | Goods/ NCB |
| 5 | SKMH/ 82-83/05 | Procurement of Emergency Equipments | | 3000/- | 90000/- | Goods/ NCB |

2. Only electronic bid is permitted and purchased through www.bolpatra.gov.np by eligible bidders . Bidders should submit their bid electronically through e-procument section of **PPMO on or before 12:00 hour of Baisakh 20, 2083 for NCB, Baisakh 04, 2083 for SQ and bid shall be opened on same date at 13:00.** Late bids will be rejected.

| Bank Name | Revenue Account | Operating Account | Bid validity period |
|---|---|---|---|
| **Global IME Bank Ltd.** | **32601010000872** | **32601010000590** | For NCB, Bid validity period 90 days after opening and bid security valid period 120 days after opening. For SQ, Bid validity period 45 days after opening and bid security valid period 75 days after opening |

3. No excuse is given to bidder who fails to complete the work in given time line without suitable reason. The Bidder is advised to visit and examine the Site of Works and its surroundings (and obtain for itself, on its own risk and responsibility,) for all information like availability of material of specification, transporting distance, working easiness in site, future escalation in cost that may be necessary for preparing the bid, quoting the bid rate and entering into a Contract for construction of the Works.
4. The Bidder, being an authorized Elevator manufacturer can buy the bidding document for itself but if the bidder is not a manufacturer then the bidder should provide with the certificate that provides all rights for the supply and installation of Elevator according to the Sub-rule 3 of Rule 25 of **Public Procurement Regulations 2064**
5. Bids should comply in all respects with the Instruction to Bidder included in the Bid Document. Noncompliance with this instruction shall result in disqualification.

**Chief Executive Officer**

# बसिरको अलराउन्ड प्रदर्शनमा आर्मीलाई चौथो सफलता

रामजानकी बहुउद्देश्यीय क्रिकेट मैदानमा मधेसले एक सय ८५ रनको लक्ष्य दियो । जबाफमा आर्मीले २९.२ ओभरमा चार विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो । ओपनरद्वय तृतराज दास र विनोद भण्डारीले ६७ रनको साझेदारी गर्दै राम्रो सुरुआत दिलाए । तृतराजले ६९ र कप्तान विनोदले ३२ रनको योगदान दिए ।

काठमाडौं, चैत १९ (नागरिक)- बसिर अहमदको अलराउन्ड प्रदर्शनमा त्रिभुवन आर्मी क्लबले प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगितामा चौथो जित निकालेको छ ।

जनकपुरमा लिगअन्तर्गत बिहीबार भएको आफ्नो पाँचौं खेलमा आर्मीले मधेस प्रदेशमाथि ६ विकेटको जित निकाल्दा बसिरले अलराउन्ड प्रदर्शन गरे । बसिरले ४१ रनको अविजित इनिङ खेल्दै तीन विकेट लिए । पाँचौं खेलमा आर्मीको यो चौथो जित हो । रामजानकी बहुउद्देश्यीय क्रिकेट मैदानमा मधेसले एक सय ८५ रनको लक्ष्य दियो । जबाफमा आर्मीले २९.२ ओभरमा चार विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो । ओपनरद्वय तृतराज दास र विनोद भण्डारीले ६७ रनको साझेदारी गर्दै राम्रो सुरुआत दिलाए । तृतराजले ६९ र कप्तान विनोदले ३२ रनको योगदान दिए । तृतराजले ७२ बलमा सात चौका र तीन छक्का प्रहार गरे । २९ बल खेलेका विनोदको इनिङमा ६ चौका रह्यो ।

कुशल मल्ल २४ रनमा आउट भए । तर, बसिरले इनिङ समाल्दै जित दिलाए । बसिरले ३९ बलमा तीन चौका र एक छक्का हिर्काए । चौथो विकेटका लागि तृतराज र बसिरबीच ६५ रनको साझेदारी बन्यो । यससँगै आर्मीले ११२ बलअगावै जित सुरक्षित गरेको हो । मधेसको बलिङमा आठ बलर प्रयोग भए । मोहम्मद

**प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट**

आदिल आलमले दुई तथा पवन सर्राफ र विशाल सुस्लिङले एक विकेट लिँदा अन्य बलर विकेटविहीन रहे । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको मधेस ४८.३ ओभरमा १८४ रनको सामान्य योगफलमा नै अलआउट भएको थियो । ओपनरद्वय मायन यादव ५ र नीरज यादव ९ रनमा आउट भएपछि मधेसको सुरुआत राम्रो हुन सकेन ।

कप्तान अनिल साह र पवन सर्राफले तेस्रो विकेटका लागि ५३ रनको साझेदारी गरे । कप्तान अनिल ४२ र पवन २२ रनमा आउट भए । अनिलले ६० बलमा समान दुई चौका र छक्का प्रहार गरे । मध्यक्रमका ब्याटर विशाल सुस्लिङले ५१ रनको अर्धशतकीय इनिङ बनाए । ७३ बलको सामना गर्दै उनले तीन चौका र दुई छक्का प्रहार गरे । तल्लो क्रममा विशाल पटेलले १६ रन जोडे । आर्मीको बलिङमा बसिरले तीन र साहब आलम र नरेन साउदले समान दुई विकेट लिए । आकाश चन्द र कुशल मल्लले समान एक विकेट आफ्नो नाममा गरे । जारी प्रतियोगितामा एक मात्र अपराजित आर्मी ९ अंकसहित शीर्ष स्थानमा छ ।





मधेसविरुद्ध ब्याटिङ गर्दै आर्मीका विनोद भण्डारी (बायाँ) र गण्डकीविरुद्ध बलिङ गर्दै सुदूरपश्चिमका कप्तान शेर मल्ल । *तस्बिरः क्यान*

**शेरको उत्कृष्ट बलिङमा सुदूरपश्चिमको जित**

कप्तान शेर मल्लको पाँच विकेट प्रेरणामा सुदूरपश्चिम प्रदेशले चौथो जित निकाल्दै जारी प्रधानमन्त्री कप एकदिवसीय क्रिकेट प्रतियोगिताको दोस्रो स्थानमा उक्लिएको छ ।

वीरगन्जमा बिहीबार भएको खेलमा कप्तान शेरको उत्कृष्ट बलिङमा सुदूरपश्चिमले गण्डकी प्रदेशमाथि दुई विकेटको जित आत्मसात् गरेको हो । कप्तान शेरले पाँच विकेट लिँदै उत्कृष्ट प्रदर्शन गरे । उनी म्यान अफ दी म्याच पनि भए । नारायणी क्रिकेट मैदानमा गण्डकीले १९१ रनको सामान्य लक्ष्य दिएको थियो । जबाफमा सुदूरपश्चिमले ३९.२ ओभरमा आठ विकेट गुमाउँदै लक्ष्य पूरा गर्‍यो । ६.४ ओभरमा सुदूरपश्चिम २४/३ को नाजुक अवस्थामा पुग्यो । यससँगै सुदूरपश्चिमले खराब सुरुआत गर्‍यो । तर, तेस्रो विकेटका लागि ओपनर अभिशेक पाल र विकेटकिपर दीपक बोहोराले ६८ रनको साझेदारी गर्दै इनिङ समाले । अभिषेकले ६६ रनको अर्धशतकीय इनिङ खेले ।

मध्य क्रमका ब्याटर दीपकले ३५ रनको योगदान गरे । ९३ बलमा अभिषेकले ६ चौका र दुई छक्का प्रहार गरे । दीपकको इनिङमा चार चौका र एक छक्का रह्यो । थप १८ रन जोड्दा सुदूरपश्चिमले थप तीन विकेट गुमायो । यद्यपि, तल्लो क्रमका ब्याटर नारायण जोशी ४५ रनमा अविजित रहँदै जित दिलाए । मिलन बोहोरा १५ रनमा आउट भए । अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । नारायणले दुई चौका र तीन छक्का प्रहार गरे । गण्डकीको बलिङमा कप्तान विपिन खत्रीले पाँच विकेट लिए पनि सुदूरपश्चिमको जित रोक्न सकेनन् । उनले कुल १० ओभरमा एक मेडन राख्दै ३६ रन मात्र दिए । कृष्ण पौडेल, सुवास भण्डारी तथा विश्व कार्कीले समान १ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको गण्डकी ४९औं ओभरमा १९० रनमा नै अलआउट भएको थियो । ओपनर अर्जुन कुमालले ४४ रन बनाए । यो नै गण्डकीका लागि सर्वाधिक ठूलो व्यक्तिगत स्कोर रह्यो । यस प्रतियोगितामा उनी लयमा देखिएका छन् । पाँच इनिङमा उनी सर्वाधिक (२४४ रन) रनकर्ता पनि हुन् । अर्जुनले ६८ बलमा सात चौका प्रहार गरे । कप्तान विपिन खत्री ३०, सुवास भण्डारी २४, दीपक डुम्रे २२ र कृष्ण १५ रनमा आउट भए । सुदूरपश्चिमको बलिङमा कप्तान शेरले १० ओभरमा ४२ रन दिए । हेमन्त धामी र अशोक धामीले समान दुई तथा मिलन बोहोराले एक विकेट लिए । पाँच खेलबाट सुदूरपश्चिम चौथो जितसँगै आठ अंकसहित दोस्रो स्थानमा छन् ।

## नेपाली कुस्ती खेलाडी किर्गिस्तान जाँदै

काठमाडौं, चैत १९ (नागरिक)- नेपाली कुस्ती खेलाडीले किर्गिस्तानको बिस्केकमा हुने दुई फरक अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गर्ने भएका छन् ।

अप्रिल ५ देखि १२ तारिखसम्म हुने सिनियर एसियाली कुस्ती प्रतियोगिता तथा अप्रिल १२ देखि १४ तारिखसम्म हुने सिनियर एसियाली बेल्ट कुस्ती एलिस प्रतियोगितामा खेलाडीले प्रतिस्पर्धा गर्ने भएका हुन् । दुवै प्रतियोगितामा पुरुष ७४ केजीमा सुरेश चुनारा तथा ९७ केजीमा त्रिलोकीप्रसाद यादवले नेपालको चुनौती प्रस्तुत गर्ने छन् । सुरेशले गत वर्ष भारतमा भएको एसियाली वेल्टमा कांस्य जितेका थिए । प्रशिक्षकमा मुम्ताज अली इद्रिसी रहेका छन् । खेलाडीसहित तीन सदस्यीय टोली चैत २४ गते किर्गिस्तान जानेछन् ।

अप्रिल ५ तारिखमा किर्गिस्तानमै हुने युनाइटेड वर्ल्ड रेस्लिङ एसिया काउन्सिलको साधारण सभामा भाग लिन राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसमेत रहेका नेपाल कुस्ती संघका अध्यक्ष प्रकाशकुमार कुसारी शुक्रबार त्यसतर्फ प्रस्थान गर्नेछन् । टोलीलाई सफलताको शुभकामना दिँदै राखेपका सदस्यसचिव रामचरित्र मेहताले बिहीबार बिदाइ गरेका थिए ।




## बुद्धिचाल टोलीको बिदाइ

काठमाडौं, चैत १९ (नागरिक)- दुई फरक-फरक स्थान र प्रतियोगितामा सहभागी हुने नेपाली बुद्धिचाल टोलीलाई बिहीबार बिदाइ गरिएको छ ।

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताले एक कार्यक्रमबिच बिदाइ गरेका थिए । चीनमा अप्रिल ७ देखि १२ तारिखसम्म हुने आठौं सांघाइ को-ओपरेसन अर्गनाइजेसन इन्टरनेसनल टिम चेस प्रतियोगितामा तीन खेलाडीले प्रतिस्पर्धा गर्नेछन् ।

रूपेश जैसवाल, आशिष फुयाल र कृतिशरा अधिकारी सहभागी हुनेछन् । व्यवस्थापकमा ताराबहादुर रानाभाट छन् । अप्रिल ६ देखि ११ तारिखसम्म काजाकिस्तानको अल्माटीमा हुने एसियाली कन्टिनेन्टल स्टेज अफ द फिडे आइएससिएफ वर्ल्ड स्कुल टिम प्रतियोगितामा ५ खेलाडी सहभागी हुनेछन् ।

खेलाडीमा निहाना श्रेष्ठ, सुहानी सिंह, कृष्टि रिजाल, वृजनन्ददास टमटा र आकर्षण कुँवर रहेका छन् । व्यवस्थापकमा नीराजन प्रजापति र प्रशिक्षकमा रिजेन्द्र राजभण्डारी छन् । दुवै टोली आइतबार आआफ्नो गन्तव्य प्रस्थान गर्ने छन् ।

## संगीना वैद्यलाई महिला चेम्बरको सम्मान



काठमाडौं, चैत १९ (नागरिक)- नेपाल चेम्बर अफ कमर्सअन्तर्गतको नेपाल महिला चेम्बरले छनोट चरण पार्दै ओलम्पिक खेलेकी पहिलो नेपाली महिला खेलाडी तेक्वान्दोकी संगीना वैद्यलाई बिहीबार सम्मान गरेको छ ।

नेपाल चेम्बर अफ कमर्सको हीरक महोत्सवका अवसरमा आयोजित कार्यक्रममा संगीनासहित विभिन्न क्षेत्रका ७५ प्रथम महिलालाई सम्मान गरिएको थियो । संगीनाले २००४ को एथेन्स ओलम्पिक छनोट चरण पार गर्दै नेपालको प्रतिनिधित्व गरेकी थिइन् । ओलम्पिकमा छनोट चरण पार गरेर खेल्ने संगीना पहिलो महिला मात्र नभई समग्रमा पहिलो नेपाली खेलाडी हुन् । संगीनासँगै तेक्वान्दोका दीपक विष्टले २००८ को बेइजिङ ओलम्पिक र टेबल टेनिसका स्यान्दु श्रेष्ठले २०२४ को पेरिस ओलम्पिक छनोट चरण पार गर्दै खेलेका थिए ।

अस्ट्रेलियाको मेलबर्नमा सन् १९९६ मा भएको एसियाली तेक्वान्दो च्याम्पियनसिपकी स्वर्ण विजेता संगीनाले आठौं र नवौं दक्षिण एसियाली खेलकुदमा पनि स्वर्ण जितेकी थिइन् । पूर्व राष्ट्रपति डा. रामवरण यादव, नेपाल चेम्बर महिलाकी अध्यक्ष उर्मिलालगायतले संगीनासहितलाई एक कार्यक्रमबीच कदरपत्रसहित सम्मान गरेका थिए ।

## ब्ल्याकबेल्ट ग्रेडिङ तथा रेफ्री/कोच सेमिनार

काठमाडौं, चैत १९ (नागरिक)- किक बक्सिङ विकास कार्यक्रमअन्तर्गत ब्ल्याकबेल्ट ग्रेडिङ तथा रेफ्री/कोच सेमिनारको बिहीबार औपचारिक उद्घाटन गरिएको छ ।

कार्यक्रमको राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव रामचरित्र मेहता र एसियाली किक बक्सिङ महासंघका अध्यक्ष नासिर नासिरीले संयुक्त रूपमा एक कार्यक्रमबिच उद्घाटन गरे । कार्यक्रम भने बिहीबारदेखि सुरु भइसकेको छ । कार्यक्रमलाई सम्बोधन गर्दै सदस्यसचिव मेहताले यस्ता कार्यक्रमले सहभागीको दक्षता वृद्धि गर्न ठूलो टेवा पुग्ने बताए । अध्यक्ष नासिरले नेपालमा किक बक्सिङ खेलको राम्रो माहोल रहेको बताउँदै एसियाली किक बक्सिङ महासंघ ओलम्पिक काउन्सिल अफ एसियाको मान्यता प्राप्त संस्था भएको बताए । कार्यक्रममा सात प्रदेश र ३ विभागीय टोली (नेपाल प्रहरी, नेपाल आर्मी र एपिएफ) का प्रशिक्षक, खेलाडी र निर्णायक गरी करिब २ सय सहभागी छन् ।

# फिफाले विश्वकप फाइनलको मूल्य बढायो

न्यु जर्सी, चैत १९ (एपी)- विश्व फुटबल महासंघ (फिफा) ले ४८ राष्ट्र सहभागी हुने आगामी विश्वकप फाइनलका लागि टिकट बिक्री पुनः सुरु गर्दा मूल्य बढाएको छ ।

फिफाले अमेरिका, क्यानडा र मेक्सिकोमा संयुक्त रूपमा आयोजना हुने विश्वकपको फाइनलका लागि टिकट बिक्री गर्दा प्रक्रियामा प्राविधिक समस्या (ग्लिच) ले प्रभावित भएको थियो । तीन देशमा संयुक्त आयोजना हुने विश्वकपमा ४८ राष्ट्रले प्रतिस्पर्धा गर्दै छन् । डिसेम्बरमा विश्वकपको 'ड्र' पछि टिकट बिक्री गर्दा फाइनलको अधिकतम मूल्य ८ हजार ६८० डलर तोकिएको थियो । आगामी जुलाई १९ तारिखमा मेटलाइफ स्टेडियम (इस्ट रदरफोर्ड न्यु जर्सी) मा हुने फाइनल खेलका लागि क्याटेगोरी दुईको टिकट सात हजार ३८० डलर पुगेको छ । यसअघि यसको मूल्य पाँच हजार ५७५ डलर थियो । क्याटेगोरी तीनको टिकट पाँच हजार ७८५ डलर पुगेको छ, जुन चार हजार १८५ डलरबाट बढाइएको हो ।

बुधबार साँझसम्म ७२ वटा समूहचरणका खेलमध्ये १७ खेलका टिकट मात्र उपलब्ध गराइएको थियो । नकआउट चरणका कुनै पनि खेलका टिकट सूचीमा राखिएको थिएन । अमेरिकाको ११ सहर, मेक्सिकोको तीन सहर र क्यानेडियाको दुई सहरमा आगामी विश्वकप आयोजना हुँदै छ ।





फिफा विश्वकप २०२६ को काउन्टडाउनका लागि भिक्टोरियामा राखिएको बलको आकृति (बायाँ) र फिफाका अध्यक्ष जियानी इन्फान्टिनो । *तस्बिरः एपि*

> यसअघि टिकट बिक्रीका चार चरण सम्पन्न भइसकेका छन्, यो पाँचौं चरण हो । यस चरणमा पहिलो पटक दर्शकहरूले सिटको निश्चित स्थान रोजेर टिकट किन्न पाएका छन् ।

टिकट मूल्य निर्धारणमा डाइनामिक प्राइसिङ प्रणाली प्रयोग गरिएको छ । क्यालिफोर्नियाको इन्गलवुडमा जुन १२ तारिखमा हुने उद्घाटन खेल (अमेरिका र पाराग्वे बीच) का लागि दुई हजार ७३५ डलर मूल्य तय छ । डिसेम्बरमा पनि यही मूल्य तय थियो । जुन १९ तारिखमा अमेरिकाले अस्ट्रेलियाबीच सियाटलमा र जुन २५ तारिखमा टर्कीसँग तय खेलका लागि पनि कुनै टिकट सार्वजनिक गरिएको छैन ।

जुन ११ तारिखमा मेक्सिको सिटीमा हुने मेक्सिको र साउदी अरेबियाबिच उद्घाटन खेल हुनेछ । यसको टिकट मूल्य दुई हजार ९८५ डलर पुगेको छ । यसअघि यसको मूल्य दुई हजार ३५५ डलर थियो । क्यानडाको पहिलो खेल (जुन १२, टोरन्टो) को टिकट हजार २४० डलर पुगेको छ । तर, पहिले दुई हजार १७० डलर थियो । टिकट बिक्री सुरु हुँदा धेरै प्रयोगकर्ताहरू गलत लिंकमा पठाइएका थिए, जसले गर्दा लामो समयसम्म ' क्यू' (लाइन) मा बस्नुपर्ने अवस्था सिर्जना भएको थियो । फिफाले केही समयपछि समस्या समाधान भएको जनाएको थियो ।

यसअघि टिकट बिक्रीका चार चरण सम्पन्न भइसकेका छन्, यो पाँचौं चरण हो । यस चरणमा पहिलो पटक दर्शकहरूले सिटको निश्चित स्थान रोजेर टिकट किन्न पाएका छन् । डिसेम्बरपछि टिकट मूल्य १४० डलरदेखि आठ हजार ६८० डलरसम्म राखिएको थियो । आलोचनापछि फिफाले प्रत्येक टोलीका समर्थकका लागि ६० डलरका सीमित टिकट उपलब्ध गराउने जनाएको थियो । मार्च १० तारिखमा अमेरिकी संसद्का ६९ डेमोक्रेट सांसदहरूले फिफाका अध्यक्ष जियानी इन्फान्टिनोलाई पत्र लेख्दै डाइनामिक प्राइसिङले विश्वकपलाई सबैभन्दा महँगो र पहुँचभन्दा बाहिर बनाउने चेतावनी दिएका थिए ।

साथै फिफाले आफ्नै रिसेल (पुनः बिक्री) बजार पनि सञ्चालन गर्दै आएको छ । जहाँ खरिदकर्ता र विक्रेता दुवैबाट १५ प्रतिशत शुल्क लिइन्छ । जनवरीमा इन्फान्टिनोले टिकट माग एकैपटक एक हजार वर्षका विश्वकप बराबर आएको दाबी गरेका थिए । यसबिच, बढ्दो मूल्यका कारण फ्यान समूहहरूले असन्तुष्टि जनाएका छन् । केहीले युरोपेली आयोगमा औपचारिक उजुरीसमेत दिएका छन् । बोस्निया हर्जगोभिना, कङ्गो, चेक रिपब्लिक, इराक, स्विडेन र टर्कीले प्लेअफमार्फत विश्वकपमा स्थान बनाएका छन् । इटाली, पोलान्ड, डेनमार्क, जमैका र बोलिभियाका समर्थकले पनि टिकट किनेका थिए । तर, उनीहरूका राष्ट्र भने विश्वकपमा छनोट हुन असफल भए ।




**नेपाल रिपब्लिक मिडिया**द्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल